

# राष्ट्रिय दलित आयोग

## (National Dalit Commission

कुपण्डोल, ललितपुर, नेपाल

फोन : +९७७-०१-५४३११४८, ०१-५९०९०४८, ०१-५४३३६५०

ई-मेल : info@ndc.gov.np, वेबसाईट : www.ndc.gov.np

# रणनीतिक योजना
## (२०८२-२०८७)

# राष्ट्रिय दलित आयोग

कुपण्डोल, ललितपुर, नेपाल

पौष २०८२

# रणनीतिक योजना

(२०८२-२०८७)

# राष्ट्रिय दलित आयोग

कुपण्डोल, ललितपुर, नेपाल

पौष २०८२

| | | |
|---|---|---|
| **प्रकाशक** | : | राष्ट्रिय दलित आयोग<br>कुपण्डोल, ललितपुर, नेपाल |
| **फोन नं.** | : | ०१–५४३११४८ |
| **इमेल** | : | info@ndc.gov.np |
| **वेवसाइट** | : | https://ndc.gov.np |
| **प्रकाशन मिति** | : | पौष, २०८२ |
| **सर्वाधिकार** | : | राष्ट्रिय दलित आयोग |

# आयोगको भनाइ

नेपाली समाजमा व्याप्त छुवाछूत, जातीय भेदभाव बहिस्करण, सीमान्तीकरण र किनारीकरण जस्ता कुराहरूले प्रभावित अथवा पीडित बनेका दलित समुदायको मानव अधिकार संरक्षणका लागि २०५८ सालको चैत्र ६ गते गठनादेशद्वारा राष्ट्रिय दलित आयोगको स्थापना भएको हो । स्थापनापूर्व नै दलित आन्दोलनको स्पष्ट माग थियो- अधिकार सम्पन्न दलित आयोगको स्थापना होस् । नेपालमा भएका सबै राजनीतिक तथा सामाजिक आन्दोलनको महत्वपूर्ण मुद्दाका रूपमा दलित समुदायको समस्याको विषय थियो । पहिलोपटक सार्वभौम नेपाली जनताका प्रतिनिधिहरूले निर्माण गरेको संविधानमा राष्ट्रिय दलित आयोगलाई संवैधानिक हैसियत प्राप्त भएको छ । आज पनि आयोग साधनस्रोतका हिसाबले अधिकार सम्पन्न नभएको अनुभूत गरिएको छ।

कानूनी हिसावले आयोगले अर्धन्यायिक अधिकार प्राप्त गरेको छ। व्यवहारिक हिसावले भन्दा विषय विज्ञतासहित दलितमाथि भएको अन्यायको सवाललाई छानबिन गर्न सकिरहेको छैन। आयोगलाई प्राप्त संवैधानिक तथा कानूनी दायित्व पूरा गर्न साधनस्रोतको अभाव छ। जटिल समस्या भएकाहरूलाई पनि उही उपचार, सामान्य समस्या भएकाहरूलाई पनि उही उपचार गर्ने सरकारको कार्यशैलीले दलित समस्याको समाधान गर्न कठिन छ । तथापि हामी योजनाबद्ध ढंगले काम गर्न चाहन्थ्यौं । योजनाबद्ध कामका लागि सिलसिलाबद्ध योजना चाहिन्छ । त्यही सिलसिलाबद्ध योजना नै रणनीतिक योजना हो । हामी २५ वर्षपछि दलित समुदायको समस्या समाधान भएको समुन्नत समाज बनाउने लक्ष्यका साथ ५ वटा आवधिक योजनामा घनिभूत काम गर्नुपर्दछ भन्ने मान्यता राख्छौं। पहिलो आवधिक योजनाका रूपमा (२०८२-२०८७) यो रणनीतिक योजना निर्माण गरिएको व्यहोरा सबैमा अनुरोध गर्दछौं ।

दलित समुदायको गरीबी, शिक्षाको अवस्था, आर्थिक-सामाजिक राजनीतिक अवस्था र दलित समुदायले व्यहोरेका बहुआयामिक सीमान्तीकरणको चक्रलाई यो रणनीतिक योजना मार्फत कसरी हल गर्न सकिन्छ भनेर प्रयास गरिएको छ । यो योजनामा सरकार र सरकारका अंगहरू, विकास साझेदार निकायहरू गैरसरकारी क्षेत्रलाई जोडेर सँगसँगै काम गर्न चाहन्छौं । हालसम्म दलित समुदायका लागि सरकार र विकास साझेदारहरूको तर्फबाट के कति खर्च भयो, परिणाम किन आउन

सकेन भनेर समीक्षा गरौं भन्ने आयोगको अनुरोध छ । यो रणनीतिक योजनाको मूल उद्देश्य विगतको वस्तुनिष्ठ समीक्षा, वर्तमानको सही मापन र भविष्यको सही योजना निर्माण गर्नु र सरोकारवालाहरूको एकताबद्ध र सामूहिक हस्तक्षेपको अपेक्षा गर्नु रहेको छ। यसको उत्कट अभिलाषा सभ्य र समुन्नत समाज हो जहाँ कोही कुनै बहानामा हेपिनु चेपिनु नपरोस् ।

यो रणनीतिक योजना निर्माणमा थुप्रै विज्ञ मित्रहरूको महत्वपूर्ण योगदान रहेको छ, उहाँहरू धन्यवादका पात्र हुनुहुन्छ। सामाजिक संघ संस्थाहरूको तर्फबाट पनि उल्लेखनीय योगदान रहेको छ। आयोग परिवार जसले यो योजना सार्वजनिक गर्दाका क्षणसम्म अहोरात्र खटेर योगदान दिएको छ र यो निर्माणका क्रममा प्रत्यक्ष अप्रत्यक्ष सहभागी भएर योगदान दिने सबैलाई आयोगका तर्फबाट आभार तथा कृतज्ञता प्रकट गर्दछौं ।

**देवराज विश्वकर्मा**

अध्यक्ष

# विषय सूची

**परिच्छेद १: परिचय** **७**
१.१ राष्ट्रिय दलित आयोगको परिचय र ऐतिहासिक पृष्ठभूमी ७
१.२ राष्ट्रिय दलित आयोगको काम, कर्तव्य र अधिकार सम्बन्धी संवैधानिक तथा कानूनी कार्यादेश ८
१.३ राष्ट्रिय दलितको आयोगको प्रत्यक्ष सरोकार भएका नेपालका संविधानमा मुख्य धाराहरु ११
१.४ आयोगको प्रशासनिक व्यवस्थापन १३
१.५ रणनीतिक योजनाको लागि विगतमा भएका प्रयास तथा वर्तमानमा आवश्यक्ता र औचित्य १३
१.६ रणनीतिक योजना तर्जुमाका प्रकृयाहरु १४

**परिच्छेद २: परिवेश विश्लेषण** **१६**
२.१ राष्ट्रिय परिवेश विश्लेषण १६
२.२ अन्तर्राष्ट्रिय परिवेश विश्लेषण १८
२.३ नेपालमा दलित समुदायको अवस्था र मुख्य सवालहरुको विश्लेषण २२
२.४ राष्ट्रिय दलित आयोगका सरोकारवालाहरूको विश्लेषण ३०
२.५ राष्ट्रिय दलित आयोगका सबल पक्ष, कम्जोर पक्ष, अवसर र चुनौतिहरुको विश्लेषण (SWOT Analysis) ३६

**परिच्छेद ३: दूरदृष्टि, ध्येय, लक्ष्य, उद्देश्य, मुल्य मान्यता तथा रणनीतिक मार्गहरु** **३८**
३.१ दूरदृष्टि (Vision) ३८

३.२ ध्येय (Mission) ३८
३.३ लक्ष्य (Goal) ३८
३.४ उद्देश्यहरु (Objectives) ३८
३.५ मूल्य मान्यताहरु (Values) ३९
३.६ रणनीतिक मार्गहरुरउपागमहरु (Strategic Approaches) ४१

**परिच्छेद ४: प्राथमिकता, रणनीति र मुख्य कार्यक्रमहरु ४४**

**परिच्छेद ५: संस्थागत व्यवस्था, कार्यान्वयन र अनुगमन तथा मूल्यांकन ५७**
५.१. संगठनात्मक संरचना ५७
५.२. मानव संशाधान व्यवस्थापन ५८
५.३. आर्थिक स्रोत ५९
५.४. मुख्य जोखिम र न्युनिकरणका उपायहरू ६०
५.५. अनुगमन, मूल्याङ्कन तथा प्रतिवेदन र पुनरावलोकन ६१

**अनुसूचीहरु ६३**
**अनुसूची १: कार्य योजना ६३**

# परिच्छेद १: परिचय

## १.१ राष्ट्रिय दलित आयोगको परिचय र ऐतिहासिक पृष्ठभूमि

नेपालको संविधानको भाग २७ को धारा २५५ मा राष्ट्रिय दलित आयोग सम्बन्धी व्यवस्था गरिएको छ । यस धारामा अध्यक्ष र अन्य चार जना सदस्य रहने गरी ५ सदस्यीय आयोगको स्थापना हुने व्यवस्था गरिएको छ । सम्माननीय राष्ट्रपतिले संवैधानिक परिषद्को सिफारिसमा राष्ट्रिय दलित आयोगका अध्यक्ष र सदस्यहरुको नियुक्ति हुने एवं अध्यक्ष तथा सदस्यको पदावधि नियुक्ति भएको मितिले ६ वर्षको हुने व्यवस्था रहेको छ ।

यो आयोग दलित आन्दोलनको पृष्ठभूमिमा प्राप्त भएको हो । नेपालको दलित आन्दोलन प्रजातान्त्रिक आन्दोलन जत्तिकै पुरानो छ । अर्थात ७ दशक भन्दा लामो छ । आयोगको स्थापना र विकासका सन्दर्भमा जति उपलब्धीहरु भए ती सबै सात दशक लामो आन्दोलनको जगमा प्राप्त भएको हो । खासगरी दलित आन्दोलनका अग्रजहरु स्वर्गीय मनबहादुर विश्वकर्मा तथा पद्मलाल विश्वकर्माहरुको अगुवाईमा २०५७ साल आषाढ १० गते देखि सिंहदरवार घेराउ तथा भद्रकालीमा भएको १० दिने अनसन कार्यक्रम उल्लेखनीय थियो । त्यो आन्दोलनकाक्रममा तत्कालिन प्रधानमन्त्री गीरिजाप्रसाद कोईरालाको निर्देशनमा तत्कालिन स्थानीय विकास मन्त्री सुरेश मल्लले आन्दोलनकारीहरुसँग सम्झौता गर्नुभएको थियो । उक्त आन्दोलनमा सरकारलाई प्रस्तुत गरिएको १८ बुँदे मागको बुँदा नं. २ मा राष्ट्रिय दलित समस्या समाधान आयोग गठन हुनुपर्छ भनिएको थियो ।

यसै पृष्ठभूमिमा २०५८ साल श्रावण ३२ गते माओवादी शसस्त्र संघर्ष उत्कर्षमा पुगेको बेला तत्कालिन प्रधानमन्त्री शेरबहादुर देउवाले घोषणा गरेको १० बुँदे कार्यक्रममा लैङ्गिक सवाललाई सम्बोधन गर्न राष्ट्रिय महिला आयोग तथा दलित समस्या सम्बोधन गर्न राष्ट्रिय दलित आयोग गठन गर्ने कुरा समेटिएको देखिन्छ । त्यसको ८ महिना पछि २०५८ चैत्र ६ गते राष्ट्रिय दलित आयोग स्थापनाको औपचारिक घोषणा भएको थियो ।

त्यसयता कार्यकारी आदेशमा निर्भर रहँदै आएको दलित आयोगलाई वि.सं. २०७२ को नेपालको संविधानले संवैधानिक आयोगको हैसियत दिएको हो । आयोगलाई संवैधानिक बनाएपछि २०७७ मा हालका पदाधिकारीहरुको नियुक्ति

संबैधानिक परिषद्बाट भएको हो । संवैधानिक हैसियत प्राप्त नगर्दासम्म आयोगलाई राजनैतिक भर्तिकेन्द्रको रुपमा उपयोग गरिएको आरोप लाग्ने गरेको थियो । उदाहरणको लागि कुनै समय आयोगमा १६ जना कर्मचारी हुँदा १७ जना आयुक्तहरु नियुक्त गरिएको पाईन्छ । विभिन्न उतारचढावका बीचबाट गुज्रेको राष्ट्रिय दलित आयोगले आफ्नो स्थापनाको २४ पुग्दैछ ।

## १.२ राष्ट्रिय दलित आयोगको काम, कर्तव्य र अधिकार सम्बन्धी संवैधानिक तथा कानूनी कार्यादेश

### १.२.१ नेपालको संविधान

नेपालको संविधानको धारा २५६ बमोजिम राष्ट्रिय दलित आयोगको काम, कर्तव्य र अधिकारहरु यस प्रकार रहेका छनः-

(क) दलित समुदायको समग्र स्थितिको अध्ययन तथा अन्वेषण गरी तत्सम्बन्धमा गर्नु पर्ने नीतिगत, कानूनी र संस्थागत सुधारका विषय पहिचान गरी नेपाल सरकारलाई सिफारिस गर्ने,

(ख) जातीय छुवाछूत, उत्पीडन र विभेदको अन्त्य गरी दलित उत्थान र विकासका लागि दलित हितसँग सरोकार राख्ने राष्ट्रिय नीति तथा कार्यक्रमको तर्जुमा गरी कार्यान्वयनका लागि नेपाल सरकार समक्ष पेश गर्ने,

(ग) दलित समुदायको उत्थान तथा हितमा भएका विशेष व्यवस्था लगायत दलित हितसँग सम्बन्धित कानूनको प्रभावकारी रूपमा पालना भए वा नभएको विषयमा अनुगमन गरी पालना वा कार्यान्वयन नभएको भए सोको पालना वा कार्यान्वयनका लागि नेपाल सरकार समक्ष सुझाव दिने,

(घ) दलित समुदायको अधिकारसँग सम्बन्धित नेपाल पक्ष भएको अन्तर्राष्ट्रिय सन्धि वा सम्झौतामा भएको व्यवस्था बमोजिम नेपालले पठाउनु पर्ने प्रतिवेदन तयारीका सम्बन्धमा नेपाल सरकारलाई सुझाव दिने,

(ङ) दलित समुदायलाई राष्ट्रिय विकासको मूल प्रवाहमा समाहित गर्न तथा राज्यका सबै अंगहरूमा समानुपातिक सहभागिता सुनिश्चित गर्न मौजूदा नीति तथा कार्यक्रमको समीक्षा, अनुगमन तथा मूल्यांकन गर्ने र सोको प्रभावकारी कार्यान्वयनका लागि नेपाल सरकारलाई सिफारिस गर्ने,

(च) जातीय भेदभाव तथा छुवाछूत वा सामाजिक कुरीतिबाट पीडित भएको वा दलितको हक प्रयोग गर्न नदिएको वा वञ्चित गरेको विषयमा कुनै व्यक्ति वा संस्था विरुद्ध मुद्दा दायर गर्नु पर्ने आवश्यकता देखिएमा कानून बमोजिम अदालतमा मुद्दा दायर गर्न सम्बन्धित निकाय समक्ष सिफारिस गर्ने ।

संविधानको धारा २५७ मा राष्ट्रिय दलित आयोगले आवश्यकता अनुसार प्रदेशमा आफ्नो कार्यालय स्थापना गर्न सक्ने प्रावधान समेत राखिएको छ ।

## १.२.२ राष्ट्रिय दलित आयोग ऐन, २०७४

आयोगका काम, कर्तव्य, अधिकारलाई थप निर्दिष्ट गर्न र आयोगको प्रभावकारी सन्चालनका लागि राष्ट्रिय दलित आयोग ऐन, २०७४ बनेको छ । संविधानमा निर्दिष्ट काम कर्तव्य र अधिकारको अतिरिक्त ऐनले राय परामर्श लिनसक्ने, विशेषज्ञ सेवा लिनसक्ने, समिति तथा कार्यदल गठन गर्नसक्ने तथा सरकारी तथा गैरसरकारी संस्थाहरुसँग समन्वय सहकार्य गर्नसक्ने व्यवस्थाहरु राखेको छ । साथै ऐनमा दलित विरुद्ध हुने घटनाका सम्बन्धमा उजूरी लिने, छानबिन गर्ने, मुद्दा दायर गर्न सिफारिस गर्ने, सिफारिस कार्यान्वयन गर्न लेखि पठाउने व्यवस्थाहरु समेत समेटिएका छन् ।

राष्ट्रिय दलित आयोग ऐन, २०७४ को दफा ३ मा उल्लेखित आयोगको काम, कर्तव्य र अधिकार निम्नानुसार छन्:-

- दलित समुदायसँग सम्बन्धित नीति तथा कार्यक्रमको समीक्षा, अनुगमन र मूल्यांकन गर्ने,
- दलित समुदायको हक, हितको संरक्षण र सम्वर्द्दन तथा सो समुदायको सशक्तीकरणका लागि दलितसँग सम्बन्धित प्रचलित कानूनी व्यवस्थाको अध्ययन, अनुसन्धान गरी त्यस्ता कानूनमा गर्नु पर्ने सुधारका सम्बन्धमा नेपाल सरकारलाई सिफारीस गर्ने,
- दलित समुदायको हक हितको संरक्षण र संवर्द्धन तथा सो समुदायको सशक्तीकरणका सम्बन्धमा नेपाल सरकारलाई सिफारिस गर्ने,
- कुनै जात, जाति वा उत्पत्तिमा व्यक्ति वा समुदायको उच निच दर्शाउने, जात, जातिको आधारमा सामाजिक विभेद न्यायोचित ठहराउने वा जातीय

सर्वोच्चता वा घृणामा आधारित विचार, व्यवहार, अभ्यास वा जातीय भेदभाव, छुवाछूत वा सामाजिक कुरीति विरुद्ध सामाजिक सचेतना अभिवृद्धि गर्ने र त्यस्तो कार्यका लागि प्रचार प्रसार सामग्री तयार गरी वितरण गर्ने,

- दलित समुदायको हक हितको संरक्षण र संवर्द्धन तथा त्यस्तो समुदायको सशक्तीकरणको लागि आवश्यक सूचना, जानकारी एवं चेतनामूलक कार्यक्रम तर्जुमा गरी कार्यान्वयन गर्ने,
- दलित समुदायको सम्बन्धमा नेपाल पक्ष भएको अन्तर्राष्ट्रिय सन्धि-सम्झौता कार्यान्वयन भए नभएको अनुगमन गरी नेपाल सरकारलाई कार्यान्वयनको लागि आवश्यक सिफारिस गर्ने वा सुझाव दिने,
- दलित समुदायको पहिचानका सम्बन्धमा विस्तृत अध्ययन र अनुसन्धान गरी थर सूचीकृत गर्न नेपाल सरकारलाई सिफारिस गर्ने,
- दलित समुदायको हक हितको संरक्षण, संवर्द्धन र सशक्तीकरणका लागि नेपाल सरकार र अन्य संघ संस्थाहरुले सञ्चालन गर्ने चेतनामूलक कार्यक्रमहरुको समीक्षा, अनुगमन तथा मूल्यांकन गर्ने,
- आयोगले गरेको सिफारिसको कार्यान्वयनको अवस्थाको अनुगमन गर्ने, गराउने,
- अध्यक्ष, सदस्य तथा आयोगका कर्मचारीको लागि आचारसंहिता बनाई लागू गर्ने वा गराउने,
- आयोगको वार्षिक कार्यक्रम स्वीकृत गर्ने ।
- त्यसैगरी ऐनले आयोगका बैठक सञ्चालन कार्यविधि लगायत आयोगका अन्य कामकारबाही सञ्चालन सम्बन्धि विविध व्यवस्थाहरु गरेको छ ।

### १.२.३ अन्य निर्देशिका र कार्यविधिहरु

आयोग सञ्चालन र व्यवस्थापनको लागि आवश्यकता अनुसार अन्य निर्देशिका, मापदण्ड र कार्यविधिहरु तयार गरिएका छन् । आयोगको आन्तरिक सुशासनलाई कायम राख्दै आयोगका कामलाई पारदर्शी, उत्तरदायी र प्रभावकारी बनाउनका लागि "राष्ट्रिय दलित आयोगको आन्तरिक व्यवस्थापन निर्देशिका २०७८" बनाई लागू गरिएको छ । त्यसैगरी "राष्ट्रिय दलित आयोग आचारसंहिता २०७८" पनि कार्यान्वयनमा ल्याइएको छ । राष्ट्रिय दलित आयोगको बैठक सञ्चालन सम्बन्धि कार्यविधि २०७८" पनि लागू

गरिएको छ। आयोगमा प्राप्त हुने उजुरी प्रकृया र कार्वाहीलाई व्यवस्थित गर्न "राष्ट्रिय दलित आयोग उजूरी व्यवस्थापन निर्देशिका २०७८ छ। दलित समुदायको अवस्था अनुगमन गर्नका लागि "राष्ट्रिय दलित आयोग अनुगमन निर्देशिका २०७८" निर्माण गरिएको छ। आयोगले विज्ञ विशेषज्ञ सूचिकरण (रोष्टर) सम्बन्धि मापदण्ड २०७८" अनुसार विज्ञ/विशेषज्ञको सूचिकरण गर्ने कार्य पनि गरिरहेको छ। आयोगले दलित समुदायको "थर सूचीकरण सम्बन्धी मापदण्ड २०७८" बनाई लागू गरेको छ।

## १.३ राष्ट्रिय दलितको आयोगको प्रत्यक्ष सरोकार भएका नेपालका संविधानमा मुख्य धाराहरु

नेपालको संविधानको प्रस्तावनामा सबै प्रकारको जातीय छुवाछूतको अन्त्य गरी आर्थिक समानता, समृद्धि र सामाजिक न्याय सुनिश्चित गर्न समानुपातिक समावेशी सिद्धान्तका आधारमा समतामूलक समाजको निर्माण गर्ने संकल्प गरिएको छ। त्यसैगरी  संविधानमा समाजवादी अर्थव्यवस्था मार्फत समृद्ध राष्ट्र निर्माण गर्ने संकल्प पनि गरिएको छ।

संविधानको भाग-३ अर्न्तगत मौलिक हक अर्न्तगत धारा १६ मा सम्मानपूर्वक बाच्न पाउने हक छ। धारा १८ ले अविभेद र समानताको हक प्रत्याभूत गरेको छ । त्यसैगरी मौलिक हक अन्तर्गत प्रत्याभूत सामाजिक न्याय, सामाजिक सुरक्षा लगायतका आर्थिक सामाजिक हक पनि दलित समुदायको हकमा विशेष महत्वपूर्ण छन्। राज्यका निर्देशक सिद्धान्त तथा नीति अन्तर्गतका प्रबन्धहरु पनि मौलिक हकका प्रत्याभूतिलाई व्यवहारमा उतार्ने सन्दर्भमा महत्वपूर्ण छन्।

मौलिक हक अन्तर्गत धारा २४ र धारा ४० दलित समुदाका लागि विशेष महत्वका छन्। धारा २४ मा छुवाछूत तथा भेदभाव विरुद्धको हकको व्यवस्था रहेको छ जसमा निम्न हकहरु प्रत्याभूत गरिएका छन् :

(१) कुनै पनि व्यक्तिलाई निजको उत्पत्ति, जात, जाति, समुदाय, पेशा, व्यवसाय वा शारीरिक अवस्थाको आधारमा कुनै पनि निजी तथा सार्वजनिक स्थानमा कुनै प्रकारको छुवाछूत वा भेदभाव गरिने छैन।

(२) कुनै वस्तु, सेवा वा सुविधा उत्पादन वा वितरण गर्दा त्यस्तो वस्तु, सेवा वा सुविधा कुनै खास जात वा जातिको व्यक्तिलाई खरीद वा प्राप्त गर्नबाट रोक लगाइने वा त्यस्तो वस्तु, सेवा वा सुविधा कुनै खास जात वा जातिको व्यक्तिलाई मात्र बिक्री वितरण वा प्रदान गरिने छैन।

(३) उत्पत्ति, जात, जाति वा शारीरिक अवस्थाको आधारमा कुनै व्यक्ति वा समुदायलाई उच्च वा नीच दर्शाउने, जात, जाति वा छुवाछूतको आधारमा सामाजिक भेदभावलाई न्यायोचित ठान्ने वा छुवाछूत तथा जातीय उच्चता वा घृणामा आधारित विचारको प्रचार प्रसार गर्न वा जातीय विभेदलाई कुनै पनि किसिमले प्रोत्साहन गर्न पाइने छैन ।

(४) जातीय आधारमा छुवाछूत गरी वा नगरी कार्यस्थलमा कुनै प्रकारको भेदभाव गर्न पाइने छैन ।

(५) यस धाराको प्रतिकूल हुने गरी भएका सबै प्रकारका छुवाछूत तथा भेदभावजन्य कार्य गम्भीर सामाजिक अपराधका रूपमा कानून बमोजिम दण्डनीय हुनेछन् र त्यस्तो कार्यबाट पीडित व्यक्तिलाई कानून बमोजिम क्षतिपूर्ति पाउने हक हुनेछ ।

संविधानको धारा ४० मा दलितको हक सम्बन्धी विशेष व्यवस्था रहेको छ । जसअन्तर्गत निम्न व्यवस्थाहरु रहेका छन्ः-

१) राज्यका सबै निकायमा दलितलाई समानुपातिक समावेशी सिद्धान्तको आधारमा सहभागी हुने हक हुनेछ । सार्वजनिक सेवा लगायतका रोजगारीका अन्य क्षेत्रमा दलित समुदायको सशक्तीकरण, प्रतिनिधित्व र सहभागिताका लागि कानून बमोजिम विशेष व्यवस्था गरिनेछ ।

(२) दलित विद्यार्थीलाई प्राथमिकदेखि उच्च शिक्षासम्म कानून बमोजिम छात्रवृत्ति सहित निःशुल्क शिक्षाको व्यवस्था गरिनेछ । प्राविधिक र व्यावसायिक उच्च शिक्षामा दलितका लागि कानून बमोजिम विशेष व्यवस्था गरिनेछ ।

(३) दलित समुदायलाई स्वास्थ्य र सामाजिक सुरक्षा प्रदान गर्न कानून बमोजिम विशेष व्यवस्था गरिनेछ ।

(४) दलित समुदायलाई आफ्नो परम्परागत पेशा, ज्ञान, सीप र प्रविधिको प्रयोग, संरक्षण र विकास गर्ने हक हुनेछ । राज्यले दलित समुदायका परम्परागत पेशासँग सम्बन्धित आधुनिक व्यवसायमा उनीहरूलाई प्राथमिकता दिई त्यसका लागि आवश्यक पर्ने सीप र स्रोत उपलब्ध गराउनेछ ।

(५) राज्यले भूमिहीन दलितलाई कानून बमोजिम एकपटक जमीन उपलब्ध गराउनु पर्नेछ ।

(६) राज्यले आवासविहीन दलितलाई कानून बमोजिम बसोबासको व्यवस्था गर्नेछ ।

(७) दलित समुदायलाई यस धाराद्वारा प्रदत्त सुविधा दलित महिला, पुरुष र सबै समुदायमा रहेका दलितले समानुपातिक रूपमा प्राप्त गर्ने गरी न्यायोचित वितरण गर्नु पर्नेछ ।

यो रणनीतिक योजनाका कार्यदिशाहरु माथि उल्लेख गरिएका संविधान र कानूनले दलितका लागि व्यवस्था गरेका अधिकारहरुको कार्यान्वयन, त्यसको अनुगमन र सुझाव किन र कसरी दिने भन्ने कुरामा केन्द्रित गरी तयार गरिएको छ ।

## १.४ आयोगको प्रशासनिक व्यवस्थापन

राष्ट्रिय दलित आयोग संवैधानिक निकाय भएता पनि यसको धेरै काम कार्वाहीहरु संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयसँग सम्बन्धित छन् । आयोगको नीतिगत तथा आर्थिक मामिलाहरु पनि यही मन्त्रालय भएर मन्त्रिपरिषद् तथा अर्थ मन्त्रालयमा पुग्छ । आयोगमा आवश्यक कर्मचारीहरुको व्यवस्थापन सामान्य प्रसासन मन्त्रालयबाट हुने गरेको छ । आयोगको प्रभावकारीता र गरिमाका लागि प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय हुनुपर्ने माग हुँदै आएको छ । तथापि हालसम्म नेपाल सरकारसँग आयोगको सम्पर्क यही मन्त्रालय मार्फत हुन्छ ।

## १.५ रणनीतिक योजनाको लागि विगतमा भएका प्रयास तथा वर्तमानमा आवश्यकता र औचित्य

राष्ट्रिय दलित आयोगलाई वि.सं. २०७२ सालको संविधानले संवैधानिक आयोग बनाएता पनि त्यो भन्दा अगावै वि.सं. २०५८ साल देखि अविच्छिन्न रुपमा कार्यरत रहँदै आएको छ । वि.सं. २०७२ अघि मन्त्रिपरिषद्को गठन आदेश मार्फत नियुक्त भएका पदाधिकारीहरुले आफ्नो कार्यादेश मार्फत काम गरेको पाईन्छ । तर त्यति वेला आयोगको कार्यकाल दुई वर्षको मात्रै रहने भएकोले दूरगामी प्रभाव पर्ने गरि काम गर्ने वातावरण नहुने भएको हुँदा धेरै पदाधिकारीहरुले यसलाई प्राथमिकता नदिएको जस्तो पनि देखिन्छ ।

आयोग संवैधानिक भएपछि दलित गैरसरकारी संस्था महासंघको सहयोगमा डा. निर्मल विश्वकर्माद्वारा एउटा मस्यौदा रणनीति तयार भएको थियो । त्यतिबेला पदाधिकारीहरु नियुक्त नभई सकेको र सचिवको नेतृत्वमा मात्रै आयोग क्रियाशील भएका हुँदा सो रणनीति पनि परिमार्जित भई लागु भएको देखिदैन । सो हिसावले हेर्दा यो रणनीति नै राष्ट्रिय दलित आयोगको पहिलो औपचारिक रणनीति भएको हुनेछ ।

आयोगले दूरगामी हिसावले कार्य सम्पादन गर्नुपर्ने भएको हुँदा पनि यसको आवश्यकता र औचित्य पुष्टि हुन्छ । यसका अतिरिक्त यसका समकक्ष अन्य आयोगहरुले पनि कुनै न कुनै हिसावले रणनीति तयार गरी लागु गरिसकेको अवस्थामा दलित आयोगले पनि आ˜नो रणनीतिक दिशा स्पष्ट पार्नु आवश्यक थियो । अतः यो रणनीति समय सान्दर्भिक तथा दूरगामी महत्वको रहेको छ ।

## १.६ रणनीतिक योजना तर्जुमाका प्रकृयाहरु

यो रणनीतिक योजना विभिन्न चरणहरुमा छलफल तथा परामर्श गरी तयार गरिएको हो । दलित आयोगले नेपाल सरकारका पूर्व सचिव डा. मान विकेको संयोजनमा रणनीतिको प्रारम्भिक खाका तयार गरेको थियो । सो खाकालाई दलित महिला संघ (FEDO) को सहकार्यमा ललितपुरको गोदावरीमा भएको दुई दिने परामर्श गोष्ठीमा व्यापक छलफल गराई  विभिन्न समूह कार्यहरु मार्फत धेरै जानकारी र रणनीतिक प्राथमिकताका क्षेत्रहरुमा सुझावहरु प्राप्त भएको थियो । सुशील वि.के., विनिता नेपाली, शैलेन्द्र अम्वेडकर, कृष्ण गहतराज र भरत नेपालीसहित सो छलफलमा दलित आन्दोलनका प्रवुद्ध व्यक्तिहरु तथा दलित आयोगका पदाधिकारी सहित कर्मचारीहरुको समेत उपस्थिति थियो । उक्त छलफलले रणनीतिक क्षेत्र तथा त्यसका सवालहरु पहिल्याएको भएता पनि रणनीतिलाई पूर्णआकार दिईएको थिएन ।

रणनीतिक योजनाको मस्यौदा तयारीका लागि दलित महिला केन्द्रसँग सहकार्य गरिएको थियो । उक्त सहकार्यमार्फत दलित आयोगका विज्ञ हिरा विश्वकर्माले पहिलो तयार गरी सो मस्यौदा उपर अर्को दुई दिने गोष्ठी भक्तपुरको घ्याम्पे डाँडामा पुनः दलित आन्दोलनका अगुवा तथा प्रवुद्ध व्यक्तिहरुको उपस्थितिमा वृहत् परामर्श तथा छलफल गरिएको थियो । उक्त छलफलबाट प्राप्त सुझावहरुका आधारमा पहिलो मस्यौदालाई थप परिमार्जन गरिएको थियो । परिमार्जित मस्यौदामा आयोगका पदाधिकारीले समीक्षा गरी आवश्यक पुनः

परिमार्जन गरिसकेपछि काभ्रेपलान्चोकको धुलिखेलमा अर्को एक र आधा दिने गोष्ठी आयोजना गरी वृहत छलफल गरी यसलाई अन्तिम रुप दिईएको छ । अन्तिम रुप दिने र सम्पादन गर्ने क्रममा दलित समुदायका अर्का विज्ञ मोहन सिं सुनारको पनि सहयोग लिईएको छ ।

यसरी यो रणनीतिलाई दलित आन्दोलनका सरोकारवाला, अग्रज तथा प्रवुद्ध व्यक्तिहरुको सहभागिता तथा छलफल र आयोगका पदाधिकारी तथा कर्मचारीहरुको प्रत्यक्ष संलग्नतामा तयार गरिएको हुँदा सबैले अपनत्व लिई कार्यान्वयनमा जाने देखिन्छ ।

# परिच्छेद २: परिवेश विश्लेषण

## २.१ राष्ट्रिय परिवेश विश्लेषण

नेपालको शासन व्यवस्था वहुदलीय प्रतिस्पर्धामा आधारित संघीय लोकतान्त्रिक गणतन्त्र रहेको छ । लोकतन्त्र शासन पद्धतिको मूल खम्वा भएको हुँदा आवधिक निर्वाचन, लेख्ने र बोल्ने तथा संगठित हुन पाउने संवैधानिक व्यवस्था रहेको छ । निर्वाचन प्रणाली मिश्रित भएको हुँदा संघीय प्रतिनिधि सभा र सातै प्रदेशका प्रदेश सभाहरुमा ४० प्रतिशत समानुपातिक प्रतिनिधित्व तथा ६० प्रतिशत प्रत्यक्ष निर्वाचनमा प्रथम हुने प्रणालीबाट चुनिने व्यवस्था रहेको छ । समानुपातिक प्रणालीमा सबै दलले उम्मेद्वार उठाउँदा क्लस्टर गरिएका समुदायलाई उनीहरुको जनसंख्याको अनुपातमा उम्मेद्वारीको बन्द सूची बनाउनुपर्ने अनिवार्यता छ ।

वि.सं. २०७९ को निर्वाचन मार्फत गठित संघीय संसदमा दलितहरुको उपस्थिति करिव ६ प्रतिशत थियो भने प्रदेशमा पनि सोहि अनुपातमा रहेको छ । दलित समुदायका सवालहरु सोचे अनुरुप संसदको छलफलको विषय हुन नसकिरहेका अवस्था भएता पनि दलित समुदायबाट निर्वाचित सांसदहरुले आफ्ना कुराहरु संसदमा राख्ने अवसर पाएका छन् । संसदले कानून बनाउने हुँदा दलित समुदायका सांसद तथा संसदसँग आयोगले पनि सहकार्य गर्नुपर्ने देखिन्छ । त्यति मात्र नभई दलित आयोगले बुझाउने वार्षिक प्रतिवेदन राष्ट्रपति हुँदै संसद पुग्ने हुँदा ससदसँग दलित आयोगको अन्योन्याश्रित सम्बन्ध रहेको देखिन्छ ।

समानुपातिक प्रतिनिधित्व प्रणालीबाट व्यवस्थापिकाहरुमा सहभागिता भएता पनि दलितको उपस्थिति संघ तथा प्रदेश सरकारहरुमा समानुपातिकरुपमा हुन सकेको देखिदैन । विभिन्न पटक गठन तथा पुनःगठन भएका संघीय तथा प्रदेश सरकार हरुमा दलित सहभागिता छिटफुटमा मात्र सीमित रहेको पाइन्छ ।

अहिले ७५३ वटा स्थानीय तहहरुमा निर्वाचित सरकारहरु क्रियाशील छन् । त्यसैगरी ६ हजार ७ सय ४३ वडामा वडाध्यक्ष सहित ५ जनाको वडा समिति रहने व्यवस्था रहेको छ । वडा समितिहरुमा दुईजना महिला सदस्य अनिवार्य गरिएको छ र त्यसमध्ये एक वडा सदस्यमा दलित महिलाहरु बीच मात्र प्रतिस्पर्धा हुने व्यवस्था छ । यो सकारात्मक प्रावधानले गर्दा हाल देशभरमा ६६२० वडाहरुमा दलित महिलाहरु जनप्रतिनिधिको रुपमा क्रियायाशील रहेका छन् । तर १२३

वडाहरुमा दलित महिला प्रतिनिधि रिक्त रहेको देखिएको छ । स्थानीय तहका कार्यपालिकाहरुमा पनि सदस्यको रुपमा महिला तथा दलित वा अल्पसंख्यक समुदायबाट प्रतिनिधित्व हुनुपर्ने व्यवस्था रहेकोछ । यो हिसावले अहिले देशभर अधिकतम कार्यपालिकाहरुमा दलित समुदायका कार्यपालिका सदस्यहरुले पनि प्रतिनिधित्व गर्नसकिरहेका छन् ।

स्थानीय सरकारका दलित समुदायको उपस्थिति बढे पनि नेतृत्व गर्ने मेयर, अध्यक्ष, उपमेयर, उपाध्यक्ष तथा वडाध्यक्ष जस्ता पदहरुमा दलितहरुको उपस्थिति न्यून छ । गत वि.सं. २०७९ को निर्वाचनमा ९ वटा स्थानीय तहमा मात्र दलित समुदायबाट प्रमुख पदमा (अध्यक्ष वा नगर प्रमुख) निर्वाचित हुन सकेका थिए । त्यसै गरी उपाध्यक्ष वा उप्रमुखको रुपमा निर्वाचित हुने दलित जनप्रतिनिधि जम्मा १६ जना मात्र थिए । यी सबै राजनीतिक प्रतिनिधित्वको व्यवस्था र अवस्थाले दलितहरुका लागि चुनौती र अवसर दुवै श्रृजना भएको छ ।

यसै बीच अधिकांश दलितको तर्फवाट भएका जनप्रतिनिधिहरुले जनभावना अनुरुप काम गर्न अवसर नपाउने गरेको वा अवसर उपयोग गर्न नसकेको भन्ने गुनासो समेत रहेको देखिन्छ। तर दलित समुदायबाट निर्वाचित जनप्रतिनिधिहरुले प्रभावकारी काम गर्न सकेको खण्डमा दलित समुदाय प्रत्यक्ष लाभान्वित हुने अवस्था पनि रहेको छ । संविधानको धारा २४ र धारा ४० को कार्यान्वयन गराउन सके स्थानीय तहमा रहेका दलितहरुले ठूलो लाभ लिन सक्ने अवस्था छ। यस सन्दर्भमा आयोगले पनि उनीहरुसँग सहकार्य गर्नुपर्ने अवस्था देखिन्छ। त्यसैगरी पालिकाहरुको विभिन्न महासंघहरु पनि भएको हुँदा उनीहरुसँग पनि आयोगले सहकार्य गर्नुपर्ने देखिन्छ।

२०४६ सालको जनआन्दोलन पछि खुला भएको नेपाली समाजमा मानव अधिकारको अभिवृद्धि तथा प्रवर्द्धन दुबै भएको छ । अहिले दलितको हकहित संरक्षण र प्रवर्द्धन गर्नको लागि संवैधानिक अधिकारको प्रत्याभूति, मानव अधिकार रक्षाका लागि स्वयम् राष्ट्रिय दलित आयोग, राष्ट्रिय मानव अधिकार आयोग र संवैधानिक आयोगहरु पनि कृयाशील छन । गैरसरकारी क्षेत्रमा पनि दलित अधिकारमा काम गर्ने थुप्रै संघसंस्थाहरु रहेका छन् । तथापि, जातीय छुवाछूत र भेदभावको उन्मूलन गर्ने कार्य दलित आयोगसँग ठूलो चुनौतीको रुपमा रहेको छ । अन्तरजातीय विवाहको प्रसंगमा भएका हत्या हिंसाका घटनाहरु थप चिन्ताको विषय भएका छन् ।

सन १९९० देखि प्रविधिको क्षेत्रमा धेरै ठूलो विकास भईरहेको छ। अहिले त्यसको उत्कर्ष रहेको छ। पहिले सञ्चार सम्पर्क गर्ने माध्यम भनेको टेलिफोन र यो सँग सम्वन्धित फ्याक्स, टेलिग्राम जस्ता केही अन्य प्रविधिहरु मात्रै थिए। तर अहिले संचार जगतमा पहिलेको पुस्ताले कल्पना पनि नगरेको प्रविधि विकास मात्रै नभई त्यो सर्वसुलभ पनि भई सकेको छ। सूचनाको श्रोत धेरै लामो समयसम्म पत्र-पत्रिका, रेडियो र त्यसपछि टेलिभिजन थियो, तर अहिले सामाजिक संजाल भएको छ। इन्टरनेटको उपलब्धताको कारणले गर्दा छिनभरमै कुनै घटनाको समाचार संसारभर पुग्ने गरेको छ। यी सबै माध्यमका आ-आफ्नै समस्या तथा चुनौतिहरु रहेका छन्। तर यी प्रविधि र यसको माध्यमहरुलाई आत्मसात नगरीकन कुनै पनि व्यक्तिको जीवन नचल्ने भई सकेकोछ। त्यसकारण दलित आयोगले पनि सूचना, सञ्चार र डिजिटल प्रविधिको उचित प्रयोग र आत्मसात गर्न जरुरी देखिन्छ।

## २.२ अन्तर्राष्ट्रिय परिवेश विश्लेषण

दलित समस्या भारत, नेपाल, बंगलादेश, पाकिस्तान, श्रीलंका लगायतका दक्षिण एशियाका मुलुकहरुमा केन्द्रित भएको मानिएता पनि दलित जस्तै काम र वंशका आधारमा गरिने भेदभाव र असमानता विश्वका अन्य मुलुकहरु जस्तैः जापान, मलेशिया, यमन, आदिमा पनि विद्यमान रहेको पाइन्छ। हाल दिनहरुमा दलित अधिकार अन्तर्राष्ट्रिय सवाल पनि भइसकेको छ। दलित अधिकारका सवालहरुलाई अन्तर्राष्ट्रिय जगतमा फैलाउन तथा पैरवी गर्नको लागि विभिन्न संगठनहरु पनि क्रियाशील रहेका छन्। एशिया दलित राईटस फोरम, इन्टरनेशनल दलित सोलिडारिटी नेटवर्क तथा इन्टरनेशनल कमिशन फर दलित राईट्स जस्ता संस्थाहरुले विश्वव्यापी रुपमा, संयूक्त राष्ट्रसंघ, युरोपेली संघ तथा संयुक्त राज्य अमेरिका लगायतमा बहुपक्षीय तथा द्वीपक्षीय निकायहरुसँग पनि पैरवी गरेको देखिन्छ।

अन्तर्राष्ट्रिय सन्धि महासन्धिहरुले समेत दलित समुदायको मानव अधिकारलाई सुनिश्चित गरेका छन। संयुक्त राष्ट्रसंघमा मानवअधिकार स्थितिको विश्वव्यापी आवधिक समिक्षा (यूपिआर) तथा सबै प्रकारका जातीय विभेद उन्मूलन सम्बन्धि महासन्धि (सर्ड) समिति अन्तर्गत दलितको अधिकारको बारेमा छलफल हुने गरेको छ। अन्तर्राष्ट्रिय सन्धि महासन्धिहरुको प्रभावकारी र जवाफदेही कार्यान्वयन, प्रतिवेदन र तथा समीक्षाका लागि राष्ट्रिय दलित आयोगले विभिन्न बहुपक्षीय तथा द्वीपक्षीय निकायहरुसँग सहकार्य गर्नुपर्ने आवश्यकता रहेको सन्दर्भमा सर्ड र यूपिआरमा यहाँ थप चर्चा गरिएको छ।

## २.२.१. सबै प्रकारका जातीय विभेद उन्मूलन सम्बन्धि महासन्धि

दक्षिण अफ्रिका लगायतका देशमा सदियौं देखि विद्यमान रहेको रंगभेदको नीतिले बहुसंख्यक काला जातिहरु प्रताडित भएको विभेदलाई मध्येनजर गर्दै संयुक्त राष्ट्रसंघले सबै प्रकारका जातीय विभेद उन्मूलन सम्बन्धि महासन्धि (सर्ड) सन् १९६५ मा ग्रहण गरेको हो । नेपालले यसलाई सन् १९६९ मा हस्ताक्षर गर्दै सन् १९७१ देखि पक्ष राष्ट्र बनेको हो । बहुदलीय व्यवस्थाको पुनःस्थापना नहुँदासम्म यो सन्धीको बारेमा दलितहरुलाई खासै जानकारी थिएन । स्वर्गीय मन बहादुर विश्वकर्माले सन् १९९४ मा तत्कालिन प्रधानमन्त्री गिरिजाप्रसाद कोईरालालाई यो सन्धीको बारेमा राष्ट्रिय सभामा प्रश्न राखेका थिए । त्यसपछि दलितहरुको चासो मात्रै बढेन यसको जेनेभा स्थित समितिलाई प्रतिवेदन पठाउने प्रकृया सुरु भयो । सन् १९९५ मा दलित सेवा संघ तथा दलित महिला संघको संयुक्त तत्वावधानमा पहिलो पटक गैरसरकारी संस्थाहरुको तर्फवाट छायाँ प्रतिवेदन समेत पठाईएको थियो । त्यसपछि दलित आयोगकै पहलमा सन् १९९९ मा पनि प्रतिवेदन पठाईएको थियो । पछिल्लो प्रतिवेदन सन् २०२२ मा पठाईएको हो । नेपाल सन्धीमा हस्ताक्षर गर्ने राष्ट्र भएको हुँदा यसको समितिलाई पठाउनु पर्ने नियमित प्रतिवेदन त पठाउनु पर्छ नै दलित आयोगले यसको प्रावधानहरुको कार्यान्वयनको स्थितिको अनुगमन र मूल्यांकन गर्दै सरकारलाई आवश्यक सिफारिस तथा अनुकूल भएको अवस्थामा स्वीट्जरल्याण्डको जेनेभामा हुने सुनुवाई तथा छलफलमा भाग समेत लिने गरेको छ । संयुक्त राष्ट्रसंघको नौं ठूला महासन्धि मध्ये एक यो सन्धिको कार्यान्वयनका लागि दलित आयोगको अभिभावकीय भूमिका अपेक्षित हुन्छ । त्यस्तै नेपाल सरकारलाई जवाफदेही बनाउनु पनि उत्तिकै जरुरी छ । किनभने नियमितरुपमा सर्ड प्रतिवेदन पठाउने कार्य विगतमा भएको देखिदैन ।

## २.२.२ विश्वव्यापी आवधिक समिक्षा (यूपिआर)

विश्वव्यापी आवधिक समिक्षा (यूपिआर) मानव अधिकारको क्षेत्रमा संयुक्त राष्ट्रसंघको पछिल्लो पहल हो । मानव अधिकारको समग्र कुरालाई एउटै विधामा समेट्नु युपिआरको विशेषता हो । मानव अधिकार परिषद्ले सन् २००६ मा यसलाई ग्रहण गरेको र सन् २००८ देखि यसको अभ्यास सुरु भएको हो । यसमा १९३ राष्ट्रहरु आवद्ध रहेका छन् भने यसमा सबै राष्ट्रहरुको समान हैसियत रहन्छ । यसलाई समकक्षी समीक्षा (Peer Review) पनि भनिन्छ र जुनसुकै

देशले जुनसुकै देशको प्रतिवेदनमा टिप्पणीका साथै सुझाव राख्न सक्छन। यसमा सदस्य राष्ट्रहरुले वर्षैपिच्छे प्रतिवेदन पनि पठाउनु पर्दैन किनभने यसमा ४ देखि ५ वर्षको चक्र हुन्छ। आफ्नो पालो आएको बेलामा सम्बन्धित देशले आवधिक प्रतिवेदन पठाउनु पर्छ र त्यो प्रतिवेदनलाई १९२ राष्ट्रहरुलेनै हेर्छन र आफ्नो सुझाव तथा टिप्पणी राख्न सक्छन्। यो आवधिक समिक्षा दलित समुदायका हकहितका विषय उठाउने महत्वपूर्ण अवसरको रुपमा उपयोग हुँदै आएको छ। प्रत्येक चक्रमा छुवाछूत तथा जातिय भेदभाव एवं दलित सशक्तीकरणका विषयहरु प्राथमिकता साथ उठने गरेका छन।

नेपालवाट सन् २०११, २०१५ तथा २०२१ मा तीन वटा आवधिक प्रतिवेदन पठाईएको छ। सन् २०११ मा नेपालले पठाएको प्रतिवेदनको समीक्षामा दलितका लागि विशेष कानून बनाउनु पर्ने सुझाव थियो र त्यसलाई नेपाल सरकारले तुरुन्तै कार्यान्वयन गर्दै सोहि वर्षको जुन महिनामा जातीय भेदभाव तथा छुवाछूत (कसुर र सजाय) ऐन, २०६८ बनाएर लागु गऱ्यो। अन्य बेलामा पनि दलितका सवालहरुले प्राथमिकता प्राप्त गर्दछन् र सरकारले यसमा प्राप्त भएका सुझाव वा टिप्पणीहरुलाई कार्यान्वयनमा लैजाने संभावना बढि रहन्छ। अब नेपालको पालो २०२५ मा आउने संभावना रहेको छ। यसलाई दलित आयोगले अवसरको रुपमा उपयोग गर्दै दलित समुदायका हकहितका विषयलाई अन्तर्राष्ट्रिय मञ्चमा घनिभूत छलफलको वातावरण सृजना गर्नु जरुरी हुन्छ। यसका लागि अन्य सरोकारवालाहरुसँग पनि सहकार्य गर्न जरुरी छ।

### २.२.३. दलित आयोगको सन्दर्भमा पेरिस सिद्धान्तको सान्दर्भिकता

राष्ट्रसंघले मान्यता दिएको 'राष्ट्रिय मानव अधिकार संस्था सम्बन्धी सिद्धान्त' (पेरिस सिद्धान्त, सन् १९९३) ले राष्ट्रिय मानव अधिकार संस्थाहरूको स्वतन्त्रता र विश्वसनीयताको मापदण्ड तोकेको छ। उक्त मापदण्डको पालना भए-नभएको मूल्यांकन गरेर यस्ता संस्थाहरूको ग्रेडिङ गरिँदै आएको छ। सन् १९९३ मा राष्ट्रिय मानव अधिकार संस्थाहरूको सम्मेलनले सृजना गरेको 'राष्ट्रिय मानव अधिकार संस्थाहरूको अन्तर्राष्ट्रिय समन्वय समिति' ले ग्रेडिङको काम गर्थ्यो। सन् २०१६ मा समन्वय समितिलाई 'ग्लोबल एलाइन्स अफ नेसनल ह्युमन राइट्स इन्स्टिच्युसन्स' (गानरी) का रूपमा नामकरण गरिएको हो। राष्ट्रिय दलित आयोग पनि नेपालका समग्र दलित समुदायको मानव अधिकार सुनिश्चित गर्न स्थापित संस्था भएकाले यो सिद्धान्त यसका लागि पनि त्यत्तिकै सान्दर्भिक हुन्छ।

राष्ट्रिय दलित आयोगले यी सिद्धान्तहरु आफूले पनि पालन गर्नु पर्छ नै यसको आधारमा सरकारसँग आवश्यक अधिकार तथा स्वायत्तता पनि माग गर्न सक्छ ।

पेरिस सिद्धान्त ६ वटा मुख्य सिद्धान्तहरु यस प्रकार रहेका छन्ः (१) कानून वा संवैधानिक प्रावधान अनुरुप स्थापित भएको हुनु पर्ने, (२) मानव अधिकारको रक्षा तथा प्रवर्द्धन गर्ने वृहत् जनादेश पाएको हुनु पर्ने, (३) औपचारिक तथा कार्यक्षेत्रमा स्वायत्तता सुनिश्चित हुनु पर्ने, (४) समाजका सवै समुदाय तथा वर्गको प्रतिनिधित्व सहितको वहुलता मानवअधिकार संस्थामा सुनिश्चित हुनु पर्ने, (५) पर्याप्त आर्थिक श्रोतको उपलव्धता तथा वित्तीय स्वायत्तता सुनिश्चित हुनु पर्ने, (६) कुनै पनि मानवअधिकारसँग सम्बन्धित सवालहरुलाई सम्बोधन गर्ने स्वतन्त्रता सुनिश्चित हुनु पर्ने । तर राष्ट्रिय दलित आयोगको सन्दर्भमा पेरिस सिद्धान्तलाई लागु गर्दा संवैधानिक र कानूनी आधार प्रदान गरिनु बाहेक अन्य कुराहरु लागु भएको देखिदैन । खासगरी वित्तीय र मानवश्रोतका स्वायत्तता प्रमुख विषय भएता पनि यसले कुनै प्राथमिकता पाएको देखिदैन । दलित आयोगले अन्य आयोगहरुको सहकार्यमा पेरिस सिद्धान्तमा आधारित रहँदै स्वायत्त र अझ बढि अधिकारसहित कार्यगर्न पाउनु पर्ने कुराको वकालत गर्न सक्छ ।

## २.२.४. छिमेकी देश भारतको अनुभव

नेपालमा जस्तै जातीय विभेद तथा छुवाछूतको समस्या भारतमा पनि विद्यमान रहेको छ । यस प्रकारको विभेद अन्त्यका लागि डा. भीमराव अम्वेडकरको पहलमा भारतको संविधानमा पनि विभिन्न प्रावधानहरु समावेश गरिएको देखिन्छ । अनुसूचित जातीका लागि संविधानमा व्यवस्था गरिएका विभिन्न हक र सुरक्षा प्रावधानहरुको कार्यान्वयनको अवस्थाको निरीक्षण गर्नका लागि भारतको संविधानको धारा ३३८ अनुसार अनुसूचित जातीका लागि राष्ट्रिय अनुसूचित जाति आयोग गठन गर्ने व्यवस्था गरिएको छ ।

यस आयोगलाई संविधान र कानूनले अनुसूचित जातीको हकहित संरक्षणका लागि प्रत्याभूत सबै प्रावधानहरुको कार्यान्वयको अवस्थाको अनुसन्धान, अनुगमन तथा मूल्यांकन गर्ने, अनुसूचित जाति अधिकार र सुरक्षाबाट वञ्चित भएका घटनाहरुको उजुरी उपर सोधपुछ गर्ने, केन्द्र तथा राज्य सरकारको योजना तर्जुमा प्रक्रियामा सहभागी भई अनुसूचित जातीको सामाजिक आर्थिक विकासका लागि सुझाव दिने र प्रगतिको मूल्यांकन गर्ने, राष्ट्रपति समक्ष वार्षिक रुपमा प्रतिवेदन पेश गर्ने, अनुसूचित जातीको संरक्षण, सुरक्षा तथा सामाजिक आर्थिक विकासका

उपायहरुको प्रभावकारी कार्यान्वयनका लागि केन्द्र तथा राज्य सरकारलाई सिफारिस गर्ने जस्ता कार्यादेश दिइएको छ ।

यसैगरी भारतको संविधानले राष्ट्रिय अनुसूचित जाति आयोगलाई अर्ध न्यायिक निकाय सरहको अधिकार वा शक्ति प्रयोग गर्न सक्ने गरी सशक्तीकृत समेत गरेको छ । आयोगलाई भारतको जुनसुकै ठाउँको व्यक्तिलाई पनि अनुसन्धानका लागि बोलाउन सक्ने, आवश्यकता अनुसारका कागजातहरु खोज्न तथा झिकाउन सक्ने, सपथपत्रमा प्रमाण जुटाउन सक्ने, कुनै अदालत वा कार्यलयबाट कुनै सार्वजनिक अभिलेख वा त्यसको प्रतिलिपि प्राप्त गर्ने, कागजात र साक्षीहरुको परिक्षणका लागि आह्वान गर्न सक्ने जस्ता अधिकार दिइएको छ । यसैगरी संविधानको धारा ३३८ को उपधारा ९ मा केन्द्र तथा राज्य सरकारले अनुसूचित जातीसँग सम्बन्धित मुख्य नीतिगत विषयहरुमा आयोगसँग परामर्श गर्नुपर्ने व्यवस्था पनि गरेको छ ।

अहिले भारतको संविधानले राष्ट्रिय अनुसूचित जाति आयोगमा अध्यक्ष, उपाध्यक्ष सहित ५ जना आयूक्तहरु छन् । भारतका १२ वटा राज्यहरुमा आयोगका कार्यालयहरु पनि खोलिएका छन् । आयोगले भारतका दलित समुदायको अधिकारका लागि व्यवस्थित रुपले काम गर्दै आएको देखिन्छ । यसबाट राष्टि«य दलित आयोगले शिक्षा लिन सक्छ । नेपाल र भारतका आयोगहरुबीच अनुभव, ज्ञान र सीपको आदान प्रदान गर्न सकिन्छ । कामका क्षेत्र मिल्ने विषयहरुमा सहकार्य पनि हुन सक्छ ।

## २.३ नेपालमा दलित समुदायको अवस्था र मुख्य सवालहरुको विश्लेषण

### २.३.१ दलित समुदायको पहिचान

दलितहरुको पहिचान के हो र किन आयोग जस्तो विशिष्टिकृत संरचनाको आवश्यकता पर्‍यो भन्ने कुरा स्पष्ट पारिनु महत्वपूर्ण हुन्छ । राष्ट्रिय दलित आयोगको एउटा मुख्य काममध्ये जातीय पहिचानको प्रमाण-पत्र वितरण गर्नु थियो । नयाँ व्यवस्था अनुसार आयोगको सिफारिस र सरकारको निर्णय बमोजिम स्थानीय तहहरुले दलित पहिचानको प्रमाणपत्र त्यसै आधारमा जारी गर्ने गरेका छन् । यो प्रमाण-पत्र राज्य तथा अन्य निकायहरुबाट दलित भएकै कारण प्राप्त गर्ने अवसर तथा सुविधाको आधार बन्दछ । कतिपय अवस्थामा दलित भित्र नपर्ने समुदायले पनि दलित भनी प्रमाण-पत्र माग गर्ने र दलितका लागि प्राप्त अवसर लिने प्रयास

गरेको पाइन्छ । यसर्थ पनि दलित समुदायको पहिचानका बारेमा स्पष्टता हुनु आवश्यक छ ।

दलितको पहिचानका लागि केही ऐतिहाँसिक, कानूनी तथा केही सामाजिक तथा सांस्कृतिक आधारहरु लिने गरिएको छ । कानूनी इतिहासको आधारको कुरा गर्दा वि.सं. १९१० को मुलुकी ऐनले नेपाली समाजका निश्चित जातिहरुलाई पानी नचल्ने भनी अलग्यायो । पानी नचल्नेमा पनि दुईटा समुह, छिटो हाल्नु नपर्ने र हाल्नु पर्ने समुदायको किटान गरिएको थियो । आज पनि ती समुदायहरु मध्ये धेरैलाई समाजमा अछूतको व्यवहार गरिन्छ । सो मुलुकी ऐनले किटान गरेका र त्यस मध्ये पनि छिटो हाल्नु पर्ने भनिएको समुदाय नै अहिलेको दलित समुदाय हो ।

धेरै लामो समयसम्म सो ऐनले तोकेको अछूत तर छिटो हाल्नुनपर्ने केही समुदायले आफूलाई दलित भित्र समाहित गरी आन्दोलनमा सहभागी भएका थिए । त्यसमा काठमाडौं उपत्यकाको नेवार भित्र पर्ने कपाली र खड्गी समुदायहरु पर्दथे । तर उनीहरुको आर्थिक र सामाजिक हैसियत उच्च भएपछि आफूलाई दलित सूचीवाट हटाउन माग गरेको पाइन्छ । त्यस्तै तराईको साह तेली समुदायलाई पनि छिटो हाल्नु नपर्ने अछूत समुदायकै रुपमा सो ऐनले तोकेकोमा उनीहरुको आर्थिक, सामाजिक तथा राजनैतिक हैसियत उच्च भएका कारण दलितको पहिचानबाट अलग राखेको देखिन्छ । वर्तमान समयमा कुनै जाति समूहलाई दलित भित्र राख्ने वा नराख्ने भन्ने कुरा उक्त समूहको स्वपहिचान र सामाजिक तथा सांस्कृतिक आधारहरु लिनुपर्ने हुन्छ । अर्थात समाजले उनीहरुलाई अछूतको व्यवहार गर्छ की गर्दैन भन्ने आधारमा गर्नुपर्ने हुन्छ ।

राष्ट्रिय दलित आयोगले पटक पटकको परामर्श र परिमार्जन सहित दलित जातिहरुको सूची समेत तयार गरी सार्वजनिक गरिसकेको छ । हाल पहाडी मुलका ७ र मधेशी मुलका २० गरी जम्मा २७ जातहरुलाई दलित भित्र सूचिकृत गरिएको छ । त्यसमा संशोधन नभएसम्म सोही सूची भित्र रहेका जातहरु नै नेपालका दलित समुदायहरु हुन् ।

“दलित” शब्द भारतबाट आयातित हो । नेपालमा २०२४ साल देखि नेपाल राष्ट्रिय दलित जनविकास परिषद्को गठन गर्दा प्रयोग भए पछि स्थापित हुँदै गएको देखिन्छ । भारतमा त्यहाँको आन्दोलनले यो शब्दलाई स्थापित गरेको हो । यसले अहिले नेपाल र भारतमा मात्रै नभई संसारभर नै मान्यता प्राप्त गरिसकेको छ । संयुक्त राष्ट्रसंघको सबै प्रकारका जातीय विभेद

उन्मूलन सम्बन्धि महासन्धी अन्तर्गतको समितिले नेपालका दलितहरुको मानवअधिकार अवस्थाको विषयमा पठाउने आवधिक प्रतिवेदनलाई समेत स्वीकार गरिसकेको छ । नेपालको संविधानको मौलिक हकमा नै स्पष्ट रुपमा दलित शब्द प्रयोग भएको छ ।

कतिपयले दलित शब्द अपमानित शब्द हो यसलाई फेर्नु पर्छ भन्ने माग समेत राख्दै आएको पाईन्छ । दलित शब्द कलंक हो भन्दै त्यसलाई शिल्पी शब्दले प्रतिस्थापन गर्नु पर्ने तर्क गर्नेहरु पनि छन् । दलित आयोगका प्रथम पूर्व अध्यक्ष पद्मसिंह विश्वकर्माले दलित एउटा अवस्था हो र उहाँले सधै भन्ने गरेको, आर्थिक रुपले शोषित, सामाजिक रुपले अपहेलित र राजनैतिक रुपले वञ्चित समुदायनै दलित हो । यी सबै अवस्था फेरिएर नेपालका सबै दलितहरु सम्मानपूर्वक बाच्न पाउने अवस्था भएमा यो शब्द छोड्न सकिने तर्क गर्नुहुन्थ्यो । त्यस्तै दलित भनेको वर्ग हो की समुदाय भन्ने चर्चा पनि चल्ने गरेको छ र कतिपय ठूला राजनीतिक नेता तथा अगुवाहरुले यसलाई वर्ग पनि भन्ने गरेको पाईन्छ । तर माथि भनिए झैं दलित भित्र २७ वटा अलग अलग जातीय समूहहरु भएको हुँदा यस्लाई समुदाय भनी वुझ्नु पर्छ ।

## २.३.२ दलित समुदायको आन्तरिक विविधता

दलित एउटा समुदाय भएता पनि यसभित्र जातीय, क्षेत्रीय तथा भाषिक विविधता छ । दलित भित्रका २७ जातहरु पेशागत तथा श्रमका हिसावले समाजको सबैभन्दा उपयोगी श्रमजीवि वर्ग पर्दछन । दलितका जात उपसमूह भित्र पनि पेशागतरुपमा अनेकता पाईन्छ ।

पहाडी मुलका दलित भित्रको विश्वकर्मा यस्तो समुदाय हो जस्को पेशागत अनेकता छ । जस्तैः परम्परागत पेशाका रुपमा सुनार, कामी र टमटाले क्रमशः सुन, फलाम र तामाको काम गर्छन । चित्रे तथा पार्किले बाँसको, चुदाराले काठको ठेकी, ओडले घर बनाउने, र आग्रीले सुरुङ खन्ने काम गर्छन । त्यस्तै परियार समुदायको मुख्य काम लुगा सिलाउने हो तथापि पञ्चेबाजा जुन नेपालको अभिन्न संस्कृति हो उनीहरुले नै बजाउँछन् । सुदूरपश्चिमका हुड्केको आफ्नै सांस्कृतिक पहिचान रहेको छ । मिजार समुदायले परम्परागत पेशामा छालाको काम गर्नुको साथै छालाजनित सबै बाजाहरु उनीहरुले नै बनाउँछन । त्यस्तै वादी समुदायको उपस्थिति कर्णाली तथा सुदूरपश्चिम बढि छ, उनीहरुको पनि नाचगान गर्नुका साथै मादल

बनाउने र सुल्फा बनाउने मुख्य परम्परागत पेशा मानिन्छ। पहाडी मूलको अर्को कम जनसंख्या भएको समुदाय गन्धर्व समुदाय हो जसको पहिचान सारङ्गीको धुनसँग जोडिएको छ।

तराई मधेशमा चमारहरुको पेशा छालाजनित भएता पनि उनीहरुले त्यहाँको आधुनिक व्याण्ड बाजा पनि बजाउँछन्। उनीहरुका महिलाले चमैनको रुपमा परम्परागत सुडेनीको काम पनि गर्छन। डोम र धन्कार समुदायले वेतबँसका सामान बनाउँछन। मेस्तर समुदायले सरसफाईको काम गर्छन। मुसहर समुदाय अव्वल कृषि मजदुर हुन जस्ले मेसिन नभएको समयमा पनि जमीनलाई खेतियोग्य बनाउन अग्रणी भूमिका खेल्थे। बाँतरहरुले बाँसलाई रगडेर आगो निकाल्ने गर्छन जस्लाई पवित्र मानिन्छ। तराईको अल्पसंख्यक नट अर्थात नटुवा जातिको पेशा नाचगान गर्ने र नाटक देखाउने भनिन्छ। तराईमा रहेका अन्य दलित अल्पसंख्यक समुदायहरु जस्तै खटिक, सरभंग वा सरवरीया जस्ता जातिहरुको निश्चित पेशा वा व्यवसाय एकिन छैन र उनीहरुका अग्रजहरुले आफूहरु कृषि मजदुर रहेको बताउँछन्।

दलित समुदाय भित्रका सबै परम्परागत पेशाहरु कुनै समय समाज सञ्चालनको प्रमुख आधार भएता पनि हाल आएर धेरै पेशाहरु लोप हुने अवस्था वा अन्य समुदायबाट खोसिएको अवस्थामा रहेका छन्। गहना बनाउने, भाँडा बनाउने, कपडा सिलाउने, छाला जुत्ता बनाउने लगायतका दलित समुदायका परम्परागत पेशाहरुलाई आधुनिक तथा औद्योगिक रुपमा समेत उत्पादन गर्न थालिएको छ तर त्यस्ता उद्योग र उद्यममा अन्य समुदायको पकड बढि देखिन्छ।

दलित समुदायले समग्रमा जातीय छुवाछूत अभ्यासको अमानवीयता र संरचनागत भेदभावको अनुभूति साझा गर्ने भएता पनि दलित समुदाय भित्र तथाकथित जातीय सोपानको विभाजन पनि कोरिएको छ। जसका कारण दलित समुदाय भित्रका विभिन्न उपसमूहहरुबीच समेत छुवाछूतको अभ्यास रहेको पाइन्छ। समाजमा छुवाछूत उन्मूलन गर्न पहिले दलित-दलित बीचको छुवाछूत हटाउनुपर्ने भनी समग्र दलित समुदाय विरुद्धको छुवाछूतको अभ्यास, संरचनागत भेदभाव, बहिष्करण र उत्पीडनलाई बचाउ वा उचित सिद्ध गर्ने प्रयास समेत गरेको पनि पाईन्छ जुन एक चुनौतीका रुपमा पनि रहेको छ।

### २.३.३ जनसांख्यिक अवस्था

कुनै पनि समुदायको आर्थिक, सामाजिक तथा राजनैतिक अधिकार वा हैसियत प्राप्त गर्न जनसंख्याको ठूलो महत्व हुन्छ। राष्ट्रिय जनगणना २०७८ अनुसार दलित समुदायको जनसंख्या ३८ लाख ९८ हजार ९९० रहेको छ जुन नेपालको कुल जनसंख्याको १३.४ प्रतिशत हुन आउँछ । कुल दलित जनसंख्यामा पहाडी दलितको जनसंख्या २५ लाख ६ हजार ६१२ (६४.३%) रहेको छ भने तराई/मधेशी दलितको जनसंख्या १३ लाख ९२ हजार ३७८ (३५.७%) रहेको छ । दलित महिलाको जनसंख्या २० लाख २९ हजार ५५१ (५२.१%) छ भने दलित पुरुषको जनसंख्या १८ लाख ६९ हजार ४३९ (४७.९%) छ ।

दलित समुदायको वास्तविक जनसंख्याको विषयमा आशंका र विवाद समेत बन्दै आएको देखिन्छ । उदाहरणको रुपमा वि.सं. २०५८ को जनगणना सम्म वादी समुदायको जनसंख्या ८ हजारको हाराहारीमा थियो भने २०६८ को जनगणनामा एकैचोटी ३८ हजार पुग्यो । अहिले २०७८ को जनगणना आउँदा उनीहरुको जनसंख्या ११ हजार भएको छ । यो अस्वभाविक देखिन्छ । यसले सरकारकै राष्ट्रिय तथ्यांकको विश्वसनीयतामा प्रश्न उठाउँछ । तर यसका कारणहरुका बारेमा थप अध्ययन भएको छैन ।

त्यसैगरी कतिपय अभियानकर्ताहरुले दलित समुदायको जनसंख्याको यथोचित गणना गर्ने हो भने २० प्रतिशत अर्थात ६० लाखसम्म दलितको भएको दावी गर्ने गरेको देखिन्छ । यस्ता दावीहरुका लागि गैरसरकारी क्षेत्रबाट भएका अध्ययनहरुलाई पनि आधार मान्ने गरिएको छ । उदाहरणका लागि वि.सं. २०६० सालमा नेपाल राष्ट्रिय दलित समाज कल्याणसंघले तथ्यांक विभागका पूर्वकर्मचारीहरुकै संलग्नतामा गरेको ६ वटा नमूना जिल्लाहरुको दलितहरुको गणना अनुसार दलितको जनसंख्यां २२ प्रतिशत देखिएको थियो । दलित समुदायका धेरै थरहरु अन्य गैरदलित समुदायका थरहरुसँग मिल्ने भएकाले पनि दलितहरुको सहि गणना हुन नसकेको आशंका समेत गरिन्छ । सहरमा बस्ने धेरै दलितहरुले आफ्नो जातीय पहिचान लुकाउने गर्दा पनि जनसंख्याको प्रतिशत कम देखिएको मानिन्छ । यी सबै सरोकारहरुका बीच दलित समुदायको वास्तविक तथ्याङ्क सुनिश्चितताका लागि दलित आयोगले ध्यान दिनुपर्ने आवश्यकता देखिन्छ ।

### २.३.४ दलित समुदायको सामाजिक अवस्था

दलित समुदायको सामाजिक अवस्थाको चर्चा गर्दा त्यस भित्र शिक्षा, स्वास्थ्य तथा सरसफाइ पर्यावरण पर्दछन् । संविधानले समावेशी तथा समानुपातिक विकासलाई प्राथमिकतामा राखेता पनि राज्यले जातजाति सहितको खण्डिकृत तथ्याङ्कहरु उपलव्ध गराउन प्राथमिकता दिन नसकेको देखिन्छ । तथापि मुख्य सामाजिक सूचकहरुका बारेमा केही उपलब्ध तथ्याङ्कको आधारमा दलित समुदायको अवस्थाको चर्चा गरिएको छ । शिक्षाको अवस्था थाहा पाउने पहिलो सूचक भनेको साक्षरता दर हो । राष्ट्रिय जनगणना २०७८ अनुसार नेपालको समग्र साक्षरता ७६.२ प्रतिशत हुँदा दलितको साक्षरता ६७.४ प्रतिशत रहेको छ । मधेशी दलितको साक्षरता दरमा ४२.८ प्रतिशत मात्र रहेको छ। अध्ययन गरेको तह अनुसार नेपालमा ६.७ प्रतिशत जनसंख्याले स्नातक वा सो भन्दा माथिको अध्ययन पुरा गरेका छन् दलित समुदयमा निकै कम अर्थात १.६ प्रतिशतले मात्र सो तहको अध्ययन पुरा गरेका छन् । धारा पाइपबाट जस्ता सुधारिएको माध्यबाट खानेपानीमा पहुँच भएका दलित परिवारको हिस्सा ५२.९ प्रतिशत छ जुन राष्ट्रिय औसत ५७ प्रतिशत भन्दा कम नै छ । स्वास्थ्य तथा सरसफाइको अवस्था शौचालयको प्रयोगबाट आँकलन गरिन्छ। फलस भएको शौचालय प्रयोग गर्ने दलित समुदायका परिवार ५२.१ प्रतिशत छन् जुन राष्ट्रिय औसत ६४.९ भन्दा कम नै छ ।

### २.३.५ दलित समुदायको आर्थिक अवस्था

पटक पटक सीमान्तकृत जनताको समृद्धिको नाउँमा राजनीतिक व्यवस्था परिवर्तन भएपनि दलित समुदायको आर्थिक अवस्था अहिले पनि चुनौतीपूर्ण छ। गरिबी दलित समुदाय भित्रको आम चरित्र रहँदै आएको छ । राज्यको गरिबी निवारण गर्ने अनेकौं प्रयास भएता पनि दलितको गरिबी राष्ट्रिय औसतमा ल्याउन पनि कुनै ठोस काम र उपलब्धि सकेको छैन ।

सन् २००३/०४ को जीवन स्तर सर्वेक्षणले दलितको गरिबी ४५.६ प्रतिशत देखाएको थियो जुनवेला नेपालको समग्र गरिबी ३०.८ प्रतिशत थियो । सन् २०१०/११ को नेपालको जीवनस्तर सर्वेक्षणमा समग्र गरिबी घटेर २५.२ प्रतिशत भयो तर दलितको गरिबी ४२ प्रतिशतमा रोकियो । सन् २०२१/२२ मा गरिएको नेपाल जीवन स्तर सर्वेक्षण, चौथौका अनुसार नेपालको नेपालको गरिबी २०.३ प्रतिशतमा रहेको देखाएको छ । उक्त सर्वेक्षणका आधारमा दलितभित्र

गरिबी कति छ भन्ने खण्डिकृत तथ्याङ्क उपलव्ध छैन । सन् २०१०/११ सम्मका नेपालको जीवनस्तर सर्वेक्षण प्रतिवेदनहरुमा जातजाति अनुसारको गरिबीको तथ्याङ्क पनि सार्वजनिक गरिएको थियो । नेपालको जीवनस्तर सर्वेक्षण अनुसार तथ्याङ्क नभएता पनि वि.सं. २०७८ को जनगणना अनुसार घरपरिवारहरुको सम्पन्नता स्तरिकरण सम्बन्धि तथ्याङ्कका आधारका दलितको आर्थिक अवस्था र गरिबीको अनुमान गर्न सकिन्छ । सो तथ्याङ्क नेपालमा अति न्यून वर्गमा पर्ने परिवार २०.३ प्रतिशत छन् जुन जीवनस्तर सर्वेक्षण अनुसार गरिवीको रेखा मुनी रहेका परिवारको प्रतिशत जति नै देखिन्छ । तर अति न्यून वर्गमा पर्ने दलित परिवार ३६ प्रतिशत रहेको देखिन्छ । यसले दलित समुदाय अझै पनि आर्थिक रुपमा राष्ट्रिय औसत भन्दा निकै पछि रहेको स्पष्ट हुन्छ ।

दलित समुदायको गरिबी न्यूनीकरण गर्न राज्यको प्रत्यक्ष फराकिलो लगानी देखिदैन । दलितको परम्परागत पेशाको संरक्षण र विकास गर्ने मौलिक हक संविधानको धारा ४० को उपधारा ३ ले गरेको छ तर त्यसलाई कार्यान्वयन गर्ने स्पष्ट कानूनी तथा नीतिगत व्यवस्था गर्नुपर्ने आवश्यकता छ ।

### २.३.५ दलित समुदायको राज्यमा सहभागिता र समावेशीकरणको अवस्था

राज्य भन्नाले मुलतः यसका तीन अंगहरु कार्यपालिका, न्यायपालिका र व्यवस्थापिका भन्ने बुझिन्छ । कार्यपालिका र व्यवस्थापिकाको अन्योन्याश्रित सम्बन्ध रहेको हुन्छ । किनभने कार्यपालिका अर्थात मन्त्रिपरिषद् संविधान अनुसार व्यवस्थापिकाबाटै चुनिनु पर्दछ । न्यायपालिका भने स्वतन्त्र हुन्छ । राज्य दलित समुदायको सन्दर्भमा कत्तिको समावेशी छ भन्ने कुरा यी तीनवटै अंगहरुमा भएको उपस्थितिबाट थाहा हुन्छ । नेपालको संविधान अनुसार दलित समुदायको राज्यमा समानुपातिक सहभागिताका सुनिश्चित गर्नका लागि आयोगले पनि काम गर्नुपर्ने क्षेत्राधिकार भएको सन्दर्भमा यहाँ संक्षिप्तमा कुन अंगमा दलित समुदायको सहभागिता र प्रतिनिधित्व कस्तो छ भन्ने चर्चा गरिएको छ ।

#### व्यवस्थापिका

नेपालमा अहिले तीन तहको सरकार रहेको हुँदा व्यस्थापिका पनि तीनै तहमा रहेका छन् । संघीय व्यवस्थापिकामा प्रतिनिधि सभा र राष्ट्रिय सभा रहेका छन् । प्रतिनिधि सभा वालिग मतवाट हरेक पाँच वर्षका लागि चुनिन्छ भने राष्ट्रिय सभा चक्रीय प्रणाली अनुसार चुनिन्छ । प्रतिनिधि सभामा २०७९ देखि २०८२ सम्म १६

जना दलित समुदायका सांसद थिए कुल संख्या २७५ जनाको करिव ६ प्रतिशत हुन आउँछ। त्यस्तै राष्ट्रिय सभाका ५९ सदस्य मध्ये ७ जना दलित समुदायका अर्थात ११ प्रतिशत रहेका छन। सात प्रदेशका ५५० प्रदेश सभा सदस्य मध्ये ३१ जना अर्थात ५ प्रतिशत दलित समुदायका रहेका छन्।

देशमा कुल ७५३ स्थानीय तहहरु रहेका छन्। त्यसमा ६७४३ वडाहरु रहेकोमा ६६२० वडाहरुमा दलित महिला सदस्यहरु रहेका छन्। गाउँ वा नगर सभाको बेला उनीहरु कानून निर्माताको भूमिकामा रहन्छन् भने बाँकी समयमा कार्यपालिकाको भूमिकामा। दलित महिला प्रतिनिधित्वको हिसावले यसलाई राम्रो मान्न सकिन्छ।

## कार्यपालिका

तीनै तहका सरकारमा कार्यपालिकाको व्यवस्था छ। संघीय मन्त्रिपरिषद् कार्यापालिकाहरु मध्ये सबैभन्दा शक्तिशाली हुन्छ। संविधान अनुसार यसको नेतृत्व संसदबाट निर्वाचित प्रधानमन्त्रीले गर्ने व्यवस्था रहेको छ। यो दस्ताबेज तयार गर्दा पूर्व प्रधानन्यायाधिश शुशिला कार्की नेतृत्वको नागरिक सरकार रहेको छ जुन २०८२ भाद्र २३ र २४ गते भएको जेनजी आन्दोलन पछि गठन भएको हो। नौ सदस्यीय मन्त्रिपरिषदमा कृषि तथा पशुपन्छी विकास मन्त्रीको रुपमा दलित समुदायबाट डा. मदन परियारलाई नियुक्त गरिएको छ। सो भन्दा अगाडिको गठवन्धन सरकारमा वन राज्य मन्त्रीकोरुपमा एक जना दलित प्रतिनिधित्व थियो। विगतका मन्त्रिपरिषद्हरु हेर्दा दलित समुदाबाट प्रतिनिधित्व गर्ने चलन कि त हुँदै हुन्थेन भएमा खेलकुद मन्त्रालय वा राज्य मन्त्रीको रुपमा हुने गर्दथ्यो। संविधानको धारा ४० को उपधारा १ मा उल्लेख भएअनुसार राज्यका सबै निकायमा दलित समुदायको उपस्थिति हुने प्रावधानको वास्तविक कार्यान्वयन नभएको देखिन्छ।

## न्यायपालिका

राज्यका महत्वपूर्ण तीन वटा अंगहरु मध्ये न्यायपालिका पनि एक हो। यसको प्रमुख काम भनेको अन्यायमा परेका जनतालाई न्याय दिनु र सरकारलाई खवरदारी गर्दै जनता प्रति थप उत्तरदायी बनाउनु हो। यो निकायमा जसरी राज्यका अन्य निकायमा समावेशीता सहित सीमान्तकृत समुदायका उपस्थितिको अपेक्षा गरिन्छ यहाँ पनि नगरिने कुरा भएन। लामो समयसम्म न्यायपालिका क्षेत्रमा छिटफुटरुपमा बाहेक दलित समुदायको उपस्थिति थिएन

भन्दा अत्युक्ति हुँदैन । खासगरी नेपाल गणतान्त्रिक युगमा प्रवेश गरेपछि दलितहरुको प्रवेश सुरु भएको हो ।

न्यायपालिका आफैमा एउटा ठूलो क्षेत्र भएको र यसमा दुई थरी जनशक्तिको उपस्थिति रहन्छ, एउटा प्रशासनिक फाँट र अर्को न्यायिक फाँट । प्रशासनमा विभिन्न समुदायको उपस्थितिले महत्व राखेता पनि न्यायिक फाँटमा यसको महत्व झन धेरै हुने गर्दछ । वि.सं. २०८१ को न्यायपालिका वुलेटिनको पृष्ठ ४ मा उल्लेख भए अनुसार सर्वोच्च, उच्च तथा जिल्ला तह गरेर ४६८ न्यायाधिशहरुको दरवन्दी रहेकोमा ४३८ न्यायधिशहरु कार्यरत रहेको देखिन्छ । त्यस मध्ये ५५ जना महिला, ५४ जना आदिवासी जनजाति, १२ जना मधेशी, ६ जना दलित, ३ जना अपाङ्गता भएका व्यक्ति तथा २ जना पिछडिएको क्षेत्रबाट आएका देखिन्छन् । उच्च अदातलमा हाजसम्म जम्मा १ जना मात्रै दलित समुदायका न्यायाधिश रहेका छन् भने सर्वोच्चमा एकजना पनि अहिले सम्म पुगेका छैनन् । जिल्ला तहमा अहिले दलित समुदायका ५ जना न्यायाधिशहरु कार्यरत रहेका छन् । प्रतिशतको हिसावले हेर्दा जम्मा १.२८ प्रतिशत मात्रै दलितहरुको उपस्थिति न्याय क्षेत्रमा देखिन्छ । यो अवस्था वदलिनु पर्ने धारणा राष्ट्रिय दलित आयोगले राख्दछ ।

## २.४ राष्ट्रिय दलित आयोगका सरोकारवालाहरूको विश्लेषण

राष्ट्रिय दलित आयोगको प्रभावकारीता र दलित समुदायका हक-अधिकारको प्रवर्द्धनमा सरोकारवालाहरूको भूमिका अपरिहार्य छ । आयोगले आफ्नो कार्यादेश पूरा गर्न सम्बन्धित सबै सरोकारवालासँग समन्वय, सहकार्य र प्रभावकारी संवादलाई प्राथमिकता दिनु आवश्यक छ । आयोगले सबै सरोकारवालाहरुसँगको सम्बन्धलाई संस्थागत गर्दै दलित समुदायका हक-अधिकार सुनिश्चित गर्ने दिशामा आफ्नो प्रयासलाई निरन्तरता दिनुपर्छ । आयोगका मुख्य सरोकावाला र उनीहरुको संक्षिप्त विश्लेषण गरिएको छ ।

### संघीय, प्रदेश र स्थानीय सरकार

आयोगले आफ्नो कार्यादेश अनुसार कार्यहरु गर्नका लागि सबै सरकारसँग सम्बन्ध, सम्वाद, समन्वय र सहकार्य अपरिहार्य हुन्छ । सरकारका तीन तहले नीति निर्माणदेखि कानून कार्यान्वयन सम्मको प्रक्रियामा नेतृत्वदायी भूमिका खेल्छन् । संघीय सरकार राष्ट्रिय स्तरका नीति, कानून, योजना तथा

कार्यक्रम निर्माण, कार्यक्रमहरूको कार्यान्वयन र अनुगमनका लागि जिम्मेवार छ । प्रादेशिक सरकारहरुले दलित समुदायका विशिष्ट आवश्यकता अनुसार कार्यक्रम सञ्चालन र कार्यान्वयन सुनिश्चित गर्ने जिम्मेवारी बोकेको छ । स्थानीय सरकार दलित समुदायलाई प्रत्यक्ष रूपमा सेवा प्रदान गर्ने निकाय भएकाले प्रभावकारी कार्यान्वयन र तल्लो तहमा अधिकार सुनिश्चित गर्ने जिम्मा यसैमा पर्छ ।

## संसद र सांसदहरू

संसद र सांसदहरूले दलित-मैत्री कानून निर्माण, नीति निर्माणमा सहजीकरण र कार्यान्वयन अनुगमनको भूमिकामा योगदान दिन सक्छन् । सांसदहरूले दलित मुद्दालाई प्राथमिकतामा राखेर छलफल अघि बढाउन, संसदीय समिति मार्फत अनुगमन गर्न र आवश्यक परिमार्जन गर्न सक्नुपर्छ । आयोगले गर्ने नीतिगत सुधारका सुझावहरुको कार्यान्वयनका लागि संसद र सांसदहरुको भूमिका अहम रहन्छ ।

## अदालतहरु

जातीय भेदभाव र छुवाछूत विरुद्धका मुद्दामा न्यायको पहुँच सुनिश्चित गर्न प्रभावकारी न्याय प्रणाली आवश्यक छ । अदालतहरुले संविधान र कानूनअनुसार दलित समुदायका मुद्दामा न्याय दिलाउने कार्यमा महत्वपूर्ण भूमिका खेल्छन । दलित समुदायसँग सम्बन्धित धेरै मुद्धाहरु अदालतबाट छिनोफानो हुन्छन् । तसर्थ जिल्ला, उच्च तथा सर्वोच्च सबै तहका अदालतहरुसँग दलित आयोगको संवाद तथा सहकार्य आवश्यक छ ।

## प्रहरी र सुरक्षा निकायहरू

प्रहरीले जातीय भेदभाव, छुवाछूत र हिंसाविरुद्धका कानून कार्यान्वयनमा महत्वपूर्ण भूमिका खेल्छन् । प्रहरीले कानूनी कारबाही सुनिश्चित गर्न र दलित समुदायको सुरक्षाका लागि सक्रिय भूमिका निर्वाह गर्नुपर्छ । नेपाल प्रहरी संगठनसँग विभिन्न ठाउँ र क्षेत्रमा दलित आयोगको विगतमा पनि र वर्तमानमा पनि सहकार्य र समन्वय भईरहेको हुँदा दलित आयोगले यो संगठनलाई आफ्नो मुख्य सरोकारवालाहरु मध्ये एक ठान्छ र सो नीतिलाई भविष्यमा पनि निरन्तरता दिनुपर्छ ।

## महान्यायाधिवक्ताको कार्यालय

जति पनि सरकारी मुद्धाहरु हुन्छन ती सबै प्रहरीको सहयोगमा सरकारी वकिलको कार्यालय मार्फत सम्बन्धित अदालतहरुमा लगिन्छ र ओरोपीहरुलाई अभियोजन गरी पीडितलाई न्याय दिने प्रकृया अगाडि बढ्छ । न्याय निरुपण अदालत मार्फत हुने गर्दछ। प्रहरीको सशक्त अनुसन्धान र सरकारी वकिलको प्रभावकारी अभियोजन भएमा पीडितले न्याय पाउने सम्भावना बढि हुन्छ तर व्यवहारमा यस्तो भएको देखिदैन । त्यसकारण दलितहरुले सधै भोग्ने छुवाछूतको विभेद फौजदारी मुद्दा हुने भएता पनि यसलाई सुरु देखिनै कमजोर बनाईने देखिएको छ । त्यसकारण दलित समुदायका पीडितहरुका लागि सहज न्याय सुनिश्चित गर्न महान्यायाधिवक्ताको कार्यालय दलित आयोगको महत्वपूर्ण सरोकारवाला हुने गर्दछ र यो निकायसँग पनि समन्वय र सहकार्य गर्नु जरुरी छ।

## राजनीतिक दलहरू

नेपालको संविधानले निर्वाचन मार्फत बहुमत प्राप्त गर्ने राजनीतिक दल(हरु)ले सरकार सञ्चालन गर्ने र प्रतिपक्षमा रहने दलहरुले खबरदारी गर्ने शासन प्रणालीलाई अंगिकार गरेको छ। तसर्थ राजनीतिक दलहरु पनि आयोगका मुख्य सरोकारवालहरु हुन । राजनीतिक दलहरूले समावेशी राजनीतिक अभ्यासलाई प्रवर्द्धन गर्न, दलितहरूको प्रतिनिधित्व सुनिश्चित गर्न र दलित-मैत्री नीति तथा कार्यक्रम अघि बढाउन महत्वपूर्ण भूमिका खेल्न सक्छन्। केही मुख्य दलहरुमा त दलित समुदाय लक्षित भातृसंगठनहरु पनि क्रियाशील रहेका छन। आयोगको कार्यहरुमा राजनीतिक दलका दलित भातृसंगठनहरुसँग निकट सम्बन्ध, सहकार्य र सम्वाद अति महत्वपूर्ण हुन्छ।

## राष्ट्रिय मानवअधिकार आयोग, अन्य संवैधानिक आयोगहरु

राष्ट्रिय मानव अधिकार आयोग सबै आयोगहरूको छाता आयोग जस्तै छ। त्यससँग जातीय विभेद र छुवाछूतका सवाललाई मानवअधिकार आयोगको प्राथमिकतामा पर्ने र आम मानव अधिकारका विषय दलित आयोगको पनि सरोकारमा पर्ने भएकाले दलित आयोगको विशिष्ट सम्बन्ध, समन्वय र सहकार्य हुन आवश्यक हुन्छ।

संविधानमा व्यवस्था भएका ७ वटा विषयगत आयोगहरूमा ६ वटा आयोगहरु नेपालमा परम्परागत रुपमा सीमान्तकृत लिङ्ग, समुदायहरुको अधिकार प्रवर्द्धन र

संरक्षणका लागि खडा गरिएका हुन् । यसमा राष्ट्रिय दलित आयोग समेत राष्ट्रिय महिला आयोग, मधेशी आयोग, मुस्लिम आयोग, आदिवासी जनजाति आयोग र थारु आयोग समावेश छन् । यी छ आयोगहरुको सीमान्तकृतका सवालमा साझा वा समान धारणा लिएर सम्बन्धित निकायमा पैरवी वा सिफारिस गर्न सकिए यसको प्रभावकारिता बढ्न सक्छ ।

राष्ट्रिय समावेशी आयोग विषयगत आयोगले अपाङ्गता भएका व्यक्ति, ज्येष्ठ नागरिक, कर्णाली, पिछडिएको क्षेत्र लगायत सबै सीमान्तकृत समुदायको सवालमा पनि काम गर्ने कार्यादेश राख्छ । यस आयोगको हालसम्मको गतिविधि र सरकारलाई सिफारिस गर्ने शैलीले गर्दा खस-आर्यको हीतमा बढी केन्द्रित रहेको गुनासाहरु छन् । अतः यस आयोगसँग विरोधाभाषी मुद्धाहरुमा आलोचनात्मक सम्बन्धका साथै साझा सवालको विषयमा काम गर्दा संवाद र समन्वयको आवश्यकता छ ।

दलित समुदायको समानुपातिक सहभागिता र प्रतिनिधित्वको सवालमा आयोगले निर्वाचन आयोगसँग पनि समन्वय र सम्वाद गर्नुपर्ने देखिन्छ ।

## दलित नागरिक समाज संस्थाहरु

दलितका नागरिक समाज संस्थाहरू दलित आयोगका मुख्य साझेदार हुन् । किनभने उनीहरूले गर्ने कार्य र दलित आयोगले गर्ने कार्यमा धेरै समानताहरू छन् । दलित नागरिक संस्था र दलित आयोग एकअर्काका पूरक जस्ता पनि रहेका छन् । विगतमा दलित आयोग र दलितका नागरिक संस्थाहरूबीच संयुक्त अनुगमन समिति पनि क्रियाशील रहेको थियो र यसले छुवाछूत लगायतका विभेदका घटनाहरूको अनुगमन गरी पीडितलाई न्याय र पीडकलाई सजाय दिलाउने कार्यमा सहयोग गर्दथ्यो । यसबाहेक, अन्तर्राष्ट्रिय मानव अधिकारसँग सम्बन्धित सन्धि तथा सम्झौताहरूको कार्यान्वयन, प्रतिवेदन बुझाउने र त्यसको अनुगमन गर्ने कार्यहरूमा पनि उनीहरूसँग सहकार्य भएको छ । त्यति मात्र नभई दलित आयोगको क्षमता अभिवृद्धि र रणनीति निर्माणमा पनि उनीहरूको बलियो सहयोग रहेको छ । उनीहरूले दलितका अधिकार स्थापना तथा कार्यान्वयन गराउनका लागि वैदेशिक स्रोतहरू परिचालन गरी काम गरेका हुन्छन् । दलितका नागरिक समाज संस्थाहरूका कामलाई दलितका हितमा बढि प्रभावकारी बनाउन तथा दलित आयोगसँगको परिपूरक सम्बन्धलाई मजबुत बनाउन आवश्यक देखिन्छ ।

## नागरिक समाज र मानव अधिकारवादी संघसंस्थाहरू

नागरिक समाज र मानव अधिकारवादी संघसंस्थाहरूले दलित मुद्दामा जनचेतना अभिवृद्धि, निगरानी, अनुसन्धान र पैरवीका कार्यमा सशक्त योगदान दिन्छन् । तिनीहरूले आयोगलाई आवश्यक सुझाव, प्रतिवेदन र तालिमका माध्यमबाट सहयोग पुऱ्याउन सक्छन् । त्यसकारण नागरिक समाज जस भित्र सामान्यतया इच्छित समूह तथा पेशागत संगठनहरु पर्दछन् उनीहरुसँग दलित आयोगका कार्यहरुको धेरै सम्बन्ध रहने भएको हुँदा संघसंस्थाहरू पनि सहकार्य र समन्वयको नीति लिई अगाडि बढ्नु हावश्यक छ ।

## विश्वविद्यालयहरु, अनुसन्धान प्रतिष्ठान र थिंकट्यांक

अध्ययन अनुसन्धानमा आधारित दलितमुखी नीति सुझाव गर्नु आयोगको महत्वपूर्ण काम कर्तव्य र अधिकार भित्र पर्दछ । तसर्थ विभिन्न विश्वविद्यालयहरु, अनुसन्धान प्रतिष्ठान र थिंकट्यांकहरु पनि आयोगका महत्वपूर्ण सरोकारवालाहरु हुन् ।

## सञ्चार गृह र सञ्चारकर्मी (मिडिया)

मिडिया दलित अधिकारका मुद्दा उजागर गर्न, जनचेतना अभिवृद्धि गर्न र समाजलाई शिक्षित तथा संवेदनशील बनाउन महत्त्वपूर्ण माध्यम हो । विशेषगरी ग्रामीण क्षेत्रका मुद्दालाई मिडियाले प्राथमिकतामा राखेर राष्ट्रिय तहमा ल्याउन सक्छ ।

## निजी क्षेत्र

निजी क्षेत्रले सामाजिक उत्तरदायित्व अन्तर्गत दलित समुदायलाई रोजगारीमा पहुँच दिने, आर्थिक सशक्तीकरणमा सहयोग पुऱ्याउने र समावेशी व्यवसाय सञ्चालनमा योगदान पुऱ्याउन सक्छन् । सरकारको आर्थिक नीति पनि तीन खम्बे रहेको छ जस अन्तर्गत सरकार, नीजि क्षेत्र र सहकारी रहेका छन् । देशमा जति रोजगार श्रृजना हुन्छ त्यसको धेरै हिस्सा नीजि क्षेत्रले ओगट्छ त्यसकारण यो क्षेत्र पनि समावेशी हुनु जरुरी छ जसबाट दलित लगायत अन्य उत्पीडित समुदायहरुले पनि रोजगारी प्राप्त गर्न सकून । निजी क्षेत्रले उपलब्ध गराउने रोजगारीमा तल्लो तहको श्रममा आधारित रोजगारीमा दलित लगायतका सीमान्तकृत समुदायको उपस्थिति देखिन्छ । तर उपल्लो तहको काममा उनीहरुको उपस्थिति प्रायः अति न्यून देखिन्छ । साथै पछिल्लो मानव अधिकारको विकासक्रमलाई हेर्दा व्यापार र

मानव अधिकारको विषय पनि टड्कारो रुपमा उठिरहेको सन्दर्भमा पनि निजी क्षेत्र राष्ट्रिय दलित आयोगको महत्वपूर्ण सरोकारवाला हुने देखिन्छ । विगतमा दलित आयोगले निजीक्षेत्रसँग खासै निकट सहकार्य गर्न सकेको छैन । आगामी दिनमा निजी क्षेत्रसँग नयाँ सुरुवात गर्नुपर्ने आवश्यकता रहेको छ ।

## विकास साझेदार र अन्तर्राष्ट्रिय संस्थाहरु

विकास साझेदारहरूले दलित समुदायलाई लक्षित परियोजना र कार्यक्रममार्फत प्रत्यक्ष सहयोग गर्न सक्छन् । संयुक्त राष्ट्र संघका विभिन्न निकायहरू छन जसले अन्तर्राष्ट्रिय मानवअधिकारको अविभावकको रुपमा पनि काम गर्दछन् । यस मध्ये युएनडीपी आयोगले विगतमा सहकार्य पनि गरेको छ । युरोपका २७ राष्ट्रहरुको साझा संगठन युरोपियन युनियनले पनि मानवअधिकार प्रवर्द्धनमा अग्रणी भूमिका खेल्दछ । यसले नेपालमा नागरिक समाज संस्थाहरुलाई आर्थिक सहयोग प्रदान गरी दलित समुदायको अधिकार लागि योगदान गरेको देखिन्छ । नेपाललाई मुख्य रूपमा वैदेशिक सहयोग र ऋण दिने निकाय विश्व बैंक तथा एसियाली विकास बैंक हुन् । यिनीहरूले सरकार र कार्यक्रमको लागि ऋण तथा अनुदान दुवै उपलब्ध गराउँछन । दलित हितका कार्यक्रम लगानी बढाउन नेपाल सरकारसँग समन्वय गरी यस्ता बहुपक्षीय निकायहरुसँग पनि आयोगले सम्वाद र सहकार्य गर्नुपर्ने देखिन्छ ।

नेपालमा प्राप्त वैदेशिक अनुदानभन्दा बढी अन्तर्राष्ट्रिय गैरसरकारी संस्थाहरूले सञ्चालन गर्ने परियोजना र कार्यक्रम मार्फत खर्च हुने गरेको रकम बढि हुने गरेको अनुमान गरिन्छ । केही अन्तर्राष्ट्रिय संस्थाहरूले सामाजिक समावेशीकरणमा पनि महत्वपूर्ण भूमिका निर्वाह गरेका छन् । केही संस्थाहरूको दलित आयोगसँग पनि साझेदारी भएको छ । दलित अधिकारको प्रवर्द्धनमा सहयोग गर्न सक्ने भएकाले अन्तर्राष्ट्रिय गैरसरकारी संस्थाहरूसँग पनि आयोगको सहकार्य गर्न सक्दछ ।

## २.५ राष्ट्रिय दलित आयोगका सबल पक्ष, कमजोर पक्ष, अवसर र चुनौतीहरुको विश्लेषण (SWOT Analysis)

दलित आयोगका सबल पक्ष, कमजोर पक्ष, अवसर र चुनौतीहरु यस प्रकार रहेका छन् :-

| सवल पक्ष | कमजोर पक्ष |
|---|---|
| १. आयोग संवैधानिक भएको र स्वायत्त निकायको रुपमा काम गर्न सक्ने । | १.पर्याप्त र आवश्यक नीति तथा नियमावलीहरु नहुनु । |
| २. आयोगको आफ्नै कानून पनि भएको । | २. सरकारी बजेटमा मात्रै भर पर्नु पर्दा पर्याप्त आर्थिक स्वायत्तता नहुनु । |
| ३. आयोगलाई सबै प्रदेशहरुमा कार्यालय स्थापना सहित काम गर्ने अधिकार संविधानले दिएको । | ३. विषयगत, अनुसन्धान र कानूनमा विज्ञता भएका मानवश्रोतको अनुपस्थिति तथा अभाव । |
| ४. सरकारले नियमित रुपमा न्यूनतम आर्थिक श्रोत उपलब्ध गराई संस्थागत सञ्चालनको सुनिश्चितता प्रदान गरेको । | ४. निजामती सेवाबाट कर्मचारी उपलब्ध भए पनि छिटो छिटो सरुवा हुनु र आयोगमा सचिवलाई टिकाउन नसकिनु । |
| ५. लोक सेवा पास गरेका स्थायी प्रकृतिका कर्मचारी उपलब्ध हुनु । | ५. कर्मचारीहरुले आयोगमै आफ्नो उच्चतम वृत्ति विकास नदेख्ने । |
| ६. दलित आन्दोलनसँग लामो समय जोडिएका वा नेतृत्व गरेका व्यक्तिहरु पदाधिकारी हुनु , | ६. केन्द्रमा आफ्नै भवन नभएको तथा प्रदेशमा कार्यालय स्थापना गर्न नसकेको । |
| ७. दलित आन्दोलनको जगमा बनेको संस्था भएकोले दलित समुदाय र आन्दोलनको विश्वास रहेको । | ७. दलित विरुद्ध हुने विभिन्न प्रकारका विभेदलाई सम्बोधन गर्न र्‍यापिड रेस्पोन्स टिम नहुनु । |

| अवसर | वाधा |
| --- | --- |
| १. दलित प्रति सद्भाव तथा शुभेच्छा राख्ने गैरदलितहरु बढ्दै ।<br><br>२. दलित अधिकारको व्यवस्था भएको संविधान, छुवाछूत विरुद्ध ऐन र अन्य कानूनी प्रावधानहरु रहेको ।<br><br>३. मानव अधिकारको विश्वव्यापी घोषणा-पत्र, विभिन्न महासन्धिहरु र अन्य अन्तर्राष्ट्रिय प्रतिवद्दता र सम्झौताहरुको नेपाल पक्ष राष्ट्र रहेको ।<br><br>४.दलित समुदायको हक हित, संरक्षण तथा मानवअधिकारका लागी राष्ट्रिय तथा अन्तर्राष्ट्रिय स्तरमा बढदो चासो ।<br><br>५.राज्यको पुनर्संरचना पश्चात् ७ सय ६१ वटा सरकार हुनु ।<br><br>६.समाजिक सञ्जाल सहितको सूचना प्रविधिको उपलब्धता । | १.सत्ता र शक्तिमा रहेका व्यक्ति/संरचनाहरु दलित समुदायको समावेशीता प्रति उदासिन हुनु ।<br><br>२. संविधान तथा कानुनी प्रावधानहरुको व्यवहारिक रुपमा कार्यान्वयन नहुनु ।<br><br>३. दलित समुदाय माथि हुने छुवाछूत तथा मानवअधिकारको चरम उल्लंघनका घटनाहरु अपेक्षित रुपमा घट्न नसक्नु ।<br><br>४.दलित समुदायको सामाजिक न्यायको पक्षमा संवेदनशील तथा जवाफदेही बनाउन कठिन ।<br><br>५. आर्थिक, भौतिक, राजनैतिक र सामाजिक आवस्थामा अपेक्षित परिवर्तन नहुनु ।<br><br>६. विभिन्न क्षेत्रमा रहेका दलित शक्तिहरु एकिकृत र संगठित हुन नसक्दा अभियान कमजोर हुनु ।<br><br>७. विगतमा सामन्ती निरकुंस राज्यसत्ताले सृजना गरेका सबै प्रकारका जातीय विभेद र उत्पीडनको निरन्तरता हुनु ।<br><br>८. दलितलाई सत्ता तथा शक्तिमा पुर्‍याउन नचाहने शासक जातिका स्वार्थहरुले अवरोध श्रृजना गरिरहनु । |

# परिच्छेद ३: दूरदृष्टि, ध्येय, लक्ष्य, उद्देश्य, मूल्य-मान्यता तथा रणनीतिक मार्गहरु

दूरदृष्टि, ध्येय, लक्ष्य, उद्देश्यहरू र मूल्यमान्यताहरु संस्थाको पहिचान, दिशा तथा प्राथमिकताहरू परिभाषित गर्ने प्रमुख तत्वहरू हुन जसले रणनीतिक योजनालाई निर्देशित गर्दछन् । यस रणनीतिक योजनाका दूरदृष्टि, ध्येय, लक्ष्य, मूल्य मान्यता र रणनीतिक मार्गहरु निम्न बमोजिम रहेका छन्:

## ३.१ दूरदृष्टि (Vision)

विभेदमुक्त समतामूलक समाज ।

## ३.२ ध्येय (Mission)

दलित समुदायलाई सशक्तीकरण, आम जनतालाई जागरुक तथा राज्यलाई जवाफदेही बनाउँदै दलित समुदायका लागि मानव अधिकार र सामाजिक न्याय सहित सम्मानपूर्ण तथा मर्यादित जीवन सुनिश्चित गर्ने ।

## ३.३ लक्ष्य (Goal)

दलित समुदाय विरुद्ध हुने जातीय भेदभाव तथा छुवाछूतको अन्त्य तथा राज्यका संरचनाहरुमा समानुपातिक सहभागिता र अवसरहरु समन्यायिक पहुँच बढाउँदै दलित समुदायको हक अधिकारको प्रवर्द्धन र संरक्षण गर्ने ।

## ३.४ उद्देश्यहरु (Objectives)

१. राष्ट्रिय दलित आयोगको कार्यादेश अनुरुप आवश्यक नीति तथा कार्यविधिहरु निर्माण, मानव संशाधन व्यवस्थापन र वित्तीय स्रोतको परिचालन गरी संस्थागत सुदृढीकरण गर्ने ।

२. दलित उत्थान र विकासका लागि अध्ययन तथा अन्वेषणमा आधारित नीतिगत, कानूनी र संस्थागत सुधारलाई प्रवर्द्धन गर्ने ।

३. दलित समुदायले आफ्नो हक अधिकार उपभोग गर्न सक्ने वातावरण बनाउन जातीय भेदभाव तथा छुवाछूतका अभ्यासमा न्यूनीकरण ल्याउने ।

४. दलित समुदायलाई राष्ट्रिय विकासको मूल प्रवाहमा समाहित गर्न तथा राज्यका सबै अंगहरुमा समानुपातिक सहभागिता सुनिश्चिततताका लागि मौजुदा कानूनहरुको समीक्षा, अनुगमन तथा पैरवीलाई सुदृढ गर्ने ।

५. दलित समुदायको उत्थान तथा हितमा संविधानमा भएका विशेष व्यवस्था लगायत दलित हितसँग सम्बन्धित कानूनहरुको पालना र कार्यान्वयनमा प्रभावकारिता बढाउने ।

६. दलित समुदायको अधिकारसँग सम्बन्धित अन्तर्राष्ट्रिय सन्धि तथा सम्झौताहरुको कार्यान्वयनमा राज्य र सरोकारवालाहरुको सहकार्य र जवाफदेहिता बढाउने ।

## ३.५ मूल्य मान्यताहरु (Values)

मूल मूल्यमान्यताहरू संस्थाको व्यवहार र निर्णयलाई मार्गदर्शन गर्ने आधारभूत सिद्धान्तहरू हुन् । यसले संस्थाको संस्कृति र नैतिकता निर्माण गर्छन् । यी मूल्यहरू सम्झौतारहित (अपरिवर्तनीय) हुन्छन्  । राष्ट्रिय दलित आयोगको इतिहास २४ वर्ष भईसक्यो र यसको बाहिरको छवि भनेको दलित अधिकारका लागि काम गर्ने संवैधानिक संस्था हो। अतः यो छविलाई अझ संस्थागत गर्न तथा यसलाई व्यवहारमा समेत लागू गर्न तथा गराउनको लागि निम्न मूल्य मान्यताहरुको कल्पना गरिएको छ।

### अविभेद

दलित समुदायको मुख्य समस्या भनेकै जातमा आधारित विभेद हो जस्को विरुद्ध उनीहरुले विगत सात दशक भन्दा लामो संघर्ष गर्दै आएका छन् । यही जातमा आधारित छुवाछूत र विभेद अन्त्य गरी दलित समुदायको सम्मानित जीवनका लागि दलित आयोगको स्थापना भएको हो । तसर्थ आयोगले आफ्ना हरेक पहलहरुमा अविभेदको सुनिश्चितता गर्नेछ। आयोग कसैलाई कुनै पनि प्रकारको विभेद नगर्ने र विभेदलाई शून्यसहनशीलताको दृष्टिले व्यवहार गर्नेछ। आयोगका पदाधिकारी तथा कर्मचारीहरुले आफ्नो व्यवहारमा समेत अविभेदलाई पालना गर्नु पर्नेछ ।

### समानता

जातका आधारमा दलित समुदायलाई असमान व्यवहार गरिन्छ र यो असमानता आर्थिक, सामाजिक, राजनैतिक तथा सांस्कृतिक क्षेत्रमा

समेत देखिन्छ । यी सबै असमानताहरु हटाउनु तथा त्यसलाई कम गर्न आवश्यक पहल गर्नु दलित आयोगको प्रमुख कामहरु मध्ये एक हो । दलित समुदायले सबै क्षेत्रमा पाउनु पर्ने समानताको लागि सबैभन्दा पहिले समता (सामाजिक न्याय) सुनिश्चितताका लागि आयोग क्रियाशील हुनेछ । आयोग दलित भित्रको असमानतालाई हटाउनका लागि पनि समानान्तर रुपमा गर्दै जानेछ ।

## सहभागिता

लोकतान्त्रिक व्यवस्था भनेको सहभागितामा आधारित व्यवस्था हो । सहभागिताले जनताको अपनत्वको पनि विकास गर्दछ । दलित समुदायको सहभागिता राजनीतिक, तथा प्रशासनिक क्षेत्र लगायत राज्यको सबै संरचना तथा तिनका प्रकृया र परिणाममा समेत हुनुपर्ने दलित आयोगको मान्यता रहेको छ । यसको लागि दलित आयोगले हरेक तहमा वकालत गर्नुका साथै आफ्ना सबै प्रकृयाहरुमा सरोकारवालाहरुलाई सहभागी गराउने छ।

## जवाफदेहिता

जब कुनै सार्वजनिक पद धारण गरेको व्यक्तिले कुनै कामको जिम्मा लिन्छ र गर्छ भने त्यो कामको पकृया र परिणाम प्रति पनि सोही व्यक्ति पूर्ण जिम्मेवार हुन्छ र त्यसको उचित जवाफ दिनु पर्ने हुन्छ । संस्थाको हकमा पनि त्यही लागु हुन्छ । दलित आयोगले दलित समुदायको हितमा काम गर्न स्थापित संस्था भएकाले दलित समुदाय र सरोकारवालाहरु प्रति जवाफदेहिता सुनिश्चित गर्नेछ । राज्य र यसका संयन्त्रहरुलाई दलित समुदायका अधिकार हरुको सुनिश्ति गर्न गराउन जवाफदेही बनाउन आयोगको महत्वपूर्ण भूमिका निर्वाह गर्नेछ ।

## मानव अधिकार कानूनसँग सम्बन्धित

दलित अधिकार मानव अधिकार हो । मानव अधिकार सुनिश्चितताका राष्ट्रिय र अन्तर्राष्ट्रिय कानूनको महत्वपूर्ण सम्बन्ध हुन्छ । दलित आयोग मानवअधिकार सम्बन्धि राष्ट्रिय कानून तथा सबै प्रकारका जातीय विभेद उन्मूलन सम्बन्धि महासन्धि लगायतका अन्तर्राष्ट्रिय सन्धि तथा प्रोटोकलहरुकोहरुको पूर्ण स्थानीयकरण र कार्यान्वयन गर्न गराउन प्रतिवद्ध रहनेछ ।

## पारदर्शिता

जवाफदेहिता तथा पारदर्शिता सुशासनका महत्वपूर्ण अवयवहरु मध्येका हुन् । सुशासनका लागि दलित आयोगले आफ्ना सबै कामहरुको यसका सरोकारवालाहरुलाई पारदर्शिता रुपमा अनुरुप उपलब्ध गराउने छ । अन्य सरोकारवाला निकायहरुबाट पनि दलित समुदायलाई प्रत्यक्ष वा अप्रत्यक्ष सरोकार राख्ने विषयहरुको बारेमा पारदर्शिता सुनिश्चितताको लागि सम्वाद र सहकार्य गर्दै जानेछ ।

## सम्मान र मर्यादा

समाजका सबै जीवनमा सम्मान र मर्यादा प्राप्त गर्नु दलित समुदायको मुख्य आकांक्षाका र अधिकार पनि हो । यसैको सुनिश्चितताका लागि आयोगको स्थापना भएको हो र यसका लागि प्रतिवद्ध रहनेछ । सबैले आपसी सम्मान र मर्यादा प्रवर्द्धन गर्न सके अन्ततः सबैको सम्मान र मर्यादा सुनिश्चित हुन्छ भन्ने विश्वास समेत आयोगले राख्दछ ।

## स्वायत्तता

आयोगले संवैधानिक आयोगको गरिमा र पेरिस सिद्धान्तको मर्म अनुरुप दलित आयोगलाई प्रशासनिक, वित्तीय तथा कार्यविधिगत रुपमा स्वायत्तता र स्वतन्त्रताको अपेक्षा राख्दछ र यसको लागि क्रियाशील पनि रहनेछ ।

## निष्पक्षता

आयोगलाई न्यायिक अधिकार प्राप्त नभएता पनि यसले दलित समुदाय विरुद्ध भएका मानव अधिकार उल्लघंन, र ज्यादतिका घटनाहरुमा पीडितको न्यायका लागि उजुरी तथा न्यायिक प्रकृयामा समेत सहजीकरण गर्ने कार्य समेत गर्दछ । यसका लागि आयोगले आफ्ना कार्यहरुमा निष्पक्षतालाई केन्द्रमा राखेर काम गर्नेछ ।

## ३.६ रणनीतिक मार्गहरुरउपागमहरु (Strategic Approaches)

दलित आयोगसँग सरकारले वार्षिक रुपमा उपलब्ध गराउने नियमित तर अत्यन्त सीमित श्रोत रहेको छ । पेरिस सिद्धान्तले अंगीकार गरेका धेरै प्रावधानहरु दलित आयोगले लागु गर्न त पर्छ तर त्यसको लागि पनि सरकारबाट तथा अन्य

निकायहरुको साथ सहयोगको आवश्यकता पर्दछ । नेपालमा दलित समुदाय यस्तो समुदाय हो जो समाजको पीधमा त छ नै छुवाछूत र यसबाट श्रृजित अनेकौं समस्यासँग यो सधै जुझ्नुपर्ने हुन्छ। यसै बीचमा कैयौं मानव अधिकार हननका घटनाहरु पनि घटिरहेका हुन्छन । त्यस्तै राज्यले भएकै नीति तथा कानून लागु नगर्ने, नयाँ बनाउनु पर्ने तथा त्यसको कार्यान्वयनमा दवाव र प्रभाव पनि श्रृजना गर्नु पर्ने हुन्छ। यीनै कुराहरुलाई मनन गर्दै न्यूनतम श्रोत साधनवाट अधिकतम नतिजा प्राप्त गर्न अपनाउनु पर्ने रणनीतिक उपागमहरु (Approaches) निम्नानुसार हुनेछन् ।

## १. पैरवी तथा लवी

दलित आयोगको मुख्य काम भनेको दलित अधिकार तथा हित सुनिश्चित गर्न सरकारलाई आवश्यक सिफारिस तथा सुझाव दिनु रहेको छ। सुझाव यत्तिकै दिएर त्यसको सुनुवाई हुने परम्परा अत्यन्त कम रहेको छ अत त्यसको लागि निरन्तर पैरवी र लवी गर्नुपर्ने हुन सक्छ । पैरवी अर्थात वकालत व्यापक प्रयोग अधिकार प्राप्ति तथा भएका नीति नियमहरुको निर्माण, परिमार्जन र कार्यान्वयनका लागि हुने गरेको छ र यसलाई अधिकारमुखी क्षेत्रमा काम गर्ने संस्थाहरुले यसलाई उपागम तथा रणनीतिको रुपमा प्रयोग गर्ने गर्दछन्। दलित आयोग पनि दलित अधिकारको लागि काम गर्ने भएको हुँदा यो पैरवी र लवीलाई एक रणनीतिका उपागमको रुपमा प्रयोग गरिने छ।

## २. सहकार्य

दलित आयोग एउटा संवैधानिक आयोग भएको हुँदा योसँग विशेष अधिकारहरु हुने आंकलन गरिन्छ । तर यसको भूमिकालाई केवल सरकारलाई सुझाव र सिफारिस दिनेमा सीमित गरिएको छ। सुझाव र सिफारिस हरुको कार्यान्वयनका लागि सरकार र राज्यका अन्य निकायहरु जिम्मेवार हुने हुँदा सहकार्य आवश्यक पर्दछ । सुझाव र सिफारिसको कार्यान्वयन नभएको सन्दर्भमा नैतिक दवाव सिर्जना गर्नका लागि एकीकृत शक्ति पनि अत्यावश्यक हुन्छ। यस्तो एकीकृत शक्ति समान उद्देश्य भएका व्यक्ति तथा संस्थाहरुसँग सहकार्य गर्दा प्राप्त हुन्छ। खास गरी दलितका गैरसरकारी संस्थाहरु, अन्य विषयगत आयोगहरु, राजनीतिक दलका दलित भातृ संगठनहरु तथा अन्य राष्ट्रिय तथा अन्तर्राष्ट्रिय मानव अधिकारवादी संस्थाहरुसँग अधिकतम सहकार्य गरी आयोगको कामलाई थप प्रभावकारी र परिणाममुखी बनाईने छ।

## ३. सञ्जालीकरण

समान उद्देश्यहरु भएका राष्ट्रिय तथा अन्तर्राष्ट्रिय संस्थाहरुसँग एक आपसमा जोडिँदा त्यसले ज्ञान आदान प्रदान, शक्ति निर्माण तथा पैरवी गर्न धेरै सहज हुन्छ। दलित आयोग जस्तै अन्य आयोगहरुसँग सञ्जालीकरण त भई नै रहेको छ भने दलित मानव अधिकारमा क्रियाशील संघ संस्थाहरुसँग खासगरी अन्तर्राष्ट्रिय स्तरमा संजालीकरण गर्नु आयोगको रणनीतिक उपागमहरु मध्ये एक हुने छ। दलित अधिकारको क्षेत्रमा क्रियाशील आईडिएसएन, आईसिडिआर, एडीआरफ, इमाडर, वुराकु लिवरेशन लिग लगायतका अन्तर्राष्ट्रिय संस्थाहरु संस्थाहरुसँग पनि सञ्जालीकरण मार्फत ज्ञान र सिकाई साझा गरिने छ।

## ४. पूर्व सकृय, प्रतिकृयाशिल र अन्तरकृयाशिल

संवैधानिक कार्यादेश तथा दलित अधिकारका अन्य क्षेत्रहरुमा गर्नुपर्ने कार्यहरु धेरै हुन सक्छन्। तसर्थ तिनिहरुको बारेमा वार्षिक कार्ययोजना बनाएर दलित आयोगले काम गर्नुपर्ने हुन्छ। त्यस्ता कार्यहरु पूर्व सकृय उपागम भित्र पर्दछन्। दलितका विरुद्ध विभिन्न घटनाहरु घट्न सक्छन् वा त्यस्ता घटनाहरुको संचार वा सामाजिक सञ्जालमा सूचना वा रिपोर्टिङ हुन सक्छन्। त्यस्ता घटनाहरुको तत्काल संज्ञानमा लिएका कार्वाही अगाडि बढाउनका लागि दलित आयोग प्रतिकृयाशिल हुनुपर्ने हुन्छ, अर्थात घटना घटिसके पछि त्यसको विषयमा प्रतिकृयाशिल हुनु वा सो समस्या सम्बोधनका लागि कार्य गर्नु पर्दछ। सवालहरुको सामुहिक समाधान खोजी गर्न तथा आयोगका पहलरुको पैरवी, सहकार्य तथा सञ्जालीकरण गर्नको लागि विभिन्न व्यक्ति तथा संस्थाहरुसँग संवाद र अन्तरकृयाहरु गर्नु पर्ने हुन्छ त्यस्तोमा अन्तरकृयाशिल उपागम अपनाएर काम गरिने छ।

# परिच्छेद ४:
# प्राथमिकता, रणनीति र मुख्य कार्यक्रमहरु

## ४.१. प्राथमिकता–१: आयोगको संस्थागत सुदृढीकरण

### विद्यमान अवस्था, मुख्य समस्या र चुनौतिहरु

आयोगको स्थापना २०५८ सालमा भए तापनि यसको संस्थागत सुदृढीकरण अपेक्षित रूपमा हुन सकेको छैन । यसो नहुनुमा कानून नहुनु र संविधान बनेपछि करिब दुई वर्षसम्म आयोग पदाधिकारीविहीन रहनु प्रमुख कारण हुन् । त्यस्तै, स्थायी भनिएका कर्मचारीहरू पनि सरकारले नखटाउनु र खटाइएका कर्मचारीहरू लामो समयसम्म नटिक्नु अर्को समस्या हो । सबैभन्दा ठूलो समस्या आयोगका प्रमुख प्रशासक सचिवको कार्यकाल ६ महिना भन्दा कम हुनु र सकेसम्म आयोगमा आउन नचाहनु देखिन्छ । कार्यरत कर्मचारीहरूले पनि आफ्नो कार्यसम्पादन भन्दा बढी व्यक्तिगत वृत्ति विकासतर्फ ध्यान दिने गरेको देखिन्छ। वित्तीय रुपमा आयोगको निर्भरता नेपाल सरकारसँग रहेको छ, जुन अत्यन्त सीमित छ । आयोगप्रति आम दलित समुदायको अपेक्षा अत्यन्त उच्च छ, तर ती अपेक्षाहरू आयोगसँग रहेका वित्तीय स्रोत-साधनले मात्र सम्बोधन गर्न नसक्ने अवस्था छ ।

राष्ट्रिय दलित आयोग संवैधानिक निकाय भए पनि यसले सम्बोधन गर्नु पर्ने दलितका सवाल बहुआयामिक छन्। यस्ता बहुआयामिक समस्या र सवालहरूलाई एक्लै सम्वोधन गर्न असम्भव हुने भएकाले आयोगले विभिन्न निकाय र संस्थासँग निरन्तर समन्वय, संवाद तथा सहकार्य गर्नुपर्ने आवश्यकता हुन्छ ।

## रणनीति तथा मुख्य कार्यक्रमहरुः

| रणनीतिहरु | मुख्य कार्यक्रमहरु |
|---|---|
| **रणनीति-१.१** आयोगको कार्य सञ्चालनका लागि आवश्यक नीति तथा कार्यविधिहरुको निर्माण, परिमार्जन र कार्यान्वयन गर्ने । | **१.१.१** आवश्यक नयाँ तथा अद्यावधिक गनुपर्ने नीति तथा कार्यविधिहरुको सूची तयार गर्न परामर्श तथा छलफल आयोजना गर्ने ।<br>**१.१.२** आवश्यक नीति, निर्देशिका तथा कार्यविधिहरु आयोग स्वयं वा विज्ञको सहयोगमा निर्माण र अद्यावधिक गर्ने ।<br>**१.१.३** आयोगका नीति, निर्देशिका तथा कार्यविधिहरुका बारेमा पदाधिकारी तथा कर्मचारीहरुलाई अभिमुखीकरण गर्ने । |
| **रणनीति-१.२** दलित आयोगलाई आवश्यक न्यूनतम आर्थिक श्रोतको व्यवस्थापन गर्न सरकार तथा सम्भाव्य साझेदार संस्थाहरुसँग समन्वय र पैरवी गर्ने । | **१.२.१** वित्तीय स्रोत साधन व्यवस्था गर्न नेपाल सरकारसँग माग र पैरवी गर्ने ।<br>**१.२.२** संघीय मामिला तथा अर्थ मन्त्रालयसँग वैठकहरु गर्ने ।<br>**१.२.३** रणनीतिक योजना कार्यान्वयनका लागि आवश्यक बजेट अनुमान तथा स्रोत पहिचान गर्न आयोग भित्र छलफल गर्ने ।<br>**१.२.४** दलित गैरसरकारी संघसंस्थाहरुसँग सहकार्यका क्षेत्रहरु पहिचान गर्ने र नियमित समन्वय बैठक तथा सञ्चार गर्ने ।<br>**१.२.५** अतिरिक्त वित्तीय स्रोत परिचालनका लागि नेपाल सरकारको समन्वय र सहयोगमा संयुक्त राष्ट्रसँग सम्बन्ध निकायहरु, इयूरोपेली युनियन, विश्व बैंक र एशियाली विकास बैंक जस्ता बहुपक्षीय संस्थाहरु तथा मानव अधिकारमा काम गर्ने अन्तर्राष्ट्रिय संस्थाहरुसँग सञ्चार, भेटघाट र वैठकहरु गर्ने । |

| | |
|---|---|
| **रणनीति-१.३** आयोगको कार्यादेश अनुरुप कार्य गर्न आवश्यक मानव संसाधनको व्यवस्था तथा कर्मचारीहरुको वृत्ति विकासका लागि अवसरहरु निर्माण र प्रदान गर्ने । | **१.३.१** पदाधिकारी तथा सबै तहका कर्मचारीहरुको क्षमता विकास आवश्यकता पहिचान गर्ने ।<br>**१.३.२** आयोगमा पदाधिकारी तथा कर्मचारीको सीप र क्षमता विकास गर्न तालिम, सेमिनार तथा कार्यशाला आयोजना गर्ने ।<br>**१.३.३** पदाधिकारी तथा कर्मचारीका लागि अन्तर्राष्ट्रिय तथा राष्ट्रिय सिकाई अवलोकन भ्रमणका अवसर खोजी सहभागी गराउने । |
| **रणनीति-१.४** आयोगको दैनिक कार्य सञ्चालनका लागि पर्याप्त भौतिक संरचना र पूर्वाधारहरु व्यवस्था गर्ने । | **१.४.१** आयोगका भौतिक संरचना र पूर्वाधारहरुलाई लैङ्गिकमैत्री तथा अपाङ्गमैत्री बनाउने ।<br>**१.४.२** प्रदेश कार्यालयहरु स्थापना गर्दा समुदायमैत्री, लैङ्गिकमैत्री तथा अपाङ्गमैत्री बनाउने ।<br>**१.४.३** दलित आयोग कार्यालय सञ्चालनका लागि स्थायी भवनको व्यवस्था गर्न नेपाल सरकार र सरोकारवालाहरुसँग पहल र पैरवी गर्ने ।<br>**१.४.५** आयोगको कार्य सञ्चालनमा डिजिटल प्रविधिको प्रयोग बढाउन आवश्यक पूर्वाधार व्यवस्था गर्ने । |
| **रणनीति-१.५** दलित सम्वद्ध संस्थाहरुसँग समन्वय र सहकार्य गर्ने । | **१.५.१** दलित गैरसरकारी संस्थाहरुसँग सहकार्य र साझेदारी लागि सञ्चार र समन्वय गर्ने ।<br>**१.५.२** राजनीतिक दलका दलित भातृ संगठनहरु तथा दलित सांसदहरुसँग अर्न्तक्रिया र छलफल गर्ने । |
| **रणनीति-१.६** राष्ट्रिय तथा अन्तर्राष्ट्रिय मानव अधिकारवादी निकाय तथा संस्थाहरुसँग समन्वय, सम्वाद तथा सहकार्य गर्दै आपसी सहयोग तथा साझेदारी अभिवृद्धि गर्ने । | **१.६.१** राष्ट्रिय मानव अधिकार आयोग, तथा अन्य आयोगहरुसंग नियमित भेटघाट, सञ्चार तथा सिकाई साझा गर्न वैठकहरु आयोजना गर्ने।<br>**१.६.२** नेपाल सरकारसँग समन्वय गरी भारतको अनुसूचित जाति आयोगसँग भारचारा सम्बन्ध स्थापित गर्न तथा आपसी सहकार्यका लागि सञ्चार, समन्वय तथा भ्रमणहरु गर्ने । |

## प्राथमिकता–२: अध्ययन तथा अन्वेषण आधारित नीति तथा कानूनी सुधार

### विद्यमान अवस्था, मुख्य समस्या र चुनौतिहरु

नेपालमा दलितहरुको पक्षमा नीति तथा कानूनहरु नभएका होईनन, तर त्यसको प्रभावकारी कार्यान्वयनको अभाव रहेको छ । संविधानलेनै ग्यारेन्टी गरेका धेरै अधिकारहरु रहेका छन् र त्यसलाई कानून वनाएर कार्यान्वयनमा लैजाने उल्लेख गरिएको छ तर त्यस तर्फ राज्यले काम गरेको देखिदैन वा गरेको पनि पर्याप्त छैन । राज्यले विभिन्न नीति, नियम तथा कानूनहरु वनाई रहेको हुन्छ र कहिले सरकारले नै तथा कहिले दलितको सरोकारलाई सम्वोधन गर्नको लागि सुझावहरु दिनु पर्ने हुन्छ । चाहे त्यो नयाँ नीति वा कानूनहरु वनाउँदा होस् वा त्यसमा सुधार ल्याई कार्यान्वयन गर्ने होस त्यो क्षेत्रमा आयोगले निरन्तर काम गर्दै खवरदारी सहित सुझाव र कार्यान्वयनमा जोडवल दिनको लागि निम्न कार्यहरु गर्ने रणनीति लिईने छ । शासन त्यसले गर्छ जस्ले ज्ञान तथा विचारको निर्माण गर्छ, त्यसलाई कार्यान्वयन गर्ने नीति, कार्यक्रम र वजेट निर्माण गर्छ । यो कार्यमा दलित समुदायलाई सधै पछाडि पारियो र दलित समुदायले आफै ज्ञान निर्माण गर्ने सीप तथा श्रोत साधन पाएनन् । यो कमी अध्ययन र अन्वेषणमा आधारित नीति निर्माण लागि खड्किन्छ ।

### रणनीति तथा मुख्य कार्यक्रमहरुः

| रणनीतिहरु | मुख्य कार्यक्रमहरु |
|---|---|
| **रणनीति-२.१** दलित समुदायसँग सम्बन्धित ज्ञान निर्माण पुनःउत्पादन तथा समीक्षालाई प्रवर्द्धन गर्ने | **२.१.१** अध्ययन अन्वेषण तथा अनुसन्धानका लागि मापदण्ड सहित कार्यविधि तयार गर्ने ।<br>**२.१.२** व्यवस्थित पुस्ताकालय र समीक्षालय बनाइ उच्चतम उपयोग गर्ने ।<br>**२.१.३** आयोगले वा अन्य निकायले तयार पारेका दस्तावजेहरुको संग्रह तथा वितरण गर्ने ।<br>**२.१.४** दलित अध्ययन तथा अनुसन्धान क्षमता विकासका लागि अनुसन्धान विज्ञहरुसँग सहकार्यका लागि नियमित वैठकहरु गर्ने ।<br>**२.१.५** अध्ययन अन्वेषणका लागि रणनीतिक साझेदार खोज्ने । |

| | |
|---|---|
| **रणनीति-२.२** नयाँ कानून निर्माणका लागि अध्ययन अनुसन्धान तथा सरोकारवालाहरुसँग सहकार्य बढाउने । | **२.२.१** ३१ वटा मौलिकहरु मध्ये दलित मैत्री कानून आवश्यक भएको वा नभएको पहिचान गर्न अध्ययन गर्ने<br>**२.२.२** दलित सशक्तीकरण तथा विकासका लागि आवश्यक छाता ऐनको आवश्यकता तथा औचित्य पत्ता लगाउने सरोकारवालाहरुसँग परामर्श छलफल र अध्ययन गर्ने<br>**२.२.३** दलित विकास प्राधिकारणको आवश्यकता तथा यसको ऐन निर्माणको पहल गर्ने दलित सरोकारवालाहरु र सरकारसँग वहस आयोजना गर्ने । |
| **रणनीति-२.३** कानून सुधारका लागि तीनै तहका सरकारहरुसँग संवाद पैरवी र सहकार्य गर्ने । | **२.३.१** दलित सीमान्तकृत समुदायका अधिकारका लागि कानून निर्माणका लागि सांसद, संसदीय समिति, निर्वाचन आयोग, मन्त्रालयहरु, आदि सरोकारवालाहरुसँग नीति सम्वाद तथा अन्तर्क्रिया कार्यक्रम गर्ने<br>**२.३.२** दलितसँग सम्वन्धित ऐन, कानून, नीति, कार्यक्रम तथा बजेट बनाई कार्यान्वयन गराउनका लागि सम्वाद, पैरवी तथा सहकार्यहरु गर्ने<br>**२.३.३** संघ, प्रदेश र स्थानीय सरकारसँग दलित सवालमा नीति सम्वाद गर्ने।<br>**२.३.४** गाउँपालिका महासंघ, नगरपालिका महासंघ, जि.स.स महासंघसँग संवाद, सहकार्य र पैरवी गर्ने । |

## ४.३. प्राथमिकता–३: जातीय भेदभाव तथा छुवाछूतमा कमी

### विद्यमान अवस्था, मुख्य समस्या र चुनौतीहरु

दलित आयोगको अन्तिम लक्ष्य जातीय भेदभाव तथा छुवाछूतको अन्त्य हो । दलितहरुका लागि नेपालको संवैधानिक, कानूनी तथा अन्य नीतिगत व्यवस्थाहरु मात्र नभई अन्तर्राष्ट्रिय मानव अधिकारका सन्धि महासन्धिहरुले समेत संरक्षणको प्रत्याभूत गरेको भएतापनि जातीय विभेद, हत्या, हिंसा, वलात्कार तथा अन्तरजातीय विवाहमा अडचन र अमानवीय व्यवहारहरु सामान्य जस्तै

देखिन्छन् । यस्ता विभेदहरु नेपाल भर भएता पनि केही प्रदेश तथा क्षेत्रहरुमा अलि बढि नै हुने गर्दछन् । अहिलेका ७ प्रदेशहरु मध्ये यस्ता घटनाहरु मधेश, सुदूरपश्चिम तथा कर्णाली प्रदेशमा बढि हुने गर्दछन् । त्यस्ता विभेद तथा अपराधजन्य घटनाहरुबाट दलित समुदाय यति प्रताडित हुन्छन् की उनीहरुलाई उद्धार, राहत, पुनर्स्थापना तथा पुनःएकीकरण समेत गर्नु पर्ने आवश्यकता पर्दछ । खासगरी अन्तरजातीय विवाह जस्ता घटनाहरुमा दलित जोडिलाई उद्धार, राहत लगायतका सबै सहयोहरु गर्नुपर्ने आवश्यकता देखिन्छ । कतिपय विवाहरु उमेर नपुगेका किशोर किशोरी बीच हुने हुँदा त्यस्ता विवाहहरुलाई जो तथाकथित उच्च जातको हुन्छ उस्का परिवारले वालविवाह, मावन वेचविखन, वलात्कार, तथा अपहरण जस्ता आरोपमा फसाउने गरिएको समेत पाइन्छ । त्यस्तो अवस्थामा उनीहरुलाई पहिले उद्धारै गर्नुपर्ने हुन्छ र त्यसपछि अन्य प्रकृयाहरु अपनाउनु पर्ने हुन्छ । अति विभेद सहित समुदायमा वहिष्कार तथा गाउँ निकाला सम्मको घटनाहरुमा राहत प्रदान गर्नुका साथै उनीहरुको सहज जीवनयापन सहित पुनःस्थापना समेत गर्नुपर्ने हुन्छ । अन्तरजातीय विवाह गरेका जोडिलाई समाजमा पुनःएकीकरण समेत गर्नुपर्ने हुन सक्छ ।

दलित आयोग मार्फत जे जति कामहरु भएका छन् ती सबै कामहरुको एउटै वृहत उद्देश्य जातीय छुवाछूतको अन्त्य गर्दै दलितहरुलाई विभेद रहितको सम्मानित जीवन जिउने वातावरण स्थापना गर्नु वा गराउनु हो । दलित आयोगको मुख्य कामहरु मध्ये छुवाछूत तथा जातीय भेदभावजन्य कुनै पनि घटनाका पीडितहरुलाई न्याय दिलाउनु हो । यस्ता घटनाहरुबाट पीडितहरुको राहत र उद्धार बाहेक कानूनी सहायता तथा न्याय प्राप्तिमा सहयोग पनि रहेको हुन्छ ।

## रणनीति तथा मुख्य कार्यक्रमहरुः

| **रणनीतिहरु** | **मुख्य कार्यक्रमहरु** |
|---|---|
| **रणनीति-३.१** जातीय भेदभाव तथा छुवाछूतका घटनाहरुको उजुरी र अनुसन्धान प्रकृयामा सहजीकरण र सुधार | **३.१.१** घट्नाहरुको सुक्ष्म अनुगमन गर्ने ।<br>**३.१.२** आयोग मार्फत हुने उजुरी प्रकृयालाई सबैको पहुँचयोग्य बनाउन डिजिटल प्रविधिको प्रयोग गर्ने ।<br>**३.१.३** आयोगमा २४ घन्टा सातैदिन क्रियाशील रहने हटलाइनको व्यवस्था गर्ने । |

| | |
|---|---|
| **रणनीति-३.२** पीडितको उद्धार, राहत, पुनःस्थापना तथा पुनःएकीकरणका लागि सहयोग, समन्वय र सहकार्य गर्ने । | **३.२.१** उद्धार, राहत, पुनःस्थापना तथा पुनःएकिकरणका लागि सरकारी तथा गैर सरकारी निकायहरुसँग समन्वय वैठक गर्ने ।<br>**३.२.२** आयोगमा मनोसामाजिक परामर्श लगायतका विज्ञता भएका मानव श्रोतको व्यवस्था गर्ने । |
| **रणनीति-३.३** कानूनी परामर्श, सहायता तथा न्याय प्राप्तिमा सहयोग विस्तार गर्ने । | **३.३.१** कानुनी सहायता तथा परामर्शका लागि कानून अधिकृत व्यवस्था गर्ने।<br>**३.३.२** ७७ वटै जिल्ला प्रोबोनो वकिलहरुको सञ्जाल र सहकार्यका लागि पहिचान र सूची तयार गर्ने । |
| **रणनीति-३.४** दलित विरुद्ध हुने विभेद तथा अत्याचारमा कमी ल्याउन सरोकारवालाहरुलाई परिचालन, प्रभाव तथा पैरवी गर्ने । | **३.४.१** दलित विरुद्ध हुने विभेद तथा अत्याचारको देशव्यापी सर्वेक्षण गर्ने<br>**३.४.२** सर्वेक्षणले देखाएका क्षेत्रलाई सम्वोधन गर्ने रणनीति बनाउने र कार्यान्वयनमा लैजाने<br>**३.४.३** विगत चार वर्षमा आयोगले रेकर्ड राखी सिफारिस गरेका घटनाहरुको कार्यान्वयनको अवस्था पत्ता लगाई त्यसको अनुगमन गर्ने ।<br>**३.४.४** संयुक्त अनुगमन समितिलाई पुनःकृयाशील बनाउने ।<br>**३.४.५** सञ्चार माध्यमसँग प्रेसवार्ता तथा मिडियासँग सहकार्य गर्ने । |

## ४.४. प्राथमिकता–४: राज्यमा मूलप्रवाहिकरण र सहभागिता

### विद्यमान अवस्था, मुख्य समस्या र चनौतिहरु

संविधानको धारा ४० (१) ले राज्यका सबै निकायमा दलितलाई समानुपातिक समावेशी सिद्धान्तको आधारमा सहभागी हुने हक हुने उल्लेख गरिएको छ । सार्वजनिक सेवा लगायतका रोजगारीका अन्य क्षेत्रमा दलित समुदायको सशक्तीकरण, प्रतिनिधित्व र सहभागिताका लागि कानून बमोजिम विशेष व्यवस्था गरिनुपर्ने संवैधनिक प्रावधान छ । संविधानको धारा ४२ ले पनि सबै दलित

तथा अन्य सीमान्तकृत समुदायलाई सामाजिक न्यायसहित राज्यका अंगहरूमा समानुपातिक समावेशीको हक सुनिश्चित गरेको छ । यी बाहेक, संविधानको धारा ४० को उपधारा ७ ले दलित भित्रका महिला तथा अन्य सीमान्तकृत समुदायको सबै क्षेत्रमा पहुँच र प्रतिनिधित्वको व्यवस्था सुनिश्चित गरेको छ ।

संविधानले समानुपातिक समावेशी सहभागिता र प्रतिनिधित्वको सुनिश्चित गरेको भएता पनि कार्यान्वयनमा राजनीतिक दलहरु उदासीन देखिएका छन । २०७९ को निर्वाचन मार्फत गठित प्रतिनिधि सभामा करिव ६ प्रतिशत दलितको प्रतिनिधित्व छ भने राष्ट्रिय सभामा ११ प्रतिशत देखिन्छ । प्रदेश सभामा पनि प्रतिनिधित्व ६ भन्दा भन्दा कम छ । दलित जनसंख्याको तुलनामा यस्तो प्रतिनिधित्व आधा कम हो ।

आयोगले सूचीकृत गरेका २७ वटा दलित जातमध्ये केही समूहहरुको मूलप्रवाहीकरणका लागि आयोगले विशेष प्राथमिकता दिनुपर्ने अवस्था छ । नेपालको मानव विकास सूचकांकमा दलितहरू पहिल्यै पछाडि छन् भने मधेशमा मुसहर सबैभन्दा तल छन । तराई मधेशमा कलर, ककहिया, खटिक, नटुवा, चिडीमार जस्ता जातहरूको एकीकृत जनसंख्या पाउन गाह्रो छ र उनीहरूको वसोवास क्षेत्र पहिचान गर्न पनि समस्या छ। पहाडमा मुख्यतः लुम्बिनी, कर्णाली तथा सुदूरपश्चिम प्रदेशमा छरिएर रहेका वादी समुदायले मानवोचित जीवन जिउन पाएको छैन । उनीहरुको जनसंख्या अस्वभाविक परिवर्तन देखिएको छ । वि.सं. २०६८ को जनगणनामा उनीहरूको संख्या ३८ हजार देखिए पनि २०७८ को जनगणनामा ११ हजार मात्र देखाइएको छ । यसरी उनीहरूको संख्या र पहिचानमा संकट देखिएको छ। आयोगले वादीहरूसँग सम्बन्धित संघ-संस्थासँग सहकार्य गर्दै अध्ययन, अनुगमन र पैरवी गर्नुपर्ने देखिन्छ ।

विगतमा नेपालका केही भूगोलहरुमा दलित समुदायका व्यक्ति तथा परिवारहरु बँधुवा मजदुर तथा दासको रुपमा काम गर्न बाध्य थिए । कानूनी रूपमा नेपालमा दास प्रथा राणा प्रधानमन्त्री चन्द्र शम्शेरको पालामा वि.सं. १९८२ मा कमारा-कमारी प्रथाको अन्त्य भइसकेको थियो । त्यसपछि जनजाति समुदायहरू मुक्त भए । २०५८ सालमा कमैया तथा कमलरी प्रथाको पनि अन्त्य भएको थियो, जसमा थारु समुदाय सबैभन्दा बढी पीडित थिए । पूर्वका हरवा-चरवा तथा पश्चिमका हलिया प्रथाबाट दलित समुदाय सबैभन्दा बढी प्रभावित थिए । सरकारी नीति अनुसार हाल उनीहरू मुक्त घोषणा भई

पुनःस्थापनाका कार्यक्रम सञ्चालन गरिएका छन् । तर मुख्यतः मधेश र केही कोशी प्रदेशका पूर्वका हरवा-चरवाका लागि पर्याप्त पुनःस्थापन कार्यक्रम गरिएको देखिँदैन ।

राज्यका अंगहरूमा सहभागिता र मूलप्रवाहीकरण हुन पाउनु दलित समुदायको प्राकृतिक हक समेत भएको कुरा आयोगले आत्मसात गर्दै आएको छ ।

## रणनीति तथा मुख्य कार्यक्रमहरुः

| रणनीतिहरु | मुख्य कार्यक्रमहरु |
|---|---|
| **रणनीति-४.१** अति सीमान्तकृत दलित महिला, मधेशी दलित, वादी समुदाय तथा दासप्रथाका पीडित (मुक्त हरवा चरवा तथा मुक्त हलिया) मूलप्रवाहीकरण र प्रतिनिधित्व प्रवर्द्धन गर्ने | **४.१.१** अति सीमान्तकृत तथा लोपोन्मुख दलित समुदायको अध्ययन, अनुसन्धान तथा बृहत्तर विकासका लागि अध्ययन र पैरवी गर्ने ।<br>**४.१.२** वादि समुदायसँग सम्बन्धित संघसंस्थाहरुसँग सहकार्य र अध्ययन गर्ने ।<br>**४.१.३** दलित महिलाहरुको जातीय, लैङ्गिक तथा वर्गिय विभेद सम्बोधन गर्न आयोगका एकजना पदाधिकारी (सदस्य) को पहलमा सम्बोधन<br>**४.१.४** दास प्रथा तथा कृषि बधुवा मजदुरको अवशेष मुक्त हलिया तथा मुक्त हरवा चरवाको उचित पुनःस्थापनाको लागि सरकार र संघ संस्थासँग समन्वय, सहकार्य र पैरवी गर्ने<br>**४.१.५** दलित समुदायभित्रका अपांगता भएका व्यक्तिहरुको सबै प्रकारका अधिकार लागि काम गर्ने |
| **रणनीति-४.२** संविधानका धारा ४० को उपधारा १ लाई कार्यान्वयन गर्न आवश्यक पहल तथा पैरवी गर्ने । | **४.२.१** राज्यका सुरक्षा निकाय, निजामती सेवा तथा संस्थानहरुमा दलितको समावेशीताको अवस्थाको अध्ययन गर्ने<br>**४.२.२** अध्ययन प्रतिवेदनका आधारमा सरोकारवालाहरुको ध्यानाकर्षणसहित कार्यान्वयनका लागि पहल तथा प्रभाव पार्ने । |

| | |
|---|---|
| **रणनीति-४.३** समानुपातिक सहभागिता तथा प्रतिनिधित्वका लागि सबै तहका सरकार तथा निकायहरुसँग समन्वय गर्ने । | **४.३.१** संघ प्रदेश तथा स्थानीय तहमा समानुपातिक प्रतिनिधित्वको अवस्थाको अध्ययन र समीक्षा गर्ने ।<br>**४.३.२** स्थानीय, प्रदेश तथा संघीय प्रतिनिधित्वमूलक संस्थाहरूमा पनि समानुपातिक प्रतिनिधित्वको अनुगमन सहित पैरवी गर्ने ।<br>**४.३.३** राजनीतिक दल, निर्वाचन आयोग तथा अन्य सरोकारवालालाई ध्यानाकर्षण गर्ने र अध्ययन प्रतिवेदन साझा गर्ने । |

## प्राथमिकता–५: नीति र कानूनहरुको कार्यान्वयनका लागि क्षमता अभिवृद्धि तथा सहकार्य

### विद्यमान अवस्था, मुख्य समस्या र चुनौतीहरु

नेपालमा दलितका सवालमा कानून तथा नीति बनाउने सवाल जति महत्वपूर्ण छ, त्यसको कार्यान्वयन अझ जटिल देखिन्छ । जातीय भेदभाव तथा छुवाछूत (कसुर र सजाय) ऐन, वि.सं. २०६८ मा आएको भए पनि हालसम्म यसको कार्यान्वयन त्यति सन्तोषजनक देखिदैन ।

कानून कार्यान्वयन गर्ने दुई महत्वपूर्ण निकायहरु नेपाल प्रहरी र महान्यायाधिवक्ताको कार्यालय हुन । उनीहरू विगतमा दलितको सवालमा अत्यन्त उदासीन रहेको पाइन्छ । यसको कारणहरु मध्ये उनीहरू दलित सवालमा जानकार नहुनु र त्यसलाई कसरी सम्बेधन गर्ने भन्ने ज्ञान तथा सीपको कमी पनि हो । प्रहरी दलित सवालमा संवेदनशील नभएको गुनासो सम्बोधन गर्न वि.सं. २०७९ सालमा ७ प्रदेश, ७७ जिल्ला तथा दुई विभागमा गरी ८६ वटा दलित सेल स्थापना भई काम अघि बढेको छ । उनीहरूको क्षमता अभिवृद्धि र दलित सवालमा संवेदनशीलता विकास प्रमुख विषय रहँदै आएको छ । दलित समुदायले प्रहरीमा उजुरी तथा जाहेरी गाराउँदा समस्या भोग्नुपरेको गुनासाहरु पनि छन ।

कुनै पनि सरकारवादी मुद्दा पहिले प्रहरीले अनुसन्धान गर्छ । त्यसपछि तोकिएको म्याद भित्र सरकारी वकिलको कार्यालयमा लैजान्छ र बाँकी अदालतमा लैजाने काम सरकारी वकिलको हो । सरकारी वकिलका कार्यालय जिल्ला, उच्च तथा सर्वोच्च गरी तीन तहमा रहेका छन् भने महान्यायाधिवक्ताको कार्यालय

केन्द्रीय स्तरमा रहेको छ, जसको अन्तर्गत सबै सरकारी वकिलका कार्यालयहरू पर्छन । प्रहरीले गरेको अनुसन्धानको आधारमा सरकार अर्थात् पीडितको पक्षमा वकालत गर्नु उसको कर्तव्य भए पनि दलितका मुद्दामा वकिल अलि उदासीन वा असंवेदनशील हुने गुनासो सुनिन्छ । त्यसैले अदालत पुगिसकेपछि छुवाछूत तथा विभेदका मुद्दामा पीडकले सफाइ पाउने वा कम सजाय पाउने अवस्था देखिन्छ ।

सरकारले गरिब तथा असहाय नागरिकलाई न्याय प्राप्तिमा सजिलो होस् भन्ने उद्देश्यले सबै जिल्लामा वकिलको व्यवस्था गरेको छ । ती वकिललाई मासिक वेतन वा मुद्दाको आधारमा पारिश्रमिक दिने व्यवस्था छ । यस्ता वकिलसँग समन्वय र सहकार्य गरेर गरिब तथा असहाय दलितलाई न्याय दिलाउन सकिन्छ ।

## रणनीति तथा मुख्य कार्यक्रमहरुः

| रणनीतिहरु | मुख्य कार्यक्रमहरु |
|---|---|
| **रणनीति-५.१** नेपाल प्रहरीसँग निरन्तर समन्वय, सम्वाद र क्षमता अभिवृद्धिमा सहकार्य गर्ने । | **५.१.१** प्रहरीका उच्च अधिकृतहरुसँग वैठकहरु गर्ने ।<br>**५.१.२** नेपाल प्रहरीभित्र स्थापित दलित सेलहरुसँग छुवाछूत निर्मूल गर्ने अभियानमा सहकार्य/क्षमता अभिवृद्धि र सचेतना अभिवृद्धि गर्ने ।<br>**५.१.३** प्रहरी, सरकारी वकिल तथा न्यायाधिशहरुको सम्वेदनशीलतासहित क्षमता अभिवृद्धिको तालिम सामाग्री तथा म्यानुएलहरु बनाउने । |
| **रणनीति-५.२** सरकारी वकिलको कार्यालय तथा महान्यायाधिवक्तासँग समन्वय र सहकार्य गर्ने । | **५.२.१** महान्यायाधिवक्ताको कार्यालयसँग समन्वय र सम्बन्ध विकास वैठकहरु गर्ने ।<br>**५.२.२** महान्यायाधिवक्ताका वकिलहरुको दलित सम्वेदनशीलता वृद्धिका साथै क्षमता वृद्धिका कार्यक्रम संयुक्तरुपमा गर्ने । |
| **रणनीति-५.३** अदालतहरूसंग सम्वाद र सहकार्य गर्ने | **५.३.१** न्याय परिषदसँग सम्वाद र वैठकहरु गर्ने ।<br>**५.३.२** विभिन्न तहका न्यायाधिशहरुसँग कार्यशाला गोष्ठीहरु गर्ने ।<br>**५.३.३** अदालतको प्रकृयामा दलित समुदायका चुनौतीहरुका बारेमा बार तथा वकिलहरुसँग समीक्षा र छलफल गर्ने । |

| | |
|---|---|
| **रणनीति-५.४** दलित पक्षमा निर्माण भएका कानूनहरुको कार्यान्वयनको निरन्तर अनुगमन गर्ने । | **५.४.१** संविधानको धारा २४, धारा ४० र धारा २८१ को विज्ञवाट समीक्षा सहितको प्रतिवेदन तयार गर्ने ।<br>**५.४.२** राष्ट्रिय सभाबाट पारित संकल्प प्रस्तावको अनुगमन गरी कार्यान्वनयको अवस्था पत्ता लगाउने ।<br>**५.४.३** संघीय, प्रदेश तथा स्थानीय तहका दलितमैत्री कानूनहरुको अध्ययन सहित समीक्षा गर्ने ।<br>**५.४.४** मधेश, गण्डकी तथा सुदूरपश्चिम प्रदेशका दलित सशक्तीकरण ऐन कार्यान्वयनको समीक्षा सहितको प्रतिवेदन तयार गर्ने ।<br>**५.४.५** संघीय, प्रदेश तथा स्थानीय तहका बजेटहरुको अनुगमन गर्ने । |

## ४.६. प्राथमिकता–६ः अन्तर्राष्ट्रिय सन्धि तथा सम्झौताहरुको स्थानीयकरण र जवाफदेहिता

### विद्यमान अवस्था, मुख्य समस्या र चुनौतीहरु

दलित आयोगको महत्वपूर्ण कार्यादेशहरु मध्ये दलित समुदायको अधिकारसँग सम्बन्धित नेपाल पक्ष भएको अन्तर्राष्ट्रिय सन्धि वा सम्झौतामा भएको व्यवस्था बमोजिम नेपालले पठाउनु पर्ने प्रतिवेदन तयारीका सम्बन्धमा नेपाल सरकारलाई सुझाव दिनु पनि हो ।

अन्तर्राष्ट्रिय सन्धि महासन्धिहरुले समेत दलित समुदायको मानव अधिकारलाई सुनिश्चित गरेका छन । सबै प्रकारका जातीय विभेद उन्मूलन सम्बन्धी महासन्धि (सर्ड) दलित विशेष महासन्धि हो । संयूक्त राष्ट्रसंघमा मानव अधिकार स्थितिको विश्वव्यापी आवधिक समिक्षा (यूपिआर) तथा सबै प्रकारका जातीय विभेद उन्मूलन सम्बन्धी महासन्धि (सर्ड) समिति अन्तर्गत दलितको अधिकारको बारेमा छलफल हुने महत्वपूर्ण अन्तर्राष्ट्रिय मञ्चहरु हुन् । दलित आयोगले सर्डका प्रावधानहरुको कार्यान्वयनको स्थितिको अनुगमन र मूल्याङ्कन गर्दै सरकारलाई आवश्यक सिफारिस तथा अनुकूल भएको अवस्थामा स्वीट्जरल्याण्डको जेनेभामा हुने सुनुवाई तथा छलफलमा भाग समेत लिने गरेको छ । विगतमा नेपाल सरकाले सर्ड प्रतिवेदन नियमित रुपमा पेश नगरेको अवस्था देखिन्छ ।

**रणनीति तथा मुख्य कार्यक्रमहरुः**

| रणनीतिहरु | मुख्य कार्यक्रमहरु |
|---|---|
| **रणनीति-६.१** सर्ड तथा यूपिआर प्रतिवेदन सम्बन्धमा नागरिक समाज संस्थाहरुसँग सहकार्य गर्ने । | **६.१.१** सर्ड तथा यूपिआर प्रतिवेदन प्रकृयामा दलित नागरिक समाज संस्थाहरुसँग सम्वाद, अन्तक्रिया र परामर्शका छलफल गर्ने ।<br>**६.१.२** गैरदलित समुदायका व्यक्तिहरुको नेतृत्वमा सञ्चालित मानव अधिकार संस्थाहरुको सूची तयार गरी समन्वय, र सम्वाद गर्ने ।<br>**६.१.३** अन्तर आयोग समन्वय र सहकार्य गर्ने । |
| **रणनीति-६.२** सरकारसँग सम्वाद र पैरवी गर्ने | **६.२.१** सर्ड तथा यूपिआर प्रतिवेदन प्रकृयाको अनुगमन गर्ने नेपाल सरकारसँग सम्वाद र अन्तर्क्रिया गर्ने ।<br>**६.२.२** सर्ड तथा यूपिआर प्रकृयाबाट प्राप्त सुझावहरुको कार्यान्वयन अवस्थाको अनुगमन गर्ने र सरकारलाई दिने सुझाव तयार गर्ने । |
| **रणनीति-६.३** राष्ट्रिय तथा अन्तर्राष्ट्रिय मानव अधिकारवादी तथा सरोकारकासँग समन्वय तथा पैरवी गर्ने । | ६.३.१ यूपिआर सम्बन्धी प्रकृयामा संयुक्त राष्ट्रसंघीय निकायसंग सम्वाद तथा सहकार्य गर्ने ।<br>६.३.२ नेपाल सरकारसँग समन्वय गरी एशियन ह्युमन राईटस कमिशनसँग सम्वाद र सहकार्य गर्ने ।<br>६.३.३ सर्ड तथा यूपिआर प्रतिवेदन प्रकृयामा नेपाल सरकारसँग समन्वय गरी आईडिएसएन, आईसिडिआर, ग्लोवल फोरुम, एडिआरफ लगायतका दलित सम्वद्ध अन्तर्राष्ट्रिय संस्थाहरुसँग सञ्चार गर्ने तथा पृष्ठपोषण लिने ।<br>६.३.३ आईसर्ड समिति तथा यसका र्‍यापोर्टियरसँग सम्वाद तथा सञ्चार गर्ने ।<br>६.३.४ संयुक्त राष्ट्रसंघ सम्बन्धित निकायहरुसँग आर्थिक र प्राविधिक सहकार्य गर्ने । |

# परिच्छेद ५:
# संस्थागत व्यवस्था, कार्यान्वयन र अनुगमन तथा मूल्यांकन

माथि उल्लेखित रणनीतिक प्राथमिकता, उद्देश्य, रणनीति तथा कार्यक्रमहरूको प्रभावकारी कार्यान्वयन गरी परिणाम प्राप्त गर्नका लागि अनुकूल संस्थागत संरचना, सक्षम र प्रतिवद्ध जनशक्ति, पर्याप्त वित्तीय स्रोतको उपलब्धता तथा त्यसको सही व्यवस्थापन आवश्यक हुन्छ । आयोग एउटा संवैधानिक निकाय भएता पनि यसको नीति, कार्यनीति तथा नियमावलीहरू सबै सरकारी ढाँचामा हुन्छन् र यहाँका प्रायः सबै कर्मचारीहरू निजामती सेवाबाटै आएका हुन्छन । आयोगले एकातर्फ सरकारी प्रक्रिया पनि अनुशरण गर्दै कार्य गर्नुपर्दछ जसमा छिटो छरितो रुपमा कार्य सम्पन्न गर्नका लागि प्रकृयागत तथा प्रतिवद्धताका चुनौतीहरु हुन्छन् । अर्कोतर्फ दलितहरूलाई न्याय दिलाउने कार्यमा आयोगलाई चुस्त र परिणाममुखी बनाउनु आवश्यक हुन्छ । तसर्थ यो रणनीतिक योजनाको प्रभावकारी कार्यान्वयनका लागि आयोगले निम्न संस्थागत संरचना, मानव स्रोत व्यवस्थापन, आर्थिक स्रोत परिचालन रणनीति, अनुगमन, मूल्यांकन, प्रतिवेदन र पुनरावलोकनको व्यवस्था तथा जोखिम व्यवस्थापनका उपायहरु अपनाउनेछ ।

## ५.१. संगठनात्मक संरचना

कुनै पनि संगठन वा संस्थाको लागि त्यसमा एउटा भौतिक र अर्को संगठनात्मक संरचना हुन जरुरी हुन्छ । भौतिक संरचनाले संस्थामा कार्यरत मानव स्रोतलाई काम गर्न उचित वातावरण सिर्जना गर्छ भने संगठनात्मक संरचनाले संस्थालाई उद्देश्य प्राप्तिमा चलायमान बनाउँछ । संरचनाले जिम्मेवारी, कामको क्षेत्र, अधिकार, सञ्चारको प्रवाह लगायत कुराहरूको संकेत गर्दछ र बाह्य व्यक्तिहरूले पनि संस्थाको संरचना हेरेपछि यहाँ उल्लेख गरिएका कुराहरू सजिलै बुझ्न सक्छन् ।

आयोगको वर्तमान संगठनात्मक संरचनामा आयोगका अध्यक्षबाट संगठनको समग्र तथा नीतिगत निर्णयको नेतृत्व हुन्छ । अध्यक्षको मातहतमा आयोगका ४ जना सदस्यहरु र १ जना सचिव रहन्छन् । सचिवले आयोगको दैनिक प्रशासन तथा कर्मचारी टिमको नेतृत्व गर्दछन । आयोगमा हाल प्रशासन तथा योजना

शाखा र अधिकार प्रवर्द्धन तथा सशक्तीकरण शाखा गरी दुई वटा मुख्य शाखाहरु रहेका छन् ।

यो रणनीति कार्यान्वयन गर्न रणनीतिक प्राथमिकताका क्षेत्रहरु तोकिएको हुँदा सो अनुसार निर्धारित उद्देश्य प्राप्त गर्नका लागि विशिष्टकृत शाखाहरु तथा उपसमितिहरुको समेत व्यवस्था गरिनेछ ।

## ५.२. मानव संशाधन व्यवस्थापन

अहिले दलित आयोगसँग ५ जना पदाधिकारी र निजामति सेवाबाट १४ दरवन्दी सहित २२ जना कर्मचारी सहितको मानव स्रोत रहेको छ । कर्मचारीको नेतृत्व राजपत्रांकित प्रथम श्रेणीका सचिवले गर्ने व्यवस्था छ । प्रशासन तथा योजना शाखाको नेतृत्वमा एक जना उपसचिव, रा.प. द्वितीय श्रेणीका कर्मचारीको दरवन्दी छ भने अधिकार प्रवर्द्धन तथा सशक्तिकरण शाखालाई शाखा अधिकृत रा.प. तृतीय श्रेणीका कर्मचारीले नेतृत्व गर्दछन् । आयोगका सबै प्रशासनिक कार्यहरू कर्मचारी मार्फत सम्पादन हुन्छ ।

मानव संसाधनको व्यवस्थापनमा आयोगले चुनौतीहरुको पनि सामना गर्दै आएको छ । उच्च पदस्थ निजामती कर्मचारीहरू आयोगमा लामो समय नटिक्ने प्रवृत्ति देखिन्छ । जबसम्म उच्च पदस्थ कर्मचारीहरूले आयोगलाई आफ्नो वृत्ति विकासको माध्यम मान्दैनन् तबसम्म उनीहरू टिक्ने अवस्था रहँदैन । त्यसपछि राजपत्रांकित द्वितीय श्रेणीको एकजना उपसचिव रहने व्यवस्था छ। लोक सेवाको जाँच र निजामती सेवाको कार्यसम्पादन मूल्यांकनबाट कर्मचारीको वृत्ति विकास निर्धारित हुने हुँदा दलितको आयोगको कार्यादेशको मर्म अनुसार कर्मचारीलाई उत्प्रेरित गरी परिणममुखी काम गर्न चुनौतिपूर्ण रहेको छ ।

दलित समुदायका पीडितलाई न्याय दिलाउने लागयत संविधानले दिएको अधिकार अनुसार दलित आयोगले गर्नुपर्ने मुख्य काममा कर्मचारीहरुको टिमले नै सहयोग गर्नुपर्ने हुन्छ । त्यसका लागि आयोगका कर्मचारीहरुमा कानून, समाजशास्त्र, अध्ययन अनुसन्धान तथा व्यवस्थापन विज्ञहरूको समेत आवश्यकता देखिन्छ । तर हालको निजामती सेवाबाट प्राप्त दरवन्दीले सबै आवश्यकता पुरा गर्न सकेको देखिदैन । त्यसैगरी आयोगको कर्मचारी संरचनामा दलित समुदाय वा दलित समुदायका सवालमा जानकार कर्मचारीहरूको उपस्थिति पनि न्यून रहेको छ, जसले दलितका सवालमा संवेदनशीलता कम भएको देखिन्छ ।

पेरिस सिद्धान्तले मानव स्रोत पर्याप्त तथा तथा आयोगले स्वतन्त्र रूपमा काम गर्न सक्ने खालको हुनु पर्ने बताएको छ। विद्यमान चुनौतीको सम्बोधन गर्न तथा रणनीतिक योजनाको सफल कार्यान्वयनको लागि पर्याप्त र प्रतिवद्ध कर्मचारीको परिचालनमा आयोगले प्राथमिकता दिने छ । यसका लागि अल्पकालिन रुपमा राष्ट्रिय तथा अन्तर्राष्ट्रिय संघ संस्थाहरुबाट आवश्यक सहयोग जुटाइ मानव स्रोत व्यवस्थापन गरिनेछ। यस्ता सहयोगबाट आवश्यक मानव स्रोत जुटाए पनि दीर्घकालीन नहुने भएकाले विषय विज्ञता सहितको मानव स्रोतका लागि आयोगले आफ्नै दरवन्दीमा कर्मचारी राख्न सरकार र सम्बन्धित मन्त्रालयसँग आवश्यक पहल गर्नेछ । यसका साथै दलित समुदायका विज्ञ तथा थिंकट्यांकहरुसँग सहकार्यमा काम गर्ने रणनीति अवलम्बन गर्ने छ ।

## ५.३. आर्थिक स्रोत

पेरिस सिद्धान्तले आयोगको आर्थिक स्रोत पनि स्वतन्त्ररूपमा सञ्चालन गर्न पाउनु पर्ने बताएको छ, तर दलित आयोगलाई यस्तो सुविधा छैन । हाल आयोगका पदाधिकारीहरूको खर्च र अन्य प्रशासनिक खर्च समेत गरी करिब ४ करोड हाराहारीमा वार्षिक बजेट उपलब्ध गराइन्छ । यस बजेटबाट निजामती सेवाबाट आउने कर्मचारीहरूको तलव, सुविधा, घरभाडा तथा अन्य प्रशासनिक खर्च चलाउनु पर्दछ । त्यसकारण कार्यक्रमका लागि अत्यन्त न्यून बजेट रहेको अवस्था छ । आयोगका पदाधिकारीहरू प्रदेश तथा स्थानीय सरकारका दलित पक्षीय कार्यक्रमको अनुगमन भ्रमणमा जान समेत पर्याप्त आर्थिक वित्तीय स्रोत उपलब्ध छैन । देशभरि दलितविरुद्ध घटिरहेका घटनाहरूको अन्वेषण, उद्धार, राहत तथा पुनःस्थापनाका कार्यका लागि पनि आवश्यक बजेट छैन । आयोगको कार्यादेश अनुसार कार्यक्रम गर्नका लागि त बजेट अत्यन्त न्यून छ । यसले आयोगलाई दलित समुदायलाई न्याय दिन असमर्थ बनाएको छ । अध्ययन, अनुसन्धान तथा प्रकाशन कार्यका लागि पनि आवश्यक स्रोतको अभाव छ ।

विद्यमान अवस्थामा सरकारबाट हालसम्म प्राप्त हुने गरेको बजेटबाटमा आयोगको रणनीतिको कार्यान्वयन चुनौतीपूर्ण हुन सक्दछ। यस विषम आर्थिक परिस्थितिलाई मध्यनजर गर्दै सरकारसँग कार्यक्रमका लागि आवश्यक थप बजेट माग गर्ने रणनीति अपनाइनेछ । नेपाल वा अन्य देशमा कार्यरत अन्तर्राष्ट्रिय संस्थासँग अल्पकालीन, मध्यकालीन तथा दीर्घकालीन कार्यक्रम बनाई आवश्यक वित्तीय स्रोत परिचालन गर्न सकिनेछ।

## ५.४. मुख्य जोखिम र न्यूनीकरणका उपायहरू

***निजामती कर्मचारीहरूमा मात्रै भर पर्नु पर्ने:***

हाल आयोगमा निजामती सेवाबाट आएका कर्मचारी छन् । सचिव लामो समय नटिक्ने तथा सरुवा हुने सम्भावना रहन्छ । उपसचिव र अन्य अधिकृत भएतापनि आयोगको कार्यादेश र विषय विज्ञता नहुन सक्दछ । आयोगले आफ्नै स्रोतमा कर्मचारी नियुक्ति गर्न समेत नसक्ने अवस्था भएकाले रणनीतिक योजनाको प्रभावकारी र समयसीमावद्ध रुपमा कार्यान्वयनका लागि जोखिम सिर्जना गर्न सक्दछ।

यस जोखिलाई न्यूनीकरण गर्न बाह्य स्रोत जुटाएर परियोजना वा विज्ञ स्वयंसेवक प्रदान गर्ने रणनीति अपनाइनेछ ।

***सरकारसँगै स्रोतमा निर्भरता तर सरकारलाई जवाफदेही बनाउनु पर्ने अवस्था:***

दैनिक कार्य संचालनदेखि विभिन्न कार्यक्रमका लागि सरकारले वार्षिक बजेट उपलब्ध गराउनुपर्ने बाध्यता छ। पेरिस सिद्धान्तले आयोगलाई स्रोतको स्वतन्त्रता दिनुपर्ने बताउँछ, तर यसलाई पालना गरिएको छैन। सरकारले पर्याप्त कार्यक्रम बजेट उपलब्ध नगराएको अवस्थामा रणनीतिका कार्यक्रमहरु कार्यान्वयन हुन नसक्ने जोखिम रहन्छ ।

यस्तो अवस्थामा आयोगले सरकारसँग थप लवि गर्ने तथा अन्य संस्थाहरुसँग समन्वय र सहकार्य गरी स्रोत परिचालन गर्न अग्रसर हुनेछ ।

***अस्थिर सरकारसँग काम गर्नुपर्ने:***

आयोगका पदाधिकारी नियुक्त भए पनि सरकार पटक-पटक परिवर्तन हुँदै आएको छ। वि.सं. २०७९ को आम निर्वाचन पछि गठबन्धन सरकार बन्ने र विघटन हुने क्रम चलिरह्यो। २०८२ भाद्र २३ र २४ गतेको जेनजी पुस्ताको आन्दोलन पश्चात निर्वाचन गराउन अन्तरिम सरकार गठन भएको अवस्था छ । निर्वाचन पश्चात सरकारको स्थिरता र नयाँ सरकारले आयोगलाई कसरी प्राथमिकतामा राख्दछ अनुमान गर्न सक्ने अवस्था छैन । नयाँ निर्वाचन पश्चात पनि पनि अस्थिरताको निरन्तरता भए यसले आयोगको काम र रणनीति कार्यान्वयन पनि जोखिम थप्न सक्दछ।

यसलाई न्यूनीकरण गर्न संस्थागत सम्बन्ध र सम्झनालाई प्रवर्द्धन गर्ने रणनीति अपनाइनेछ । दलितको मुख्य सरोकारवालहरुसँग सहकार्य गर्ने तथा दलित समुदायको भरोसा अविछिन्न राख्न निरन्तर पहल गरिनेछ ।

***विषयगत विज्ञताको अभाव:***

दलित अधिकारका सवाल धेरै विषयसँग जोडिएका छन । सामान्य ज्ञानको आधारमा मात्र सुझाव दिन सकिँदैन । पदाधिकारी र कर्मचारीमा आवश्यक विषयगत विज्ञता नहुन सक्छ। सरकारी ऐन, नियम र कार्यविधि नियमित रूपमा बनेका हुन्छन त्यसका लागि आयोगले धारणा र सुझाव दिने बेला विशेषज्ञता आवश्यक हुन्छ । बाह्य विज्ञबाट सहयोग लिनुपर्ने अवस्थामा श्रोत आवश्यक हुन्छ। यसले

आयोगका पदाधिकारीलाई विभिन्न विषयमा अध्ययन र विशेषज्ञता हासिल गर्न प्रोत्साहित गरिनेछ। त्यसका लागि अनुभव आदानप्रदान भ्रमणहरु तथा क्षमता विकास तालिमहरुको अवसर उपयोग गरिनेछ।

## ५.५. अनुगमन, मूल्याङ्कन तथा प्रतिवेदन र पुनरावलोकन

यो रणनीतिमा उल्लेखित लक्ष्य, उद्देश्य तथा कार्यक्रमहरूको नियमित अनुगमन हुनेछ । कार्यक्रम कार्यान्वयनमा गएपछि अनुगमन गर्दा प्रकृयागत सिकाइका साथै नतिजामा जोड दिइनेछ । यस रणनीतिको संक्षिप्त बुझाइका लागि सूचकसहितको कार्ययोजना समेत तयार गरिएको छ। यसै आधारमा पदाधिकारी र कर्मचारीले रणनीतिको कार्यान्वयन कुन मार्गमा छ अनुगमन गर्ने छन। कार्यक्रमका नतिजा सूचकहरुको मापनका लागि तथ्याङ्क संकलन र व्यवस्थापनको पनि सुनिश्चितता गरिनेछ।

हरेक आर्थिक वर्षको प्रथम त्रैमासिकमा आयोगले वार्षिक प्रतिवेदन राष्ट्रपति समक्ष बुझाउने संवैधानिक व्यवस्था छ । प्रतिवेदनलाई सरकारले संसदीय समितिमा छलफलका लागि पठाउने गर्दछ । संसदीय समितिले आवश्यक ठानेको क्षेत्रमा सुझाव दिने परम्परा पनि छ। आयोगको अनुगमन तथा मूल्याङ्कन प्रणालीबाट आएका तथ्याङ्कले आयोगको वार्षिक प्रतिवेदन तयारीलाई आधार प्रदान गर्नेछ। प्रतिवेदनलाई गतिविधि प्रतिवेदनभन्दा बढी परिणाम र उपलब्धिमा केन्द्रित गरी तयार पारिनेछ।

अनुगमन, मूल्याङ्कन र प्रतिवेदन तयार गर्ने जिम्मेवारीलाई प्रभावकारी बनाउन टिमको समेत व्यवस्था गरिनेछ। उपयुक्त मानव र आर्थिक स्रोतको व्यवस्थापन सहित आयोगको केन्द्रीय कार्यालयमा विज्ञको नेतृत्वमा अनुगमन, मूल्यांकन तथा प्रतिवेदन इकाईले कार्य सम्पादन गर्नेछ।

कुनै संस्था सफल र प्रभावकारी हुनका लागि आफ्ना नीति र कार्यक्रम समयअनुकूल समीक्षा तथा पुनरावलोकन गर्न आवश्यक हुन्छ । अभ्यासबाट पाठ सिक्दै अगाडि बढ्नुपर्ने हुन्छ। यो रणनीतिमा तीन-तीन महिनामा नियमित समीक्षा बैठक हुनेछ, र वर्षको अन्तिम त्रैमासिक बैठकले वर्षभरिका नीति, कार्यक्रम तथा सिकाइहरूको समीक्षा गर्नेछ । यसका साथै कम्तीमा प्रत्येक दुई वर्ष पछि मध्यकालीन मूल्याङ्कन गरिनेछ र यसका आधारमा योजानमा आवश्यक सुधारात्मक उपाएहरु लिइनेछ। रणनीतिक योजना कार्यान्वयको अन्तिम मुल्यांकन समेत गरिने छ ।

## अनुसूचीहरु

### अनुसूची १: कार्य योजना

| उद्देश्य /रणनीतिहरु | मुख्य कार्यक्रमहरु | सूचक | समयावधि | जिम्मेवारी |
|---|---|---|---|---|
| **उद्देश्य-१: राष्ट्रिय दलित आयोगको कार्यादेश अनुरुप आवश्यक नीति तथा कार्यविधिहरु निर्माण, मानव संसाधन व्यवस्थापन र वित्तीय स्रोतको परिचालन गरी संस्थागत सुदृढीकरण गर्ने ।** | | | | |
| **रणनीति-१.१** आयोगको कार्य सञ्चालनका लागि आवश्यक नीति तथा कार्यविधिहरुको निर्माण, परिमार्जन र कार्यान्वयन गर्ने । | **१.१.१** आवश्यक नयाँ तथा अद्यावधिक गनुपर्ने नीति तथा कार्यविधिहरुको सूची तयार गर्न परामर्श तथा छलफल आयोजना गर्ने । | छलफल संख्या | पहिलो वर्ष भित्र | प्रशासन तथा योजना शाखा प्रमुख |
| | **१.१.२** आवश्यक नीति, निर्देशिका तथा कार्यविधिहरु आयोग स्वयं वा विज्ञको सहयोगमा निर्माण र अध्यावधिक गर्ने । | नीति, निर्देशिका तथा कार्यविधिहरुको संख्या | पहिलो वर्ष भित्र | प्रशासन तथा योजना शाखा |
| | **१.१.३** आयोगका नीति, निर्देशिका तथा कार्यविधिहरुका बारेमा पदाधिकारी तथा कर्मचारीहरुलाई अभिमुखीकरण गर्ने । | अभिमुखीकरण संख्या | निरन्तर | प्रशासन तथा योजना शाखा प्रमुख |

| उद्देश्य /रणनीतिहरु | मुख्य कार्यक्रमहरु | सूचक | समयावधि | जिम्मेवारी |
|---|---|---|---|---|
| **रणनीति-१.२** दलित आयोगलाई आवश्यक न्यूनतम आर्थिक श्रोतको व्यवस्थापन गर्न सरकार तथा सम्भाव्य साझेदार संस्थाहरुसँग समन्वय र पैरवी गर्ने । | **१.२.१** वित्तीय स्रोत साधन व्यवस्था गर्न नेपाल सरकारसँग माग र पैरवी गर्ने । | बैठक संख्या | निरन्तर | अध्यक्ष तथा सदस्यहरु |
| | **१.२.२** संघीय मामिला तथा अर्थ मन्त्रालयसँग वैठकहरु गर्ने । | बैठक संख्या | प्रत्येक आ.व./निरन्तर | अध्यक्ष तथा सदस्यहरु |
| | **१.२.३** रणनीतिक योजना कार्यान्वयनका लागि आवश्यक बजेट अनुमान तथा स्रोत पहिचान गर्न आयोग भित्र छलफल गर्ने । | छलफल संख्या | निरन्तर | सचिव |
| | **१.२.४** दलित गैरसरकारी संघसंस्थाहरुसँग सहकार्यका क्षेत्रहरु पहिचान गर्ने र नियमित समन्वय बैठक तथा सञ्चार गर्ने । | बैठक र सञ्चार संख्या | निरन्तर | अधिकार प्रवर्द्धन तथा सशक्तीकरण शाखा प्रमुख |
| | **१.२.५** अतिरिक्त वित्तीय स्रोत परिचालनका लागि नेपाल सरकारको समन्वय र सहयोगमा संयुक्त राष्ट्रसँग सम्बद्ध निकायहरु, इयूरोपेली युनियन, विश्व बैंक र एशियाली विकास बैंक जस्ता बहुपक्षीय संस्थाहरु तथा मानव अधिकारमा काम गर्ने अन्तर्राष्ट्रिय संस्थाहरुसँग सञ्चार, भेटघाट र वैठकहरु गर्ने । | सञ्चार, भेटघाट र वैठक संख्या | निरन्तर | अध्यक्ष तथा सदस्यहरु |

| उद्देश्य /रणनीतिहरु | मुख्य कार्यक्रमहरु | सूचक | समयावधि | जिम्मेवारी |
|---|---|---|---|---|
| **रणनीति-१.३** आयोगको कार्यादेश अनुरुप कार्य गर्न आवश्यक मानव संशाधनको व्यवस्था तथा कर्मचारीहरुको वृत्ति विकासका लागि अवसरहरु निर्माण र प्रदान गर्ने । | **१.३.१** पदाधिकारी तथा सबै तहका कर्मचारीहरुको क्षमता विकास आवश्यकता पहिचान गर्ने । | पहिचान भएका क्षमता विकास क्षेत्र संख्या | प्रत्येक आ.व./निरन्तर | प्रशासन तथा योजना शाखा प्रमुख |
| | **१.३.२** आयोगमा पदाधिकारी तथा कर्मचारीको सीप र क्षमता विकास गर्न तालिम, सेमिनार तथा कार्यशाला आयोजना गर्ने । | तालिम प्राप्त संख्या | पहिलो वर्ष भित्र/निरन्तर | प्रशासन तथा योजना शाखा प्रमुख |
| | **१.३.३** पदाधिकारी तथा कर्मचारीका लागि अन्तर्राष्ट्रिय तथा राष्ट्रिय सिकाई अवलोकन भ्रमणका अवसर खोजी सहभागी गराउने । | सिकाई अवलोकन भ्रमण संख्या | दोस्रो वर्ष भित्र/निरन्तर | अध्यक्ष तथा सदस्यहरु |
| **रणनीति-१.४** आयोगको दैनिक कार्य सञ्चालनका लागि पर्याप्त भौतिक संरचना र पूर्वाधारहरु व्यवस्था गर्ने । | **१.४.१** आयोगका भौतिक संरचना र पूर्वाधारहरुलाई लैङ्गिकमैत्री तथा अपाङ्गमैत्री बनाउने । | लैङ्गिकमैत्री तथा अपाङ्गमैत्री मुख्य पूर्वाधार | दोस्रो वर्ष भित्र/निरन्तर | प्रशासन तथा योजना शाखा प्रमुख |
| | **१.४.२** प्रदेश कार्यालयहरु स्थापना गर्दा समुदायमैत्री, लैङ्गिकमैत्री तथा अपाङ्गमैत्री बनाउने । | समुदायमैत्री,लैङ्गिकमैत्री तथाअपाङ्गमैत्रीकार्यालय संख्या | दोस्रो वर्ष भित्र/निरन्तर | प्रशासन तथा योजना शाखा प्रमुख |
| | **१.४.३** दलित आयोग कार्यालय सञ्चालनका लागि स्थायी भवनको व्यवस्था गर्न नेपाल सरकार र सरोकारवालाहरुसँग पहल र पैरवी गर्ने । | बैठक संख्या | निरन्तर | अध्यक्ष तथा सदस्यहरु |
| | **१.४.५** आयोगको कार्य सञ्चालनमा डिजिटल प्रविधिको प्रयोग बढाउन आवश्यक पूर्वाधार व्यवस्था गर्ने । | डिजिटल प्रविधि उपयोग भएका काम/क्षेत्र संख्या | पहिलो वर्ष भित्र/निरन्तर | सचिव |

| उद्देश्य /रणनीतिहरु | मुख्य कार्यक्रमहरु | सूचक | समयावधि | जिम्मेवारी |
|---|---|---|---|---|
| **रणनीति-१.५** दलित सम्वद्ध संस्थाहरुसँग समन्वय र सहकार्य गर्ने । | **१.५.१** दलित गैरसरकारी संस्थाहरुसँग सहकार्य र साझेदारी लागि सञ्चार र समन्वय गर्ने । | सञ्चार र बैठक संख्या | निरन्तर | अध्यक्ष तथा सदस्यहरु तथा अधिकार प्रवर्द्धन तथा सशक्तीकरण शाखा प्रमुख |
| | **१.५.२** राजनीतिक दलका दलित भातृ संगठनहरु तथा दलित सांसदहरुसँग अर्न्तक्रिया र छलफल गर्ने । | बैठक संख्या | निरन्तर | अध्यक्ष तथा सदस्यहरु |
| **रणनीति-१.६** राष्ट्रिय तथा अन्तर्राष्ट्रिय मानव अधिकारवादी निकाय तथा संस्थाहरुसँग समन्वय, सम्वाद तथा सहकार्य गर्दै आपसी सहयोग तथा साझेदारी अभिवृद्धि गर्ने । | **१.६.१** राष्ट्रिय मानव अधिकार आयोग, तथा अन्य आयोगहरुसँग नियमित भेटघाट, सञ्चार तथा सिकाई साझा गर्न बैठकहरु आयोजना गर्ने। | बैठक संख्या | निरन्तर | अध्यक्ष |
| | **१.६.२** नेपाल सरकारसँग समन्वय गरी भारतको अनुसूचित जाति आयोगसँग भारचारा सम्बन्ध स्थापित गर्न तथा आपसी सहकार्यका लागि सञ्चार तथा भ्रमणहरु गर्ने । | सञ्चार तथा भ्रमण संख्या | दोस्रो वर्ष भित्र/निरन्तर | अध्यक्ष |
| **उद्देश्य-२: दलित उत्थान र विकासका लागि अध्ययन तथा अन्वेषणमा आधारित नीतिगत, कानूनी र संस्थागत सुधारलाई प्रवर्द्धन गर्ने ।** | | | | |

| उद्देश्य /रणनीतिहरु | मुख्य कार्यक्रमहरु | सूचक | समयावधि | जिम्मेवारी |
|---|---|---|---|---|
| **रणनीति-२.१** दलित समुदायसँग सम्बन्धित ज्ञान निर्माण पुनःउत्पादन तथा समीक्षालाई प्रवर्द्धन गर्ने | **२.१.१** अध्ययन अन्वेषण तथा अनुसन्धानका लागि मापदण्ड सहित कार्यविधि तयार गर्ने । | कार्यविधि संख्या | दोस्रो वर्ष भित्र/निरन्तर | प्रशासन तथा योजना शाखा प्रमुख |
| | **२.१.२** व्यवस्थित पुस्तकालय र समीक्षालय बनाइ उच्चतम उपयोग गर्ने । | पुस्तकालय र समीक्षालय स्थापना संख्या | दोस्रो वर्ष भित्र/निरन्तर | प्रशासन तथा योजना शाखा प्रमुख |
| | **२.१.३** आयोगले वा अन्य निकायले तयार पारेका दस्तावेजहरुको संग्रह तथा वितरण गर्ने । | वितरित दस्तावेज संख्या | निरन्तर | प्रशासन तथा योजना शाखा प्रमुख |
| | **२.१.४** दलित अध्ययन तथा अनुसन्धान क्षमता विकासका लागि अनुसन्धान विज्ञहरुसँग सहकार्यका लागि नियमित बैठकहरु गर्ने । | बैठक संख्या | निरन्तर | अध्यक्ष तथा सदस्यहरु तथा अधिकार प्रवर्द्धन तथा सशक्तीकरण शाखा प्रमुख |
| | **२.१.५** अध्ययन अन्वेषणका लागि रणनीतिक साझेदार खोज्ने । | पहिचान भएका साझेदार संख्या | निरन्तर | अध्यक्ष तथा सदस्यहरु |

| उद्देश्य /रणनीतिहरु | मुख्य कार्यक्रमहरु | सूचक | समयावधि | जिम्मेवारी |
|---|---|---|---|---|
| **रणनीति-२.२** नयाँ कानून निर्माणका लागि अध्ययन अनुसन्धान तथा सरोकारवालाहरुसँग सहकार्य बढाउने । | **२.२.१** ३१ वटा मौलिकहरु मध्ये दलित मैत्री कानून आवश्यक भएको वा नभएको पहिचान गर्न अध्ययन गर्ने । | अध्ययन प्रतिवेदन संख्या | दोस्रो वर्ष भित्र | अधिकार प्रवर्द्धन तथा सशक्तिकरण शाखा प्रमुख |
| | **२.२.२** दलित सशक्तीकरण तथा विकासका लागि आवश्यक छाता ऐनको आवश्यकता तथा औचित्य पत्ता लगाउने सरोकारवालाहरुसँग परामर्श छलफल र अध्ययन गर्ने । | परामर्श छलफल तथा अध्ययन प्रतिवेदन संख्या | दोस्रो वर्ष भित्र | अधिकार प्रवर्द्धन तथा सशक्तीकरण शाखा प्रमुख |
| | **२.२.३** दलित विकास प्राधिकारणको आवश्यकता तथा यसको ऐन निर्माणको पहल गर्ने दलित सरोकारवालाहरु र सरकारसँग वहस आयोजना गर्ने । | वहस संख्या | दोस्रो वर्ष भित्र/निरन्तर | अध्यक्ष तथा सदस्यहरु तथा अधिकार प्रवर्द्धन तथा सशक्तीकरण शाखा प्रमुख |

| उद्देश्य /रणनीतिहरु | मुख्य कार्यक्रमहरु | सूचक | समयावधि | जिम्मेवारी |
|---|---|---|---|---|
| **रणनीति-२.३** कानून सुधारका तीनै तहका सरकारहरुसँग लागि संवाद पैरवी र सहकार्य गर्ने । | **२.३.१** दलित सीमान्तकृत समुदायका अधिकारका लागि कानून निर्माणका लागि सांसद, संसदीय समिति, निर्वाचन आयोग, मन्त्रालयहरु, आदि सरोकारवालाहरुसँग नीति सम्वाद तथा अन्तर्क्रिया कार्यक्रम गर्ने | सम्वाद तथा अन्तर्क्रिया संख्या | निरन्तर | अध्यक्ष तथा सदस्यहरु तथा अधिकार प्रवर्द्धन तथा सशक्तीकरण शाखा प्रमुख |
| | **२.३.२** दलितसँग सम्वन्धित ऐन, कानून, नीति, कार्यक्रम तथा बजेट बनाई कार्यान्वयन गराउनका लागि सम्वाद, पैरवी तथा सहकार्यहरु गर्ने | सम्वाद र पैरवी संख्या | निरन्तर | अध्यक्ष तथा सदस्यहरु |
| | **२.३.३** संघ, प्रदेश र स्थानीय सरकारसँग दलित सवालमा नीति सम्वाद गर्ने। | सम्वाद संख्या | निरन्तर | अध्यक्ष तथा सदस्यहरु तथा अधिकार प्रवर्द्धन तथा सशक्तीकरण शाखा प्रमुख |
| | **२.३.४** गाउँपालिका महासंघ, नगरपालिका महासंघ, जि.स.स महासंघसँग संवाद, सहकार्य र पैरवी गर्ने । | सम्वाद संख्या | निरन्तर | अध्यक्ष तथा सदस्यहरु |

| उद्देश्य /रणनीतिहरु | मुख्य कार्यक्रमहरु | सूचक | समयावधि | जिम्मेवारी |
|---|---|---|---|---|
| **उद्देश्य-३: दलित समुदायले आफ्नो हक अधिकार उपभोग गर्न सक्ने वातावरण बनाउन जातीय भेदभाव तथा छुवाछूतका अभ्यासमा न्यूनीकरण ल्याउने ।** | | | | |
| **रणनीति-३.१** जातीय भेदभाव तथा छुवाछूतका घटनाहरुको उजुरी र अनुसन्धान प्रकृयामा सहजीकरण र सुधार | **३.१.१** घट्नाहरुको सुक्ष्म अनुगमन गर्ने । | अनुगमन र प्रतिवेदन संख्या | निरन्तर | अध्यक्ष तथा सदस्यहरु तथा अधिकार प्रवर्द्धन तथा सशक्तीकरण शाखा प्रमुख |
| | **३.१.२** आयोग मार्फत हुने उजुरी प्रकृयालाई सबैको पहुँचयोग्य बनाउन डिजिटल प्रविधिको प्रयोग गर्ने । | डिजिटल माध्यमबाट उजुरी संख्या | पहिलो वर्ष भित्र/निरन्तर | अधिकार प्रवर्द्धन तथा सशक्तीकरण शाखा प्रमुख |
| | **३.१.३** आयोगमा २४ घन्टा सातैदिन क्रियाशील रहने हटलाइनको व्यवस्था गर्ने । | हटलाइनबाट दिइएको सेवा संख्या | पहिलो वर्ष भित्र/निरन्तर | सचिव |

| उद्देश्य /रणनीतिहरु | मुख्य कार्यक्रमहरु | सूचक | समयावधि | जिम्मेवारी |
|---|---|---|---|---|
| **रणनीति-३.२**<br>पीडितको उद्धार, राहत, पुनःस्थापना तथा पुनःएकीकरणका लागि सहयोग, समन्वय र सहकार्य गर्ने । | **३.२.१** उद्धार, राहत, पुनःस्थापना तथा पुनःएकीकरणका लागि सरकारी तथा गैर सरकारी निकायहरुसँग समन्वय वैठक गर्ने । | वैठक संख्या | निरन्तर | अध्यक्ष तथा सदस्यहरु तथा अधिकार प्रवर्द्धन तथा सशक्तीकरण शाखा प्रमुख |
| | **३.२.२** आयोगमा मनोसामाजिक परामर्श लगायतका विज्ञता भएका मानव श्रोतको व्यवस्था गर्ने । | विज्ञ कर्मचारी संख्या | दोस्रो वर्ष भित्र/निरन्तर | अध्यक्ष तथा सदस्यहरु तथा सचिव |
| **रणनीति-३.३**<br>कानूनी परामर्श, सहायता तथा न्याय प्राप्तिमा सहयोग विस्तार गर्ने । | **३.३.१** कानुनी सहायता तथा परामर्शका लागि कानून अधिकृत व्यवस्था गर्ने। | कानुन अधिकृत संख्या | दोस्रो वर्ष भित्र/निरन्तर | अध्यक्ष तथा सदस्यहरु तथा सचिव |
| | **३.३.२** ७७ वटै जिल्ला प्रोबोनो वकिलहरुको सञ्जाल र सहकार्यका लागि पहिचान र सूची तयार गर्ने । | आयोगको समन्वयमा रहेका वकिलहरुको संख्या | दोस्रो वर्ष भित्र/निरन्तर | अधिकार प्रवर्द्धन तथा सशक्तीकरण शाखा प्रमुख |

| उद्देश्य /रणनीतिहरु | मुख्य कार्यक्रमहरु | सूचक | समयावधि | जिम्मेवारी |
|---|---|---|---|---|
| **रणनीति-३.४** दलित विरुद्ध हुने विभेद तथा अत्याचारमाकमील्याउन सरोकारवालाहरुलाई परिचालन, प्रभाव तथा पैरवी गर्ने । | **३.४.१** दलित विरुद्ध हुने विभेद तथा अत्याचारको देशव्यापी सर्वेक्षण गर्ने | सर्वेक्षण प्रतिवेदन संख्या | तेस्रो वर्ष भित्र | अधिकार प्रवर्द्धन तथा सशक्तीकरण शाखा प्रमुख |
| | **३.४.२** सर्वेक्षणले देखाएका क्षेत्रलाई सम्वोधन गर्ने रणनीति बनाउने र कार्यान्वयनमा लैजाने । | रणनीतिक वैठक र सिफरिस संख्या | निरन्तर | अध्यक्ष तथा सदस्यहरु तथा सचिव |
| | **३.४.३** विगत चार वर्षमा आयोगले रेकर्ड राखी सिफारिस गरेका घटनाहरुको कार्यान्वयनको अवस्था पत्ता लगाई त्यसको अनुगमन गर्ने । | अनुगमन संख्या | दोस्रो वर्ष भित्र/निरन्तर | अध्यक्ष तथा सदस्यहरु तथा अधिकार प्रवर्द्धन तथा सशक्तीकरण शाखा प्रमुख |
| | **३.४.४** संयुक्त अनुगमन समितिलाई पुनःकृयाशील बनाउने । | सदस्य संख्या | दोस्रो वर्ष भित्र/निरन्तर | अध्यक्ष |
| | **३.४.५** सञ्चार माध्यमसँग प्रेसवार्ता तथा मिडियासँग सहकार्य गर्ने । | प्रेसवार्ता तथा मेडिया सहकार्य संख्या | निरन्तर | अध्यक्ष तथा सदस्यहरु तथा अधिकार प्रवर्द्धन तथा सशक्तीकरण शाखा प्रमुख |
| | ३.४.६ देशका लब्ध प्रतिष्ठित व्यक्तिहरुसँग धारणा निर्माण सम्बन्धी छलफल/अन्तर्क्रिया | प्रज्ञा प्रतिष्ठान विश्वविद्यालयहरु | निरन्तर | अध्यक्ष, सदस्य र सचिव |

| उद्देश्य /रणनीतिहरु | मुख्य कार्यक्रमहरु | सूचक | समयावधि | जिम्मेवारी |
|---|---|---|---|---|
| **उद्देश्य-४: दलित समुदायलाई राष्ट्रिय विकासको मूल प्रवाहमा समाहित गर्न तथा राज्यका सबै अंगहरुमा समानुपातिक सहभागिता सुनिश्चिततताका लागि मौजुदा कानूनहरुको समीक्षा, अनुगमन तथा पैरवीलाई सुदृढ गर्ने ।** | | | | |
| **रणनीति-४.१** अति सीमान्तकृत दलित महिला, मधेशी दलित, वादी समुदाय तथा दासप्रथाका पीडित (मुक्त हरवा चरवा तथा मुक्त हलिया) मुलप्रवाहीकरण र प्रतिनिधित्व प्रवर्द्धन गर्ने | **४.१.१** अति सिमान्तकृत तथा लोपोन्मुख दलित समुदायको अध्ययन, अनुसन्धान तथा बृहत्तर विकासका लागि अध्ययन र पैरवी गर्ने । | पैरवी संख्या | निरन्तर | अध्यक्ष तथा सदस्यहरु |
| | **४.१.२** वादि समुदायसँग सम्बन्धित संघसंस्थाहरुसँग सहकार्य र अध्ययन गर्ने । | अध्ययन प्रतिवेदन र सिफारिस संख्या | दोस्रो वर्ष भित्र/निरन्तर | अधिकार प्रवर्द्धन तथा सशक्तीकरण शाखा प्रमुख |
| | **४.१.३** दलित महिलाहरुको जातीय, लैङ्गिक तथा वर्गिय विभेद सम्बोधन गर्न आयोगका एकजना पदाधिकारी (सदस्य) को पहलमा सम्बोधन । | दलित महिलाका समाधान भएका घटना संख्या | निरन्तर | अधिकार प्रवर्द्धन तथा सशक्तीकरण शाखा प्रमुख |
| | **४.१.४** दास प्रथा तथा कृषि बधुवा मजदुरको अवशेष मुक्त हलिया तथा मुक्त हरवा चरवाको उचित पुनःस्थापनाको लागि सरकार र संघ संस्थासँग समन्वय, सहकार्य र पैरवी गर्ने । | वैठक र पैरवी संख्या | निरन्तर | अध्यक्ष तथा सदस्यहरु |

| उद्देश्य /रणनीतिहरु | मुख्य कार्यक्रमहरु | सूचक | समयावधि | जिम्मेवारी |
|---|---|---|---|---|
| **रणनीति-४.२** संविधानका धारा ४० को उपधारा १ लाई कार्यान्वयन गर्न आवश्यक पहल तथा पैरवी गर्ने । | **४.२.१** राज्यका सुरक्षा निकाय, निजामती सेवा तथा संस्थानहरुमा दलितको समावेशीको अवस्थाको अध्ययन गर्ने । | अध्ययन प्रतिवेदन संख्या | दोस्रो वर्ष भित्र | अधिकार प्रवर्द्धन तथा सशक्तिकरण शाखा प्रमुख |
| | **४.२.२** अध्ययन प्रतिवेदनका आधारमा सरोकारवालाहरुको ध्यानाकर्षण सहित कार्यान्वयनका लागि पहल तथा सिफारिस गर्ने । | सिफारिस संख्या | निरन्तर | अध्यक्ष तथा सदस्यहरु |
| **रणनीति-४.३** समानुपातिक सहभागिता तथा प्रतिनिधित्वका लागि सबै तहका सरकार तथा निकायहरुसँग समन्वय गर्ने । | **४.३.१** संघ प्रदेश तथा स्थानीय तहमा समानुपातिक प्रतिनिधित्वको अवस्थाको अध्ययन र समीक्षा गर्ने । | अध्ययन प्रतिवेदन संख्या | दोस्रो वर्ष भित्र | अधिकार प्रवर्द्धन तथा सशक्तीकरण शाखा प्रमुख |
| | **४.३.२** स्थानीय, प्रदेश तथा संघीय प्रतिनिधित्व मूलक संस्थाहरूमा पनि समानुपातिक प्रतिनिधित्वको अनुगमन सहित पैरवी गर्ने । | अनुगमन र सिफारिस संख्या | निरन्तर | अध्यक्ष तथा सदस्यहरु |
| | **४.३.३** राजनीतिक दल, निर्वाचन आयोग तथा अन्य सरोकारवालालाई ध्यानाकर्षण गर्ने र अध्ययन प्रतिवेदन साझा गर्ने । | सहभागी सरोकारवाला संख्या | निरन्तर | अध्यक्ष तथा सदस्यहरु |
| **उद्देश्य-५: दलित समुदायको उत्थान तथा हितमा संविधानमा भएका विशेष व्यवस्था लगायत दलित हितसँग सम्बन्धित कानूनहरुको पालना र कार्यान्वयनमा प्रभावकारिता बढाउने ।** | | | | |

| उद्देश्य /रणनीतिहरु | मुख्य कार्यक्रमहरु | सूचक | समयावधि | जिम्मेवारी |
|---|---|---|---|---|
| **रणनीति-५.१** नेपाल प्रहरीसँग निरन्तर समन्वय, सम्वाद र क्षमता अभिवृद्धिमा सहकार्य गर्ने । | **५.१.१** प्रहरीका उच्च अधिकृतहरुसँग वैठकहरु गर्ने । | वैठक संख्या | निरन्तर | अध्यक्ष तथा सदस्यहरु |
| | **५.१.२** नेपाल प्रहरीभित्र स्थापित दलित सेलहरुसँग छुवाछूत निर्मूल गर्ने अभियानमा सहकार्य/क्षमता अभिवृद्धि र सचेतना अभिवृद्धि गर्ने । | सहभागी संख्या | निरन्तर | अधिकार प्रवर्द्धन तथा सशक्तीकरण शाखा प्रमुख |
| | **५.१.३** प्रहरी, सरकारी वकिल तथा न्यायाधिशहरुको सम्वेदनशीलता सहित क्षमता अभिवृद्धिको तालिम सामाग्री तथा म्यानुएलहरु बनाउने । | तालिम सामाग्री तथा म्यानुएल संख्या | दोस्रो वर्ष भित्र | अधिकार प्रवर्द्धन तथा सशक्तीकरण शाखा प्रमुख |
| **रणनीति-५.२** सरकारी वकिलको कार्यालय तथा महान्यायाधिवक्तासँग समन्वय र सहकार्य गर्ने । | **५.२.१** महान्यायधिवक्ताको कार्यालयसँग समन्वय र सम्बन्ध विकास वैठकहरु गर्ने । | वैठक संख्या | निरन्तर | अध्यक्ष तथा सदस्यहरु |
| | **५.२.२** महान्यायाधिवक्ताका वकिलहरुको दलित सम्वेदनशीलता वृद्धिका साथै क्षमता वृद्धिका कार्यक्रम संयुक्तरुपमा गर्ने । | तालिम तथा सहभागी संख्या | निरन्तर | अधिकार प्रवर्द्धन तथा सशक्तीकरण शाखा प्रमुख |
| **रणनीति-५.३** अदालतहरूसंग सम्वाद र सहकार्य गर्ने | **५.३.१** न्याय परिषदसँग सम्वाद र वैठकहरु गर्ने । | वैठक संख्या | निरन्तर | अध्यक्ष |
| | **५.३.२** विभिन्न तहका न्यायधिशहरुसँग कार्यशाला गोष्ठीहरु गर्ने । | सहभागी संख्या | निरन्तर | अधिकार प्रवर्द्धन तथा सशक्तीकरण शाखा प्रमुख |
| | **५.३.३** अदालतको प्रकृयामा दलित समुदायका चुनौतीहरुका बारेमा बार तथा वकिलहरुसँग समीक्षा र छलफल गर्ने । | छलफल तथा वैठक संख्या | निरन्तर | अधिकार प्रवर्द्धन तथा सशक्तीकरण शाखा प्रमुख |

| उद्देश्य /रणनीतिहरु | मुख्य कार्यक्रमहरु | सूचक | समयावधि | जिम्मेवारी |
|---|---|---|---|---|
| **रणनीति-५.४** दलित पक्षमा निर्माण भएका कानूनहरुको कार्यान्वयनको निरन्त। अनुगमन गर्ने । | **५.४.१** संविधानको धारा २४, धारा ४० र धारा २८१ को विज्ञवाट समीक्षा सहितको प्रतिवेदन तयार गर्ने । | प्रतिवेदन संख्या | तेस्रो वर्ष भित्र | अधिकार प्रवर्द्धन तथा सशक्तीकरण शाखा प्रमुख |
| | **५.४.२** राष्ट्रिय सभाबाट पारित संकल्प प्रस्तावको अनुगमन गरी कार्यान्वयनको अवस्था पत्ता लगाउने । | अनुगमन तथा प्रतिवेदन संख्या | निरन्तर | अध्यक्ष तथा सदस्यहरु तथा अधिकार प्रवर्द्धन तथा सशक्तीकरण शाखा प्रमुख |
| | **५.४.३** संघीय, प्रदेश तथा स्थानीय तहका दलितमैत्री कानूनहरुको अध्ययन सहित समीक्षा गर्ने । | अध्ययन प्रतिवेदन संख्या | दोस्रो वर्ष भित्र/निरन्तर | अधिकार प्रवर्द्धन तथा सशक्तीकरण शाखा प्रमुख |
| | **५.४.४** मधेश, गण्डकी तथा सुदूरपश्चिम प्रदेशका दलित सशक्तीकरण ऐन कार्यान्वयनको समीक्षा सहितको प्रतिवेदन तयार गर्ने । | अध्ययन प्रतिवेदन संख्या | दोस्रो वर्ष भित्र/निरन्तर | अधिकार प्रवर्द्धन तथा सशक्तीकरण शाखा प्रमुख |
| | **५.४.५** संघीय, प्रदेश तथा स्थानीय तहका बजेटहरुको अनुगमन गर्ने । | अनुगमन तथा प्रतिवेदन संख्या | निरन्तर | अध्यक्ष तथा सदस्यहरु |
| **उद्देश्य-६: दलित समुदायको अधिकारसँग सम्बन्धित अन्तर्राष्ट्रिय सन्धि तथा सम्झौताहरुको कार्यान्वयनमा राज्य र सरोकारवालाहरुको सहकार्य र जवाफदेहिता बढाउने ।** | | | | |

| उद्देश्य /रणनीतिहरु | मुख्य कार्यक्रमहरु | सूचक | समयावधि | जिम्मेवारी |
|---|---|---|---|---|
| **रणनीति-६.१** सर्ड तथा यूपिआर प्रतिवेदन सम्बन्धमा नागरिक समाज संस्थाहरुसँग सहकार्य गर्ने । | **६.१.१** सर्ड तथा यूपिआर प्रतिवेदन प्रकृयामा दलित नागरिक समाज संस्थाहरुसँग सम्वाद, अन्तक्रिया र परामर्शका छलफल गर्ने । | छलफल तथा सहभागी संख्या | आवधिक रुपमा/ निरन्तर | अध्यक्ष तथा सदस्यहरु तथा अधिकार प्रवर्द्धन तथा सशक्तीकरण शाखा प्रमुख |
| | **६.१.२** गैरदलित समुदायका व्यक्तिहरुको नेतृत्वमा सञ्चालित मानव अधिकार संस्थाहरुको सूची तयार गरी समन्वय, र सम्वाद गर्ने । | संस्थाहरुको संख्या | पहिलो वर्ष भित्र/निरन्तर | अध्यक्ष तथा सदस्यहरु तथा अधिकार प्रवर्द्धन तथा सशक्तीकरण शाखा प्रमुख |
| | **६.१.३** अन्तर आयोग समन्वय र सहकार्य गर्ने । | आयोगहरु र वैठक संख्या | निरन्तर | अध्यक्ष |
| **रणनीति-६.२** सरकारसँग सम्वाद र पैरवी गर्ने | **६.२.१** सर्ड तथा यूपिआर प्रतिवेदन प्रकृयाको अनुगमन गर्ने नेपाल सरकारसँग सम्वाद र अन्तर्क्रिया गर्ने । | छलफल तथा सहभागी संख्या | आवधिक रुपमा/ निरन्तर | अध्यक्ष तथा सदस्यहरु तथा अधिकार प्रवर्द्धन तथा सशक्तीकरण शाखा प्रमुख |
| | **६.२.२** सर्ड तथा यूपिआर प्रकृयाबाट प्राप्त सुझावहरुको कार्यान्वयन अवस्थाको अनुगमन गर्ने र सरकारलाई दिने सुझाव तयार गर्ने । | अनुगमन तथा सिफारिस संख्या | निरन्तर | अध्यक्ष तथा सदस्यहरु तथा अधिकार प्रवर्द्धन तथा सशक्तीकरण शाखा प्रमुख |

| उद्देश्य /रणनीतिहरु | मुख्य कार्यक्रमहरु | सूचक | समयावधि | जिम्मेवारी |
|---|---|---|---|---|
| **रणनीति-६.३** राष्ट्रिय तथा अन्तर्राष्ट्रिय मानव अधिकारवादी तथा सरोकारकासँग समन्वय तथा पैरवी गर्ने । | **६.३.१** यूपिआर सम्बन्धि प्रकृयामा संयुक्त राष्ट्रसंघीय निकायसँग सम्वाद तथा सहकार्य गर्ने । | सम्वाद र सहकार्य संख्या | आवधिक रुपमा/निरन्तर | अध्यक्ष तथा सदस्यहरु |
| | **६.३.२** नेपाल सरकारसँग समन्वय गरी एशियन ह्युमन राईटस कमिशनसँग सम्वाद र सहकार्य गर्ने । | सम्वाद र सहकार्य संख्या | निरन्तर | अध्यक्ष तथा सदस्यहरु |
| | **६.३.३** सर्ड तथा यूपिआर प्रतिवेदन प्रकृयामा नेपाल सरकारसँग समन्वय गरी आईडिएसएन, आईसिडिआर, ग्लोवल फोरुम, एडिआरफ लगायतका दलित सम्वद्ध अन्तर्राष्ट्रिय संस्थाहरुसँग सञ्चार गर्ने तथा पृष्ठपोषण लिने । | सम्वाद र सहकार्य संख्या | आवधिक रुपमा/निरन्तर | अध्यक्ष तथा सदस्यहरु |
| | **६.३.३** आईसर्ड समिति तथा यसका र्‍यापोर्टियरसँग सम्वाद तथा सञ्चार गर्ने । | सम्वाद तथा सञ्चार संख्या | आवधिक रुपमा/निरन्तर | अध्यक्ष तथा सदस्यहरु तथा अधिकार प्रवर्द्धन तथा सशक्तीकरण शाखा प्रमुख |
| | **६.३.४** संयुक्त राष्ट्रसंघ सम्बन्धित निकायहरुसँग आर्थिक र प्राविधिक सहकार्य खोज्ने । | सहकार्य संख्या | आवधिक रुपमा/निरन्तर | अध्यक्ष तथा सदस्यहरु तथा अधिकार प्रवर्द्धन तथा सशक्तीकरण शाखा प्रमुख |